काठमाडौं, विराटनगर, बुटवल र कोहलपुरबाट एकसाथ प्रकाशित

# नयाँ पत्रिका

काठमाडौं संस्करण

२५ जेठ २०७४, बिहीबार | वर्ष ११, अंक ५५ | नेपाल संवत् ११३७ | NAYA PATRIKA NATIONAL DAILY www.enayapatrika.com | 8 June 2017, Thursday | पृष्ठ १२+४ मूल्य रु. १०/-



८ मधेसपुत्री आसियाको राजधानी राजनीति
राजधानीमा वडा सदस्यमा निर्वाचित आसियाकुमारी ठाकुरको संघर्ष र अबका योजना



७ के कारण आउँछ ज्वरो ?
ज्वरो आउने अवस्था र ज्वरो आएपछि के गर्ने भन्नेबारे डा. केदारप्रसाद सुवेदीका सुझाव



४ प्रदेश नं. १ मा घोषित उम्मेदवार
दोस्रो चरणको स्थानीय निर्वाचनका लागि दलहरूद्वारा घोषित उम्मेदवारको सूची



११ ब्रिटानिया अब नेपालमै उत्पादन हुने
भारतीय चर्चित ब्रान्ड ब्रिटानियाले १ अर्बभन्दा बढी लगानीमा नेपालमा उद्योग खोल्दै

९ ओझेल परेका स्टार गायक–गायिका
एक समय पार्श्व गायनमा शिखर चुमेका, तर अहिले आझेलमा परेका बलिउडका सात गायक–गायिका



# कांग्रेसलाई ११ र माओवादीलाई ९ मन्त्रालय, बाँकी अरूलाई

## प्रधानमन्त्रीको दल कांग्रेसभित्रै असन्तुष्टि, पौडेल र सिटौला पक्षले मन्त्रीको नाम नै दिएनन्

राजनीतिक ब्युरो/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

सत्तागठबन्धन दुई दल कांग्रेस–माओवादीले ११ र ९ मन्त्रालय लिने गरी भागबन्डामा लगभग सहमति भएको छ। गठबन्धनमा सहभागी लोकतान्त्रिक फोरम, राप्रपा, नेकपा संयुक्तलगायतका साना दललाई भने बाँकी मन्त्रालय दिने सहमति दुई दलबीच छ।

कुल ३० मन्त्रालयमध्ये २४ मन्त्रालयको भागबन्डा टुंगो लगाउन बाँकी छ। मन्त्रालय भागबन्डाको टुंगो लगाउन कांग्रेसबाट विमलेन्द्र निधि, रमेश लेखक र माओवादी केन्द्रबाट कृष्णबहादुर महरा, वर्षमान पुन र जनार्दन शर्माले गृहकार्य गरिरहेका छन्।

गृहमन्त्री जनार्दन शर्माले ऊर्जा माओवादी, भौतिक पूर्वाधार तथा यातायात र सूचना तथा सञ्चार कांग्रेसले लिने विषयमा दुई दल सहमतिनजिक पुगेको जानकारी दिए। 'कांग्रेसलाई ११, माओवादीलाई ९ र बाँकी अन्य दललाई दिने गरी मन्त्रालय भागबन्डामा छलफल छ,' शर्माले नयाँ पत्रिकासँग भने, 'भौतिक र ऊर्जा दुई

» पृष्ठ २ मा क्रमशः

### ■ प्रधानमन्त्रीमा देउवाको शपथ

- प्रधानमन्त्रीमा निर्वाचित कांग्रेस सभापति शेरबहादुर देउवाले गोपनीयताको शपथ लिएका छन्। शीतलनिवासमा बुधबार आयोजित विशेष समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट उनले शपथ लिएका हुन्।
- प्रधानमन्त्री देउवाले तीन उपप्रधानमन्त्री र चार मन्त्रीसहितको मन्त्रिपरिषद् बनाएका छन्। कांग्रेसबाट उपप्रधानमन्त्रीसहित शिक्षामन्त्रीमा गोपालमान श्रेष्ठ, माओवादी केन्द्रबाट उपप्रधानमन्त्रीसहित परराष्ट्रमन्त्रीमा कृष्णबहादुर महरा र लोकतान्त्रिक फोरमबाट उपप्रधानमन्त्रीसहित स्थानीय विकासमन्त्रीमा

» पृष्ठ २ मा क्रमशः



तस्बिर : सतिश पोखरेल

### ८ सदस्यीय मन्त्रिपरिषद्

- विजय गच्छदार (उपप्रधानमन्त्री तथा स्थानीय विकास)
- कृष्णबहादुर महरा (उपप्रधानमन्त्री तथा परराष्ट्र)
- गोपालमान श्रेष्ठ (उपप्रधानमन्त्री तथा शिक्षा)
- जनार्दन शर्मा (गृह) • ज्ञानेन्द्रबहादुर कार्की (अर्थ)
- फरमुल्लाह मन्सुर (श्रम) • प्रभु साह (विनाविभागीय)

### चुनावअघि नै अर्को चरण विस्तार

सत्तासाझेदार माओवादीले स्थानीय तहको दोस्रो चरणको निर्वाचन अगावै सरकारमा आफ्नोतर्फबाट थप मन्त्रीहरू पठाउन चाहेको छ। माओवादीले निर्वाचनअघि नै सरकारमा पार्टीका मन्त्रीहरू पठाउँदा तराई मधेस, ७ नम्बर प्रदेशलगायतमा राम्रो सन्देश जाने भन्दै प्रधानमन्त्रीसँग त्यहीअनुसार छलफल चलाएको छ।

### गच्छदारको १३औँ सत्तारोहण



लोकतान्त्रिक फोरमका अध्यक्ष विजयकुमार गच्छदार १३औँ पटक मन्त्रिपरिषद्मा पुगेका छन्। बुधबार देउवा नेतृत्वको सरकारमा उनी पाँचौँपटक उपप्रधानमन्त्री बनेका हुन्। १५ पुस ०४८ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा सञ्चार राज्यमन्त्री बनेर सत्ताको यात्रा सुरु गरेका गच्छदार २६ वर्षमा १३ औँ पटक मन्त्री बनेका हुन्।

### राप्रपाले माग्यो उपप्रधानमन्त्रीसहित चार मन्त्रालय

- संसद्को चौथो दल राष्ट्रिय प्रजातन्त्र पार्टीले दलीय आकारअनुसारको प्रतिनिधित्व र हैसियत नपाए सरकारमा सहभागी नहुने चेतावनी दिएको छ। राप्रपाले उपप्रधानमन्त्रीसहित ४ मन्त्रालय मागेको छ। तर, कांग्रेसले उपप्रधानमन्त्री दिन नसकिने जनाएको छ।
- 'हामीले आकारअनुसारको प्रतिनिधित्व र हैसियत पाउनुपर्‍यो भनेका छौँ,' राप्रपाको वार्ताटोली संयोजक महामन्त्री जयन्त चन्दले भने, 'राप्रपाभन्दा सानो पार्टीले उपप्रधानमन्त्रीसहित राम्रा मन्त्रालय पाउने, तर हामीलाई उपप्रधानमन्त्री पनि नदिने, राम्रा मन्त्रालय पनि नदिने अनि कसरी सरकारमा सहभागी हुने ?'

### देउवाका दुई निर्णय

**पहिलो निर्णय- अन्तरप्रदेश सचिवालय :** संविधानको धारा २३४ अनुसार अन्तरप्रदेश परिषद्को सचिवालय स्थापना गरिएको छ। संविधानमा संघ र प्रदेशबीच तथा प्रदेश र प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्को व्यवस्था गरेको छ। परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यहरूमा गृह र अर्थमन्त्री तथा सम्बन्धित प्रदेशका मुख्यमन्त्री रहनेछन्।

**दोस्रो निर्णय- सदाचार नीति बनाउने :** जनप्रतिनिधि र कर्मचारीलाई नैतिकवान र सदाचारी बनाउन राष्ट्रिय सदाचार नीति बनाउने गृहकार्य अघि बढाइएको छ। सो नीति बनाउन आवश्यक सुझाबसहितको पृष्ठपोषण उपलब्ध गराउन सरकारका केन्द्रीय निकायलाई निर्देशन दिने निर्णय प्रधानमन्त्री देउवाले गरेका छन्।

### ■ मन्त्रालय किटान गरेपछि मात्र पौडेल पक्षले नाम दिने



प्रधानमन्त्री देउवाले शपथ कार्यक्रमअघि नै नेता रामचन्द्र पौडेल पक्षसँग मन्त्रीका लागि नाम मागेका थिए। आवश्यक सल्लाह नगरेको भन्दै पौडेल पक्षले नाम नपठाउने र शपथमा भाग नलिने चेतावनी दिएको थियो। मन्त्रालय नतोकी नाम मागेको भन्दै पौडेल पक्षले सोमबार र मंगलबार भेला गरेर नाम नपठाउने निर्णय गरेको थियो। देउवाले गलत सन्देश जाने भन्दै नाम नपठाए पनि शपथमा आउन आग्रह गरेका थिए। देउवाको आग्रहपछि नेता पौडेल र महामन्त्री डा. शशांक कोइराला शपथ समारोहमा पुगेको स्रोतले बतायो। 'छलफल भएन भनेर साथीहरूमा असन्तुष्टि देखिएको हो। अब सभापतिले मिलाउँछु भन्नुभएको छ,' कोइरालाले भने, 'मन्त्रालय तोकेर बोलाएपछि हामी बिहीबार नै तीन मन्त्री पठाउँछौँ।'

### भीमसेनदासलाई विनाविभागीय बनाउन खोज्दा मानेनन् सिटौलाले

नेता कृष्णप्रसाद सिटौला पक्षले भीमसेनदास प्रधानलाई शिक्षा मन्त्रालय दिन देउवालाई आग्रह गरेको थियो। तर, देउवाले तत्काल मन्त्रालय नतोकी विनाविभागीयमा बस्न भनेपछि सिटौला पक्ष असन्तुष्ट भएको छ। देउवाको भनाइपछि सिटौला पक्षले तत्काल नजाने निर्णय लिएको छ।

# म्यानमारमा सेनाको जहाज दुर्घटना

## १०६ यात्रु सवार जहाजको भग्नावशेष आन्डमन सागरमा फेला



एजेन्सी
यांगुन, २४ जेठ

एक सयभन्दा बढी यात्रु बोकेको म्यानमार सेनाको हराइरहेको विमानको भग्नावशेष आन्डमन सागरमा फेलापरेको छ। बुधबार दिउँसो म्यानमारको दक्षिणी सहर मिइकबाट यांगुनका लागि उडेको वाई–८ एफ–२०० विमान दिउँसो एक बजेर ३५ मिनेट जाँदा आन्डमन सागरमाथि पुगेपछि सम्पर्कविहीन भएको थियो। विमानमा १ सयभन्दा बढी सैनिक र उनीहरूका परिवार सवार थिए। ट्राफिक कन्ट्रोलरसँग विच्छेद भएपछि नौसेनाका जहाजले विमान खोजी गरेका थिए।

'दक्षिणी मिइकबाट १३६ माइलको दूरीमा रहेको समुद्रमा नौसेनाले दुर्घटनाग्रस्त विमानका टुक्राहरू फेलापारेका छन्,' मिइक सहरका पर्यटन व्यवसायी

» पृष्ठ २ मा क्रमशः

# ग्रामीण क्षेत्रमा दुई वर्ष निःशुल्क इन्टरनेट



देशैभरका शैक्षिक तथा स्वास्थ्य संस्था र सबै स्थानीय तहका कार्यालयमा निःशुल्क ब्रोडब्यान्ड इन्टरनेट

कृष्ण रिजाल/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

सरकारले ग्रामीण क्षेत्रमा निःशुल्क इन्टरनेट सेवा दिने कार्यक्रम अघि बढाएको छ। दूरसञ्चार प्राधिकरणले आगामी आर्थिक वर्षभित्र ग्रामीण क्षेत्रका सरकारी तथा सामुदायिक

» पृष्ठ २ मा क्रमशः

### दुई वर्षपछि शुल्क लिइने

इन्टरनेटको प्रयोग तथा ई–गभर्नेन्सलाई प्रवर्द्धन गर्न दुई वर्षसम्म कम्तीमा ५१२ केबिपिएस गतिको इन्टरनेट निःशुल्क दिइने प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले बताए। कोषको रकम सेवा प्रदायकलाई अनुदान दिएर निःशुल्क इन्टरनेट दिइने भएको हो। दुई वर्षपछि भने निश्चित शुल्क लिइनेछ। 'दुई वर्षसम्म निःशुल्क दिने गरी कार्यविधि बनाइएको छ,' अर्यालले भने, 'सोहीअनुसार सेवाप्रदायकसँग सम्झौता भइरहेको छ।'

### १९ जिल्लामा अघि बढ्यो

भूकम्प प्रभावित ११ जिल्ला र मध्य–पश्चिमका हिमाली र पहाडी ८ जिल्लामा निःशुल्क ब्रोडब्यान्ड इन्टरनेट पुर्‍याउने काम अघि बढाइएको छ। भूकम्प प्रभावित जिल्लामा सुबिसु, नेपाल टेलिकम र मर्कन्टायलले इन्टरनेट पुर्‍याउने जिम्मा पाएका छन्। त्यस्तै, मध्यपश्चिमका ८ जिल्लामा ब्रोडब्यान्ड पुर्‍याउन प्रस्तावना माग गरिसकिएको छ। अब अन्य जिल्लामा समेत ब्रोडब्यान्ड पुर्‍याउन टेन्डर गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए।

# पराजुली कामु प्रधानन्यायाधीश



काठमाडौं/ सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश गोपालप्रसाद पराजुलीले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका छन्। प्रधानन्यायाधीश सुशीला कार्कीले उमेरहदका कारण मंगलबार अवकाश लिएपछि पराजुलीले बुधबारबाट कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका हुन्। संविधानमा प्रधानन्यायाधीशले अवकाश पाएलगत्तै वरिष्ठतम् न्यायाधीश स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था छ।

तर, प्रधानन्यायाधीशको अवकाश हुनु एक महिना पहिल्यै संवैधानिक परिषद्बाट नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्नुपर्ने व्यवस्था रहे पनि अहिलेसम्म कसैको नाम सिफारिस भएको छैन। अवकाश हुने अघिल्लो दिन प्रधानन्यायाधीश कार्कीले न्यायपरिषद्बाट एकल निर्णयमार्फत प्रधानन्यायाधीश हुन योग्यता पुगेका ६ जना न्यायाधीशको नाम संवैधानिक परिषद्मा सिफारिस गरेकी थिइन्।

कार्कीले पराजुलीसहित दीपकराज जोशी, ओमप्रकाश मिश्र, चोलेन्द्रशमशेर जबरा, देवेन्द्रगोपाल श्रेष्ठ र जगदीश शर्मा पौडेलको नाम सिफारिस गरेकी थिइन्।

# कार चढेर जर्मनी फर्किंदै राजदूत

म कार चढेर स्वदेश फर्किंदै छु, ८ हप्तामा ११ हजार किलोमिटर दूरी पार गरेर म जर्मनी पुग्नेछु : जर्मन राजदूत माथियर मायर



पर्शुराम काफ्ले/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

नेपालका लागि जर्मनीका राजदूत माथियस मायर कार्यकाल सकेर आइतबार नेपाल छाड्दै छन्। उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भिआइपी लन्जबाट हवाईजहाज चढेर होइन कार चढेर सुदूरपश्चिमको महेन्द्रनगर नाकाबाट बिदा हुनेछन्। गाडी चढेर स्वदेश फर्केका सम्भवतः उनी पहिलो राजदूत हुन्।

उनले कूटनीतिक सेवाबाट पनि अवकाश पाएका छन्। ३७ वर्ष कूटनीतिक सेवाअवधि सकेर यी कूटनीतिज्ञ शनिबार झिसमिसेमा थानकोट छाड्दै छन्। त्यो दिन लुम्बिनी बास बसेर आइतबार अपराह्न उनले महाकाली पुलबाट नेपाललाई बिदाइ गर्नेछन्। उनलाई महाकाली पुलबाट परराष्ट्र मन्त्रालयका

» पृष्ठ २ मा क्रमशः









## संक्षेपमा देश



### अख्तियारद्वारा छानबिन सुरु

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन विश्वविद्यालय सेवा आयोगले लिएको कानुन संकायको परीक्षामा अनियमितता भएको भन्दै छानबिन थालेको छ।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले कानुन संकायतर्फ १० प्राध्यापक माग गरेकामा लिखितमा १५ जनाको नाम प्रकाशित गरेको थियो। सो परीक्षामा अनियमितता भएको आरोप लगाउँदै लक्ष्मीप्रसाद खरेलले छानबिनको माग गर्दै अख्तियारमा उजुरी दिएका थिए। खरेलको उजुरीका आधारमा अख्तियारले कानुन संकायतर्फ लिइएको परीक्षाका सम्बन्धमा छानबिन थालेको हो। अख्तियारले प्रारम्भिक छानबिनका क्रममा त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट परीक्षासम्बन्धी केही सामग्री नियन्त्रणमा लिएको छ। परीक्षाका क्रममा अनियमितता र आर्थिक चलखेल भएको उजुरीका अधारमा छानबिन थालेको अख्तियारले जनाएको छ।

### कर्मचारीले गरे मन्त्रीको बिदाइ

काठमाडौं/ सामान्य प्रशासन मन्त्रालयले बुधबार सामान्य प्रशासनमन्त्री केशवकुमार बुढाथोकीको बिदाइ गरेको छ। कार्यक्रममा मन्त्री बुढाथोकीले १० महिने कार्यकालमा कर्मचारीबाट उल्लेख्य सहयोग पाएकामा प्रसन्नता व्यक्त गरे। उनले कार्यकालमा संविधानको धारा ३०२ अनुसार संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनसम्बन्धी विधेयक तर्जुमा गरी संसद्मा दर्ता गराएको, संघीय निजामती सेवा ऐनको मस्यौदा तयार गरेको, निजामती सेवासम्बन्धी समग्र नीतिको तयार गरेको, करारमा कार्यरत कर्मचारीलाई थप सुविधा दिनेलगायत काम गरेको जानकारी दिए। कार्यक्रममा प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहाल, सामान्य प्रशासन मन्त्रालयका सचिव मोहन कृष्ण सापकोटा, जीवन सेढाईलगायतले प्रशासन सुधारका लागि महत्त्वपूर्ण काम गरी कुशल अभिभावकत्व ग्रहण गरेकामा मन्त्री बुढाथोकको प्रशंसा गरेका थिए।

### प्रेमसागरले गरे एक सय ५०औँ रक्तदान

काठमाडौं/ नेपाल स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष प्रेमसागर कर्मचार्यले एक सय ५० पटक रक्तदान गरेका छन्। बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा कर्मचार्यले एक सय ५० पटक रक्तदान गरेका हुन्। सो कार्यक्रममा थाईरोड, मधुमेहसहित अन्य स्वास्थ्य समस्याको निःशुल्क परीक्षण गरिएको थियो।

कर्मचार्यले ०३६ देखि निरन्तर रक्तदान गर्दै आएका छन्। स्वास्थ्यमा असर नपर्ने गरी ३/३ महिनामा नियमित रक्तदान गर्दै आएका छन्। 'मैले आफ्नो स्वास्थ्य अवस्थालाई ख्याल गर्दै रक्तादन गर्दै आएको छु।' कर्मचार्यले भने, 'तर, मैले रक्तादन गरेकै कारण शारीरिक अस्वस्थता बेहोर्नु परेको छैन।' बुढानिलकठ युवा कल्बद्वारा आयोजित कार्यक्रममा कर्मचार्यले रक्तादन गरेका हुन्।

### निर्देशक नहुँदा छात्रवृत्ति वितरण प्रभावित

काठमाडौं/ विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिमा कार्यकारी निर्देशक नहुँदा छात्रवृत्ति वितरण प्रभावित बनेको छ। कार्यालय प्रमुख अभावकै कारण  कक्षा ११  र स्नातक प्रथम वर्षमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिको नतिजा पनि आएको छैन।

कक्षा ११ का विद्यार्थीको पढाइ सकिदासम्म छात्रवृत्तिको नतिजा आउन नसकेपछि विद्यार्थी पीडित बनेका छन्। छात्रवृत्तिमा छनोट भएका विद्यार्थीलाई कोषले स्नातकका लागि १८ हजार र कक्षा ११ का लागि १४ हजार रुपैयाँ प्रतिवर्ष उपलब्ध गराउँदै आएको छ। कोषले उच्च शिक्षा सुधार परियोजनाअन्तर्गत कक्षा ११ का पाँच सय र स्नातकका २५ सय विद्यार्थीलाई वित्तीय सहयोग गर्दै आएको छ। स्नातक तहमा कुल २५ सयले वित्तीय सहयोग प्राप्त गर्नेमा एक हजारले मात्र फारम भरेका छन्।

कोषको पदेन अध्यक्ष विश्वविद्यालय अनुदान आयोग (युजिसी)का अध्यक्ष रहने व्यवस्था छ। युजिसीका अध्यक्ष प्रा. पराशर कोइरालाले स्थानीय निर्वाचनलगायत कार णले कार्यकारी निर्देशक सिफारिसमा ढिलाइ भएको बताए। अध्यक्ष कोइरालाले अहिले आयोगबाट मन्त्रालयमा नाम सिफारिस भइसकेको र छिट्टै नियुक्त हुने आशा व्यक्त गरे। कोषको कार्यकारी निर्देशकका लागि तीन जनाको नाम छनोट भएको छ। तीमध्ये एकजनालाई मन्त्रिपरिषद्बाट कार्यकारी निर्देशकमा छनोट हुनेछन्।



नवनियुक्त परराष्ट्रमन्त्री कृष्णबहादुर महरालाई स्वागत गर्न लामबद्ध मन्त्रालयका सचिव तथा अन्य कर्मचारीहरू।
तस्बिर : रासस

# 'कामका आधारमा सरकारको समर्थन र विरोध'

नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

प्रमुख विपक्षी दल एमालेले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारलाई कामका आधारमा समर्थन र विरोध गर्ने जनाएको छ। प्रधानमन्त्री देउवाले बुधबार शपथग्रहण र पदभार सम्हालेलगत्तै एमालेले सरकारलाई हेर्ने पार्टीको नीति प्रस्ट्याएको हो। 'हामी कुनै आग्रह पाल्दैनौँ, उहाँलाई केही समय दिन चाहन्छौँ, पर्ख र हेरको नीतिअनुसार चल्छौँ, तत्कालै पूर्ण समर्थन या विरोध गर्ने भन्ने हुँदैन,' एमाले वरिष्ठ नेता माधवकुमार नेपालले बुधबार प्रेस चौतारीद्वारा आयोजित अन्तरसम्वादमा भने, 'सरकारले गर्ने काम, गुण र दोषका आधारमा समर्थन वा विरोध गर्ने नीति अख्तियार गर्छौं।'



संविधान संशोधन गर्ने खोजे विरोध

प्रमुख तीन दलबीच १४ असारको स्थानीय निर्वाचनअघि संविधान संशोधन र स्थानीय तह बढाउने विषयमा छलफल नगर्ने सहमति भइसकेकाले त्यसलाई ब्यूँताउन खोजे मान्य नहुने एमालेले जनाएको छ। 'देउवाजीले एमालेसँग परामर्श गरेर चल्नुपर्छ, दोस्रो चरणको चुनावअघि नै सर्वस्विकार्यताका नाममा संविधान संशोधन प्रक्रिया अघि बढाउने, स्थानीय तहको संख्या थप्न खोजे हामीलाई मान्य हुँदैन,' नेता नेपालले भने,'एमालेलाई माइनस गर्ने कुनै पनि कुरा स्विकार्य छैन। उहाँ शान्तिपूर्ण, निष्पक्ष ढंगले तिनै तहको निर्वाचन गर्ने सहमति र प्रतिबद्धताअनुसार चल्नुपर्छ।'

### सहमति र समझदारीको अपेक्षा

कार्यक्रममा नेता नेपालले आगामी ७ माघसम्म प्रधानमन्त्री देउवा राजीतिक विषयबाहेक सबै क्षेत्रका नीतिगत विषयमा सहमति र समझदारीसहित अघि बढ्ने एमालेले अपेक्षा गरेको बताए। 'उहाँले ७ महिनाको समय कसरी प्रयोग गर्नुहुन्छ। परराष्ट्र, सुरक्षा, आर्थिकलगायत सबै क्षेत्रको नीतिगत विषयमा प्रतिपक्षसँग परामर्श गरेर समझदारीसाथ अघि बढ्ने अपेक्षा गरेका छौँ,' नेपालले भने, 'त्यसका लागि हाम्रो सहयोग रहन्छ।' देउवामाथि लोकतन्त्र, सुशासन, सत्ता दुरुपयोगको मामिलामा विभिन्न आरोप लाग्दै आएकाले यसपटक त्यस्तो काम नदोहोरियोस् भन्ने एमाले चाहेको उनले बताए।

## प्रेमिकाको हत्या

काठमाडौं/ गर्भमा रहेको बच्चा फालेको विषयमा विवाद हुँदा एक युवकले प्रेमिकाको हत्या गरेका छन्। दोलखा वैतेश्वरका २४ वर्षीय प्रशान्त तामाङले २३ वर्षीया प्रेमिका सञ्चिता योञ्जन तामाङको हत्या गरेका हुन्। हत्या गरी भागेका तामाङलाई प्रहरीले डेढ महिनापछि मंगलबार पक्राउ गरेको छ। गत ८ वैशाखमा प्रशान्तले घाँटीमा सलले कसेर सञ्चिताको हत्या गरेका थिए। महानगरीय अपराध महाशाखाले दोलखा प्रहरीको सहयोगमा उनलाई पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार डेढ वर्षअघिदेखि उनीहरू प्रेम सम्बन्धमा थिए। गाउँकै एक आफन्तमार्फत उनीहरूबीच चिनजान भएको थियो। सञ्चिता गौरीघाटको हनुमान होटलमा हाउसकिपरको रूपमा काम गर्थिन् भने प्रशान्त बालुवा बोक्ने काम गर्थे। सञ्चितालाई मोबाइल किनिदिनेदेखि कोठा भाडासमेत प्रशान्तले तिरिदिन्थे।

प्रशान्त वेला–वेलामा सञ्चिताकै कोठामा बस्न पनि जान्थे। सञ्चिता गर्भवती भएकी थिइन्। असारमा बिहे गर्ने भन्दै प्रशान्तले बच्चा नफाल्न आग्रह गरेका थिए। तर, उनलाई थाहै नदिई सञ्चिताले गर्भपतन गराएकी थिइन्। 'तेरो बच्चा फालिदिएँ भनिन्, त्यही विषयमा झगडा भयो,' पक्राउ परेपछि प्रशान्तले भने 'रिसको आवेगमा घाँटी कसिदिएँ, एकछिनमा उठ्लिन भनेको उठिनन्।' राति करिब ११ बजे हत्या गरे पनि अर्को दिन बिहान ५ बजेसम्म उनकै कोठामा प्रशान्त बसेका थिए।

## कार चढेर...

पृष्ठ १ बाट क्रमशः

शिष्टाचार अधिकृत, स्थानीय प्रमुख जिल्ला अधिकारीसहित सरकारी अधिकारीले बिदाइ गर्नेछन्।

'म जहाज चढेर होइन गाडी चढेर स्वदेश फर्किंदै छु,' राजदूत मायरले बुधबार जर्मन दूतावासमा कूटनीतिक संवाददातासँग भने, 'करिब ११ हजार किलोमिटर दूरी पर्दोरहेछ, सातदेखि आठ हप्तामा स्वदेश पुग्छु।' जर्मनीको ह्याम्बर्गका स्थायी बासिन्दा रहेका उनले आफूजस्तै एकजना अवकाशप्राप्त जर्मनलाई साथमा लिँदै छन्। 'कहिले म हाँक्छु, कहिले उनले हाँक्नेछन्,'  राजदूतले भने। कार्यकाल समाप्तिसँगै ज्ञानेश्वरस्थित निवास छाडेर होटेल बसेका पाका कूटनीतिज्ञले  भने, 'शनिबार बिहानै काठमाडौंबाट गाडीमा लुम्बिनी जान्छौँ, त्यहाँ बसेर भोलिपल्ट भारत पुग्नेछु। यो मेरो जीवनको रोमाञ्चक यात्रा हुनेछ।'

उनी भारतको अमृतसर हुँदै बागा बोर्डरबाट सोमबार पाकिस्तान प्रवेश गर्नेछन्। पाकिस्तानको बलुचिस्तान हुँदै उनी इरान, टर्की, ग्रिस, आर्मेनिया, जर्जिया, इटली, स्विट्जरल्यान्ड भएर जर्मनी पुग्नेछन्। बलुचिस्तानमा पाकिस्तानी सेनाले स्कर्टिङ गरेर उनलाई इरानको सीमा पुर्‍याउनेछ। इरानलगायतका अन्य देशमा उनले युनेस्कोको विश्वसम्पदा सूचीमा परेका सम्पदाको अध्ययन गर्ने योजना बनाएका छन्।

'गाडीबाट सवार गर्ने मेरो रुचि हो, मलाई रोडबाट जर्मनी जान कत्ति पनि डर छैन,' उनले सुनाए, 'मलाई गाडीमा सवार गर्न कत्ति पनि डर लाग्दैन, सायद अर्को जुनीमा म ड्राइभर पो हुन्छु कि।' उनले ठट्टा गरे, 'मैले अवकाश पाइसकँ, सरकारी नियम मलाई लागू हुँदैन। सरकारले मेरो जोखिमको ख्याल पनि गर्नुपर्दैन।'

उनले तिब्बत भएर  रुस, उज्वेकिस्तान, ताजकिस्तान हुँदै फर्किने रुट पनि तय गरेका थिए। 'तर, तिब्बत हुँदै जान अड्चन महसुस भयो र अहिले भारत  भएर जाँदै छु,' उनले भने, 'जिन्दगी सधैँका लागि होइन। एकपटक यो यात्रा गरौँ न त भन्ने लाग्यो। मलाई युनेस्कोको संरक्षणमा रहेका सम्पदाहरू हेर्दै फर्किने मन छ।' इरानका पुरातात्त्विक सम्पदा हेर्ने रहर उनलाई रहेछ।

०७१ भदौ १९ गते ओहोदाको प्रमाणपत्र बुझाएर काठमाडौंमा राजदूतको कार्यभार सम्हालेका राजदूतले यसअघि जर्मनीबाट मध्यएसिया हुँदै तासकन्दसम्म गाडीबाटै सवार गरिसकेका रहेछन्। उनी पहिलोपटक सन् १९७९ मा भारतको मुम्बई हुँदै गाडी चढेर काठमाडौं आएका थिए।

'मपछि नेपाल आउने राजदूतलाई पनि गाडीमै आउन र फर्किन सल्लाह दिनेछु,' मायरले भने। बेल्जियमका लागि राजदूत रहेका  घिस्लाइन डी हुप आगामी सेप्टेम्बरमा नेपाल आउने तय भएको छ।

अवकाश पाएलगत्तै जीवनशैली शून्यतामा फर्किने र समस्या हुने अवस्थालाई कारयात्राले टार्ने उनको बुझाइ छ। 'आठ हप्तापछि म जर्मनी पुग्दा अवकाशपछिको म बाहिर घुलमिल भइसकेको हुनेछु, त्यसपछि मलाई जिउन थप सहज हुनेछ,' मायरले भने।

### भारत र चीनको चर्चा

कार्यकाल सकेका राजदूत मायरले चीन र भारतबाट नेपालले फाइदा लिनुपर्ने बताए। 'भारतसँग साझा परियोजनामा काम गर्नुस्, चीनसँग पनि मिलेर काम गर्नुस्,' राजदूत मायरले भने। जर्मनीले नेपाललाई सरकारमार्फत ३ करोड ८० लाख युरो र निजी स्तरमा ११ करोड ६० लाख युरो सहयोग गरेको बताए। 'दाताहरूले सहयोग दिए पनि कार्यान्वयन गर्नका लागि यहाँको प्रशासनिक प्रक्रियामा ढिलासुस्ती बाधक बनेको मैले अनुभव गरेँ,' मायरको टिप्पणी थियो।

### एसियाको उत्कृष्ट संविधान

नेपालको संविधानप्रति असन्तुष्टि जनाएको युरोपियन युनियनको महत्त्वपूर्ण साझेदार जर्मनीका राजदूतले संविधान एसियाको सबैभन्दा प्रगतिशील संविधानको संज्ञा दिए। 'यो अन्य एसियाली मुलुकहरूको भन्दा उत्कृष्ट र प्रगतिशील संविधान हो,' उनले जाँदाजाँदै सुनाए, 'निर्वाचनमार्फत संविधान कार्यान्वयनको प्रक्रिया सुरु भएको छ। सकारात्मक परिणामसहित यसको कार्यान्वयनमा जानु राम्रो हुन्छ, अहिले नेपाल त्यही दिशातिर गएको छ।'

उनले क्रमशः संघीयताको व्यवस्थापन गर्नुपर्ने बताए। 'प्रान्तीय र संघीय निर्वाचनपछि एउटा चरण सुरु हुन्छ र संविधान कार्यान्वयनमा आउनेछ, त्यसपछि सबै विषय व्यवस्थित हुनेछन्,' उनले भने। उनले काठमाडौंको ट्राफिक जाम र प्रदूषण पनि हटाउनुपर्नेमा जोड दिए।

## कांग्रेसलाई...

पृष्ठ १ बाट क्रमशः

दलले बाँडेर लिने करिब सहमति छ। भौतिक कांग्रेस र ऊर्जा माओवादीको भागमा पर्ने सम्भावना छ।'

कांग्रेस–माओवादीबीच ६ मन्त्रालयको भागबन्डा टुंगिएर मन्त्रीसमेत नियुक्त भएका छन्। कांग्रेसले अर्थ, शिक्षा र श्रम तथा माओवादी केन्द्रले परराष्ट्र, गृह, लोकतान्त्रिक फोरमले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जिम्मेवारी पाइसकेका छन्। माओवादी कोटाका मन्त्री प्रभु साहको मन्त्रालय टुंगो नलाग्दा उनले विनाविभागीयमन्त्रीका रूपमा सपथ लिएका छन्।

लोकतान्त्रिक फोरम र राप्रपालाई यसअघिको सरकारमा सम्हाल्दै आएका मन्त्रालयको जिम्मेवारी दिने गरी प्रधानमन्त्रीले छलफल चलाएका छन्। राप्रपा र राजपा सरकारमा आउने–नआउने टुंगो लागेपछि कांग्रेस र माओवादी केन्द्रले लिने मन्त्रालयको संख्या थपघट गर्न सकिने विकल्प दुई दलले खुला राखेका छन्। राप्रपामा सरकारमा जाने विषयमा विवाद छ भने राजपाले पनि संविधान संशोधनअघि सरकारमा जाने–नजानेबारे निर्णय गरेको छैन।

मन्त्रालय भागबन्डाको विषय बिहीबार टुंग्याउने दुवै दलको तयारी छ। शिक्षा र स्वाथ्य, भौतिक र ऊर्जा, कानुन र सामान्य प्रशासन, वाणिज्य र आपूर्तिजस ता मन्त्रालय एक–एक गरी भागबन्डा लगाउनेमा दुई दलबीच छलफल चलेको छ। शिक्षा कांग्रेसले लिएकाले स्वास्थ्यमा माओवादीको दाबी छ। वाणिज्य कांग्रेस र आपूर्ति माओवादीले लिने गरी छलफल चलिरहेको स्रोतको भनाइ छ।

### देउवा–प्रचण्ड छलफल

प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच बुधबार मन्त्रालय भागबन्डा, सरकार सञ्चालन र स्थानीय तहको दोस्रो निर्वाचन गराउने विषयमा छलफल भएको छ। शपथग्रहण, पदभार ग्रहण, मन्त्रिपरिषद् बैठक सकेर प्रधानमन्त्री देउवा प्रचण्डलाई भेट्न उनकै निजी निवास

## प्रधानमन्त्रीमा...

पृष्ठ १ बाट क्रमशः

विजयकुमार गच्छदारले राष्ट्रपतिबाट शपथ लिएका छन्। त्यस्तै, कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीलाई अर्थ र फरमुल्लाह मन्सुरलाई श्रम तथा रोजगारमन्त्रीको जिम्मेवारी दिइएको छ। माओवादीबाट जनार्दन शर्मा गृह र प्रभु साहले विनाविभागीयमन्त्री नियुक्त भएका छन्।

सपथलगत्तै प्रधानमन्त्री देउवाले सहिदगेट र लैनचौर पुगेर सहिद स्तम्भमा पुष्पगुच्छा चढाए। त्यसपछि उनले कांग्रेस केन्द्रीय कार्यालय पुगेर स्वर्गिय नेताहरू बिपी कोइराला, सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको फोटोमा माल्यार्पण गरेका थिए। त्यसलगत्तै उनी सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा पुगेर जिम्मेवारी सम्हालेका थिए।

### कांग्रेसबाट यसकारण छानिए श्रेष्ठ, कार्की र मन्सुर

पार्टीमा उपसभापतिका दाबेदार थिए गोपालमान श्रेष्ठ। सभापति देउवाले भने विमलेन्द्र निधिलाई उपसभापति बनाउन खोजेका थिए। निधिलाई पार्टीको जिम्मेवारी दिन सहज हुने बुझाइमा देउवाले श्रेष्ठलाई उपप्रधानमन्त्री बनाएका हुन्। तर, श्रेष्ठले भौतिक पूर्वाधार तथा यातायाता मन्त्रालयको जिम्मेवारी मागे पनि देउवाले उनलाई शपथको केहीअघि मात्र शिक्षा मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेका थिए।

कांग्रेसभित्र अर्थमन्त्रीमा नेता महेश आचार्यको पनि चर्चा थियो। पौडेल पक्षले मानेमा आचार्यलाई सञ्चारमन्त्री बनाउने तयारी देउवाको रहेको स्रोतको भनाइ छ। देउवाले राजनीतिशास्त्रमा स्नातकोत्तर ज्ञानेन्द्रबहादुर कार्कीलाई अर्थमन्त्री बनाएका छन्। उनी पार्टी महामन्त्रीको दाबेदार थिए। उनले अर्थमन्त्रीभन्दा महामन्त्री नै बनाउन अन्तिमसम्म पनि देउवालाई दबाब दिएको स्रोतको भनाइ छ। पूर्णबहादुर खड्कालाई महामन्त्री बनाउन सहजताका लागि देउवाले कार्कीलाई सरकारमा लगेको कांग्रेस नेताहरूको दाबी छ।

श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मन्सुर १३औँ महाधिवेशनमा देउवाको पक्षमा लागेका थिए। मुस्लिम समुदाय र तराईबाट प्रतिनिधित्व गर्ने उनलाई मन्त्री बनाउँदा विवाद नहुने र क्षेत्रीय सन्तुलन पनि हुने विश्वास देउवाको छ। खाडी मुलुकमा लाखौँ नेपाली रोजगारीमा गएकाले मुस्लिम नेता नै मन्त्री बन्दा कामदारको हितमा काम गर्न सहज हुने बुझाइ पनि देउवाको छ।

तस्बिर : अमुल थापा/नयाँ पत्रिका



## शपथमा जे देखियो

### दुई मिनेट ढिलो शपथ

साइत हेराएर एक बजेर ५७ मिनेटमा प्रधानमन्त्री देउवाले पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम तय भएको थियो। तर, दुई मिनेटपछि मात्र शपथको कार्यक्रम सुरु भयो। देउवाले शपथ लिँदा भने दुई बजेर एक मिनेट गइसकेको थियो।

### हडबडमा देउवा, माइकले काम गरेन

शपथग्रहण गर्न उभिएपछि देउवा हडबडाएका थिए। बारम्बार चस्मा मिलाउने, दौराको फेरो मिलाउने, नाक सुम्सुम्याउने गरेका थिए। शपथका क्रममा पनि राष्ट्रपतिले भनेकोभन्दा पटक–पटक एक लाइन अगाडि पढेका थिए। राष्ट्रपतिले संकेत गरेपछि सच्याउँदै राष्ट्रपतिले भनेको लाइन पुनः दोहोर्‍याएका थिए। शपथका वेला वाइरलेस माइकले काम नगर्दा पुनः अर्को माइक ल्याएर शपथ सुरु गरिएको थियो।

### बधाई दिन आएका ओलीको हात जब देउवाले उठाए

संसद्मा मंगलबार सभामुखले देउवा निर्वाचित भएको सूचना घोषणा गर्नु तीन मिनेटअघि नै बाहिरिएका एमाले अध्यक्ष केपी ओली बुधबार शपथग्रहण कार्यक्रममा ढिलो गरी पुगेका थिए। देउवाले शपथ लिएपछि ओलीले हात मिलाएर बधाई दिए। हात मिलाउने क्रममा देउवाले ओलीको हात समाएरै उठाए। एकैछिनपछि ओलीले बधाईका लागि आफूपछिका नेतालाई पालो दिएका थिए।

### आरजुको नमस्कार

प्रधानमन्त्रीपत्नी एवं कांग्रेस सांसद आरजु देउवाले पनि लाइन लागेरै बधाई दिइन्। अरूले जस्तै हाँस्दै आरजुले देउवालाई नमस्कारसहित बधाई दिएकी थिइन्।

### बधाई दिनेको ओइरो

शीतलनिवासमा शपथ लिएलगत्तै प्रधानमन्त्री देउवालाई बधाई दिनेको ओइरो थियो। प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीको शपथ सकिएपछि पूर्वप्रधानमन्त्री, मन्त्री, कूटनीतिक नियोगका प्रतिनिधि, दलका नेता, कर्मचारी, सुरक्षा निकायका प्रमुख, शुभेच्छुकले देउवालाई बधाई दिएका थिए। लाइन लागेकाले बधाई दिँदा झन्डै २० मिनेट लागेको थियो।

## म्यानमारमा...

पृष्ठ १ बाट क्रमशः

नेइङ लिन जाले बताए। नौसेनाले समुद्रमा खोजीकार्य तीव्र पारेको पनि उनले बताए। विमानभित्र कति यात्रु थिए भन्ने यकिन तथ्यांक सार्वजनिक भइसकेको छैन। म्यानमारको कमान्डर इन चिफको कार्यालयका अनुसार विमानभित्र चालक दलका १४ सदस्यसहित १०६ यात्रु थिए। यात्रुमध्ये अधिकांश सिपाही र उनीहरूका परिवार थिए। उनीहरूमध्ये एक दर्जनभन्दा बढी बालबालिका थिए।

बेपत्ता विमानको खोजीका लागि चारवटा जलसेनाका र दुईवटा हवाई फोर्सका विमान परिचालन गरिएको थियो। म्यानमारमा अहिले वर्षात् मौसम सुरु भइसकेको छ। तर, दुर्घटनाको समयमा आकाशमा कुनै खराब मौसम नदेखिएको बताइएको छ। 'विमानमा प्राविधिक समस्या आएको हुनुपर्छ, विमान उडेको आकाशमा मौसम सफा थियो,' विमानस्थल स्रोतको भनाइ उद्धृत गर्दै एएफपीले जनाएको छ। चीनमा निर्मित सो विमानलाई म्यानमारको सेनाको सामान ओसारपसारका लागि प्रयोग गर्थ्यो। सो विमान सेनाले गत वर्षको मार्चमा किनेको थियो।

## ग्रामीण क्षेत्रमा...

पृष्ठ १ बाट क्रमशः

शैक्षिक संस्था, स्वास्थ्य संस्था र वडा, गाउँपालिका तथा नगरपालिका कार्यालयमा निःशुल्क इन्टरनेट सेवा पुर्‍याउने भएको हो। यसका लागि टेन्डर, सेवाप्रदायक छनोट र सम्झौता कार्यलाई तीव्रता दिइएको प्राधिकरणका निर्देशक आनन्दराज खनालले बताए। ग्रामीण क्षेत्रमा इन्टरनेट पुगेको दुई वर्षसम्म निःशुल्क सेवा दिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको रकम परिचालन गर्दै आगामी आर्थिक वर्षभित्र निःशुल्क इन्टरनेट दिने कार्ययोजना अघि बढाएको हो। सरकारले चालू आवको बजेटमार्फत भूकम्प अति प्रभावित जिल्ला र दुर्गम क्षेत्रमा निःशुल्क इन्टरनेट पुर्‍याउने घोषणा गरेको थियो। सोही कार्यक्रमअनुसार प्राधिकरणले सेवा प्रदायकमार्फत पूर्वाधार स्थापना तथा नेटवर्क विस्तारलाई अघि बढाएको उनले बताए। 'कोषको रकम पनि ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासकै लागि खर्च गर्नुपर्ने प्रावधान रहेको छ,' उनले भने, 'सोहीअनुसार प्राधिकरणले देशैभरका ग्रामीण क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेट पुर्‍याउने कार्य अघि बढाएको हो।'

### कहाँ–कहाँ निःशुल्क इन्टरनेट

दूरसञ्चार ऐन तथा ग्रामीण दूरसञ्चार विकास कोष विनियमावली २०६८' अनुसार प्रत्येक दूरसञ्चार कम्पनीबाट कोषमा प्राप्त हुने रकम ग्रामीण क्षेत्रको दूरसञ्चार विकासमा खर्च गर्नुपर्ने हुन्छ। सोहीअनुसार कोषको रकम परिचालन गरी देशैभरका ग्रामीण क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेट पुर्‍याइने भएको हो। मुलुकभरका वडा कार्यालय, गाउँपालिका कार्यालय, सरकारी तथा सामुदायिक शैक्षिक संस्था र स्वास्थ्य संस्थामा इन्टरनेट सेवा पुर्‍याइने उनले बताए।

### छुट्टाछुट्टै १५ प्याकेजको परियोजना

ग्रामीण क्षेत्रमा ब्रोडब्यान्ड इन्टरनेट पुर्‍याउन प्राधिकरणले छुट्टाछुट्टै तीनवटा परियोजना तथा १५ प्याकेज अघि बढाएको छ। जसअनुसार प्राधिकरणले सरकारी शैक्षिक संस्थामा ब्रोडब्यान्ड, स्थानीय तहमा ब्रोडब्यान्ड र भूकम्प प्रभावित जिल्लामा ब्रोडब्यान्ड पुर्‍याउने गरी तीन कार्यक्रम अघि बढाएको हो। यस्ता कार्यक्रमका लागि प्राधिकरणले चालू आर्थिक वर्षमा कोषको १ अर्ब ४८ करोड रुपैयाँ बजेट परिचालन गर्ने लक्ष्य लिएको छ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय

**जिल्ला आयोजना कार्यान्वयन इकाई ललितपूर**
**बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४/०२/२५

यस आयोजना वाट मिति २०७३/१०/१९ गते नयाँ पत्रिकामा बोलपत्र आव्हान सम्वन्धी सूचना प्रकाशित भएकोमा सोहि सूचना बमोजिम रित पूर्वक दाखिला हुन आएका बोलपत्रहरु प्राविधिक तथा आर्थिक प्रस्ताव समेत मूल्याङन भै सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिम बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना  सार्वजनिक खरिद ऐन २०६३ को नियम २७ (२) प्रयोजनार्थ सम्वन्धीत बोलपत्रदातालाई  जानकारीका  लागि  सूचना प्रकाशित गरिएको छ।

तपसिल

| बोलपत्र नम्वर | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक रु मू.अ.कर बाहेक |
|---|---|---|---|
| NCB DLPIU 073/074-7 | Construction of office Building For Juddha barun Yantra Karyalaya Pulchock, Lalitpur | Tulshibhakta / PR J.V | रु.४,९८,३०,०००/१४ |

**टेवा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हातीवन टेवा चोक, ल.पु.म.न.पा.-२३, ललितपुर
फोन नं. ०१-५२५०७४२/५२५०२१०

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७४ ज्येष्ठ २५ गते, बिहीबार ।

यस संस्थाको लागि निम्न बमोजिमको करारमा कर्मचारी आवश्यकता परेको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो एक प्रति पासपोर्ट साईजको फोटो, बायोडाटा, नागरिकता, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी सहित दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | पद | आवश्यक संख्या | शैक्षिक योग्यता | उमेर | ग्राहियता | सेवा सुविधा |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहायक तृतीय | १ जना पुरुष | व्यवस्थापन संकायमा १०+२ उत्तीर्ण । | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । | – सहकारी तथा वित्तिय क्षेत्रमा कम्तिमा २ वर्षको अनुभवीलाई प्राथमिकता<br>– दुई पाङ्ग्रे सवारी चालक अनुमति पत्र अनिवार्य हुनुपर्नेछ । | संस्थाको नियम अनुसार |

- आवेदन आईपुग्नु पर्ने अन्तिम मिति २०७४ साल ज्येष्ठ ३१ गते वुधबार कार्यालय समय भित्र ।
- आवेदन शुल्क रु १००।– निर्धारण गरिएको छ ।
- परीक्षाको किसिम : मौखिक र प्रयोगात्मक
- थप जानकारीको लागि : ०१५२५०७४२/०१५२५०२१०

नोट : छोटो सूचीमा परेका उमेद्वारलाई मात्र परिक्षाका लागि सम्पर्क गारिने छ ।

नेपाल सरकार भूमिसुधार तथा व्यबस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
**मालपोत कार्यालय रौतहट गौरबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सूचना ।**

जिल्ला महोत्तरी गा.वि.स बहाईरगंज वडा नम्बर ९ हाल जिल्ला रौतहट चन्द्रपुर न.पा.वडा नं.५ बस्ने गुणराज वरालको श्रीमति जयलक्ष्मीले मेरो पती गुणराज वराल २०५६–११–१५ गते देखी घरबाट भागि लापता रहेकाले निजको नाममा दर्ता कायम रहेको गाविस चन्द्रनिगाहपुरबाट वा.न. ५ कि.न २९ को १०० जग्गाको हकवाला एक भाग पत्नि जयलक्ष्मी र ४ छोराहरु प्रकाश वराल, प्रदिप वराल, प्रशान्त प्रसाद वराल र प्रमोद कुमार वराल भएकोले छोराहरुको मन्जुरीले उक्त जग्गा मेरो नाममा नामसारी गरिपांउ भनि माग गरेकोमा सो मिसिलमा भएको आदेशानुसार यो सूचना प्रकासित गरिएको छ। तसर्थ दर्तावाला गुणराज वराल को मृत्यु भएको छ कि वाचेको छन निज घरबाट लापता भएको हो होईन? निजको लापता पछि हकवाला निवेदकहरु बाहेक अरु कोही छन् कि?मांग बमोजिम निवेदकको नाममा नामसारी गरि दिएको अरु कसैलाई कुनै किसिमले असर पर्छकी ? असर पर्ने व्यक्ति भए वा दर्तावाला वाचेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र स प्रमाण लिई यस कार्यालयमा उजुर गर्न उपस्थित हुन आउनुहोला अन्यथा नियमानुसार भई जाने छ।

# कांग्रेसले गाउँपालिकाका केही वडामा उम्मेदवार टुंग्यायो




सुरेश बिडारी/नयाँ पत्रिका
वीरगन्ज, २४ जेठ

कांग्रेसले बुधबार पर्साको सुवर्णपुर, धोबिनी र पटेर्वा सुगौली गाउँपालिकाको वडाहरूमा उम्मेदवारको टुंगो लगाएको छ। सुवर्णपुरका पाँच, धोबिनीका चार र पटेर्वा सुगौलीको एक गरी १० वडामा उम्मेदवारको टुंगो लगाएको क्षेत्र नम्बर ५ का कांग्रेसका क्षेत्रीय सचिव राकेश यादवले जानकारी दिए।

कांग्रेसले सुवर्णपुर गाउँपालिका–१ को वडाअध्यक्षमा भक्तबहादुर आले, वडा नम्बर ३ को वडाध्यक्षमा केशव खड्का, वडा नम्बर ४ मा केशरबहादुर श्रेष्ठ, वडा नम्बर ६ मा शेषनुमान आजम र वडा नम्बर ७ मा मोहन चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। सुवर्णपुर गाउँपालिका वडा नम्बर २ र ५ को अध्यक्षलगायतका उम्मेदवारको टुंगो बिहीबार लगाउने क्षेत्रीय सचिव यादवले बताए। यस्तै, धोबिनी गाउँपालिका वडा नम्बर १ को अध्यक्षमा बन्धु साह तेली, वडा नम्बर २ मा राजकिशोरप्रसाद पटेल, वडा नम्बर ४ मा मजिद मियाँ अन्सारी र वडा नम्बर ५ मा कर्मुल्लाह अन्सारीलाई उम्मेदवार बनाएको छ। धोबिनी गाउँपालिका वडा नम्बर ३ मा भने वडा अध्यक्ष उम्मेदवारको टुंगो लागेको छैन।

पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर १ मा विद्यानन्द महतोलाई वडा अध्यक्षको उम्मेदवार बनाउने निर्णय कांग्रेसले गरेको छ। वडा अध्यक्षसहित १० वडाका सबै सदस्य पदमा पनि उम्मेदवार घोषणा गरेको कांग्रेसले जनाएको छ। क्षेत्रीय सभापति रमेशनाथ पाण्डेको अध्यक्षतामा बसेको बैठकमा कांग्रेसका कन्द्रीय सदस्य रमेश रिजाल, महासमिति सदस्यहरू बृहस्पतिकृष्ण श्रेष्ठ, वशिष्टनारायण कुर्मीलगायतको सहभागिता रहेको थियो।

### उम्मेदवार छान्न सकस

आकांक्षी धेरै भएपछि दलहरूलाई उम्मेदवार छान्न सकस परेको छ। पर्सामा कुनै पनि दलले पूर्ण रूपमा उम्मेदवारको टुंगो लगाइसकेका छैनन्। चर्चामा धेरै उम्मेदवारको नाम आए पनि कुनै पनि पार्टीले हालसम्म औपचारिक रूपमा उम्मेदवार अघि सारेका छैनन्। १३ वटै स्थानीय तहको उम्मेदवारको नाम सार्वजनिक हुन नसक्दा चुनावी माहोल पनि बनेको छैन। जिल्लामा ५ सय ५१ जना जनप्रतिनिधि निर्वाचनबाट चुनिन्छन्।

### केही दिन लाग्छ : कांग्रेस

कांग्रेस जिल्ला कमिटीले पर्सामा उम्मेदवारको टुंगो लगाउन अझै तीन–चार दिन लाग्ने जनाएको छ। जिल्ला सभापति अजयकुमार द्विवेदीले उम्मेदवारको आकांक्षी धेरै भएकाले टुंगो लगाउन गाह्रो भएको बताए। 'आकांक्षी धेरै छन्, एउटै पदमा चार–पाँचजनाले दाबी गरेका छन्। तालमेल हुने सम्भावना न्यून छ, वडा स्तरको उम्मेदवार टुंग्याउनमा अहिले व्यस्त छौँ। सकेसम्म सहमतिमै उम्मेदवार छनोट गरौँ भनेर लागिपरेका छौँ,' उनले भने, 'उम्मेदवार टुंग्याउन अझै तीन–चार दिन लाग्छ होला।'

### हामी हतार गर्दैनौँ : एमाले

एमाले पर्साका संयोजक प्रभु हजाराले उम्मेदवारको टुंगो लगाउन पार्टीले हतार नगरेको बताए। 'मनोनयन २ असारमा छ, अहिले नै उम्मेदवार सार्वजनिक गरेर के गर्ने ?' उनले भने, 'सबै उम्मेदवारको टुंगो लगाएपछि मात्रै नाम सार्वजनिक गर्ने तयारीमा एमाले छ।' यद्यपि, उम्मेदवार छनोटमा सबैभन्दा अगाडि एमाले नै छ। एमालेले ११ वटा गाउँपालिकामध्ये आठवटामा उम्मेदवारको टुंगो लगाइसकेको छ। उपमहानगर र नगरपालिकामा भने आकांक्षी धेरै भएकाले टुंगो लाग्न बाँकी छ।

### छनोट चरणमा छौँ : माओवादी केन्द्र

माओवादी केन्द्रका जिल्ला संयोजक विजय महतोले उम्मेदवार छनोट चरणमा पार्टी रहेको जानकारी गराए। 'कतै सर्वसम्मत उम्मेदवार आएको छ, कतै विवाद छ,' संयोजक महतोले भने, 'स्थानीयस्तरमा भएको विवादलाई जिल्लाले टुंगो लगाउने र जिल्लाले पनि नसकेको अवस्थामा प्रदेशले टुंगो लगाउने गरी रणनीति बनाएका छौँ। दुई–चार दिनमा टुंगोमा पुग्छौँ।'

### मधेसी दल पनि तयारीमा

राजपा नेपालले चुनावमा जाने औपचारिक निर्णय नगरे पनि आन्तरिक तयारीलाई भने जारी राखेका छन्। आन्दोलन परिचालन समिति गठन, पार्टी प्रवेश तथा गाउँ भेलालगायतका कार्यक्रममार्फत उनीहरूले विचारहरू जनतासमक्ष राखिरहेका छन्। पहिलो चरणको निर्वाचनमा सहभागी भएकोमा फोरम नेपालले अनौपचारिक रूपमा उम्मेदवारको टुंगो लगाइसकेको छ। वीरगन्ज महानगरपालिकाबाट फोरम नेपालले मेयरमा उद्योगी विजय सरावगीलाई उठाउने निश्चितजस्तै गरेको छ।

राजपा नेपालका नेता शिव पटेलले माग सम्बोधन भएपछि मात्रै चुनावमा जाने बताए। 'हामी त अहिले आन्दोलनमै छौँ तर स्थानीय चुनाव भएकाले आंशिक तयारी पनि गरिराखेका छौँ,' उनले भने, 'माथिबाट पार्टी नेतृत्वले जे भन्छ हामीले त्यही गर्ने हो। पार्टीले आन्दोलनमा जा भन्यो भने आन्दोलनमा जान्छौँ, चुनावमा जा भन्छ भने चुनावमा, दुवैका लागि तयार छौँ।'

नेपाल संघीय समाजवादी पार्टीले दोस्रो चरणको स्थानीय निर्वाचनका लागि पोखरिया नगरपालिकाको नगर प्रमुख तथा उपप्रमुखमा उम्मेदवार तोकिसकेको छ। पार्टीले नगर प्रमुखमा दीपनारायणप्रसाद रौनियार (मन्टु) र उपमेयरमा विन्दादेवी बैठालाई उम्मेदवार बनाउने निर्णय गरेको हो।

# भरतपुरमा भोट माग्न थाले एमाले र गठबन्धन

दीपेन्द्र अधिकारी/नयाँ पत्रिका
चितवन, २४ जेठ



बुधबार कांग्रेस–माओवादीको संयुक्त चुनाव प्रचार सामग्री टाँग्दै कार्यकर्ता। तस्बिर : नयाँ पत्रिका

भरतपुर महानगरपालिका वडा नम्बर १९ मा पुनः मतदान गर्ने/नगर्नेबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहे पनि एमाले र कांग्रेस–माओवादी गठबन्धनले चुनावी अभियान थालेका छन्। एमाले वडा कमिटीले मंगलबारदेखि नै घरदैलो अभियान सुरु गरेको छ। तीन समूह बनाएर घरदैलो अभियान सुरु गरेको एमालेले जीवनज्योति बुथका लागि जिल्ला कमिटी सचिवालय सदस्य विष्णुहरि तिवारी, शारदा उमावि बुथका लागि जिल्ला कमिटी सचिवालय सदस्य प्रकाश ढुंगाना र किरणगन्ज मावि बुथका लागि जिल्ला कमिटी सदस्य रामजी सापकोटाको नेतृत्वमा टोली परिचालन गरेको भरतपुर–१९ का इन्चार्ज बिपुला दवाडीले बताइन्।

### गठबन्धनको यस्तो छ चुनावी अभियान

कांग्रेस–माओवादी गठबन्धनबाट महानगरको मेयरकी उम्मेदवार रेणु दाहालले वडा नम्बर १९ मा पुनः घरदैलो अभियान सुरु गरेकी छन्। निर्वाचन आयोगले पुनः मतदानको निर्णय गरेपछि गठबन्धनले संयुक्त पार्टी कार्यालय स्थापना गरी चुनावी अभियान थालेका हुन्।

मेयरकी उम्मेदवार रेणु दाहालले सोमबार बिहान शारदानगर टाउन, दिउँसो बखानपुर र बेलुका नवबुद्ध टोलका मतदातासँग भेटघाट गरेकी थिइन्। मतदातासँगको भेटमा उनले मत च्यातिनु दुर्भाग्यपूर्ण भए पनि निकास दिनु बाध्यता भएको बताएकी छिन्। अभियानमा सहभागी माओवादी केन्द्रका नेता अमिक शेरचनले गठबन्धनले जित्ने भएपछि एमालेका कार्यकर्ता तर्सिएर आफूहरूविरुद्ध लागेको दाबी गरेका थिए। कांग्रेस चितवनका सभापति जितनारायण श्रेष्ठले पनि मतपत्र च्यात्नुमा एमालेको दोष रहेको आरोप लगाए। उनले गठबन्धनका उम्मेदवारलाई विजयी गराउन मतदातासँग आग्रह पनि गरे।

वडा नम्बर १९ मा कांग्रेसका सम्पूर्ण उम्मेदवारलाई माओवादी केन्द्रले सहयोग गर्ने भएको छ। वडाध्यक्षसहित सदस्य पदमा माओवादी केन्द्रले कांग्रेसलाई सहयोग गर्ने सहमति गरेका छन्। गठबन्धनका तर्फबाट प्रमुख पदकी उम्मेदवार रेणु दाहाल, उपप्रमुखकी उम्मेदवार पार्वती शाहले मतदातासँगै रहेर चुनावी अभियानमा सक्रिय हुने बताएका छन्।

# रंगेलीमा छैन निर्वाचनको रौनक



गणेश लम्साल/नयाँ पत्रिका
विराटनगर, २४ जेठ

मोरङको पुरानो सदरमुकाम रंगेलीमा अझै चुनावी लहर आउन सकेको छैन। कांग्रेससहित केही दलले उम्मेदवारको टुंगो नलगाउँदा रंगेली नगरपालिकामा चुनावी लहर आउन नसकेको हो। रंगेलीमा माओवादी केन्द्र, एमाले, संघीय समाजवादीले मात्रै उम्मेदवार टुंगो लगाएका छन्।

माओवादी केन्द्रबाट रंगेलीका मेयर उम्मेदवार दिलीप बगडिया अन्य उम्मेदवारका साथ चुनावी प्रचारप्रसारमा छन्। तर, अन्य पार्टीले उम्मेदवार टुंगो नलगाएपछि रंगेली बजार सुनसानजस्तै बनेको छ। साथै गतवर्ष भएको रंगेली घटनाको प्रभावका कारण एमालेले खुलेर चुनावी प्रचार गर्न सकेको छैन। एमालेले सन्तोष शाहलाई मेयर र उषा झालाई उपमेयरको उम्मेदवार बनाएको छ। यसैगरी संघीय समाजवादीले रंगेली घटनाका सहिद महादेव ऋषिदेवकी पत्नी सीता ऋषिदेवलाई मेयरको उम्मेदवार बनाएको जनाएको छ।

राप्रपा नेपाल र फोरक लोकतान्त्रिकले पनि रंगेलीमा मेयर र उपमेयरमा उम्मेदवारी दिने बताएका छन्। तर, उनीहरूले अझै उम्मेदवार टुंगो लगाउन सकेका छैनन्। रंगेलीमा मेयर र उपमेयरमा माओवादी केन्द्र र कांग्रेसका उम्मेदवारबीच प्रतिस्पर्धा हुने स्थानीय बताउँछन्। रंगेली घटनाले गर्दा एमालेको जनमत खस्केकाले जित सुनिश्चित गराउन निकै मिहिनेत गर्नुपर्ने रंगेलीवासी बताउँछन्।

७ माघ ०७२ मा मोरङको रंगेली नगरपालिकामा एमाले समर्थित युवा संघ र मधेसी कार्यकर्ताबीच झडप रोक्न प्रहरीले बल प्रयोग गर्दा गोली लागेर रंगेली–४ की ५८ वर्षीया द्रौपदी चौधरी, बरडंगा–२ का महादेव ऋषिदेव र डायनिया–९ का शिवु माझीको मृत्यु भएको थियो।

रंगेलीका ईश्वर पोखरेलले प्रतिस्पर्धी पार्टी कांग्रेसले उम्मेदवार टुंगो लगाउन नसक्दा चुनावको उभार आउन नसकेको बताए। उनका अनुसार सदरमुकाम विराटनगर सारिएपछि रंगेलीको विकास पछाडि परेको हो। तर, सरकारले नगरपालिका घोषणा गरेपछि रंगेली पुनः गुल्जार हुनेमा स्थानीय आशावादी छन्। १९४५ देखि १९७१ सम्म रंगेली मोरङ जिल्लाको सदरमुकाम रहेको थियो। १९७१ मा तत्कालीन राणा बडाहाकिमको तजबिजीमा सदरमुकाम विराटनगर सारिएको थियो।

# स्थानीय निर्वाचन कतै रौनक कतै सुनसान

अशोक पहाडी/नयाँ पत्रिका
रौतहट, २४ जेठ

स्थानीय निर्वाचन नजिकिँदै जाँदा रौतहटको उत्तरी भेगमा चुनावी रौनक छाएको छ भने सदरमुकाम गौरमा भने निर्वाचनको कुनै चहलपहल छैन। सदरमुकाम गौरबाट ४२ किलोमिटर उत्तरमा रहेको चन्द्रपुर नगरपालिका उम्मेदवाहरूले भोट माग्न घरदैलो र चुनावी सभा गरे पनि गौर नगरपालिकामा भने एमालेबाट नगरप्रमुखमा शम्भु साह र संघीय समाजवादी फोरमबाट गौरीशंकर यादवले मात्रै उम्मेदवारी दिएका छन्। अधिकांश दलले उम्मेदवार घोषणा नगर्दा सदरमुकाम गौरमा चुनावी माहोल नबनेको हो। उम्मेदवार घोषणा भएका साह र यादव पनि पार्टीको झन्डा र घोषणापत्रविनै प्रचारप्रचारमा हिँडेका छन्।

## मतदाता शिक्षा पनि सुरु भएन

जिल्लाको उत्तरी भेगका गाउँपालिका र नगरपालिकामा चुनावी गीत घन्काउँदै भोट माग्नेको लर्को देखिन्छ भने दक्षिणी भेगमा कहीँ–कतै चुनावी चहलपहल नदेखिएको स्थानीयको भनाइ छ। जिल्ला निर्वाचन कार्यालय रौतहटले गौर नगरपालिकामा मतदाता शिक्षालगायतका कुनै कार्यक्रमसमेत गरेको छैन। आन्दोलनरत राष्ट्रिय जनता पार्टी नेपालले निर्वाचनमा जाने/नजाने निर्णय नगर्दा पनि गौरमा चुनावी माहोल बन्न नसकेको नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष प्रेमचन्द्र झाको भनाइ छ। गौर नगरपालिकामा माओवादी केन्द्र, कांग्रेसलगायत पार्टीले उम्मेदवार तय गरेका छैनन्।

### चन्द्रपुरमा चुनावी चहलपहल

चन्द्रपुर नगरपालिकाको चोक, चौतारा, विद्युत्का खम्बामा राजनीतिक दलका चुनाव चिह्न अंकित झन्डा जताततै देखिन्छ। तर, सदरमुकाम गौरमा कुनै पनि दलको उपस्थिति नै देखिँदैन। आन्दोलनरत राजपाका केन्द्रीय सदस्य अनिल सिंह भन्छन्, 'गौरमा मधेसविरोधी केही दलले भित्रभित्रै चुनावी अभियान चलाए पनि खुलेर निर्वाचनको प्रचार गर्न सकेका छैनन्। जबसम्म मधेसको माग पूरा हुँदैन यथास्थितिमा मधेसमा हुन सक्दैन।'

# कन्काईमा माओवादीले गर्‍यो उम्मेदवार घोषणा



नयाँ पत्रिका
झापा, २४ जेठ

माओवादी केन्द्रले झापाको कन्काई नगरपालिकाका लागि प्रमुख, उपप्रमुखसहित सबै वडाका उम्मेदवारहरूको नाम सार्वजनिक गरेको छ। माओवादी केन्द्रका केन्द्रीय सचिवालय सदस्य सावित्रीकुमार काफ्ले 'समर'को आतिथ्यमा पार्टीका जिल्ला संयोजक मणिकुमार साम्पाङ 'विजय'ले सोमबार कन्काई नगरको प्रमुख, उपप्रमुख र ९ वटै वडाका उम्मेदवारको नाम घोषणा गरेका हुन्।

माओवादी केन्द्रले कन्काईको प्रमुखमा ०२८ सालको झापा विद्रोहका योद्धा गोपाल चुँडाललाई उठाएको छ। उपप्रमुखमा महिला नेतृ तथा अनेमसंघ क्रान्तिकारीकी नगर अध्यक्ष शान्ता अधिकारी झालाई टिकट दिइएको छ। यस्तै, १ नम्बर वडाको अध्यक्षमा हरिबहादुर राउत, २ नम्बरमा गम्भीरबहादुर राई 'कुमार', ३ मा भक्ति पाठक, ४ मा गोविन्द चापागाई, ५ मा प्रेम ओली, ६ मा दीर्घबहादुर थापा, ७ मा चन्द्रमान कन्दङ्बा, ८ मा तुलसीराम कालिकोटे र ९ नम्बर वडाध्यक्षमा अजित कायस्थलाई माओवादी केन्द्रले उम्मेदवार बनाएको छ।

# दाजुभाइको एकै पदमा उम्मेदवारी

केशवप्रसाद भट्टराई/नयाँ पत्रिका
ताप्लेजुङ, २४ जेठ

एकै पदमा दाजुभाइ दुई पार्टीबाट एउटै वडामा उम्मेदवार बनेपछि ताप्लेजुङमा चर्चाको विषय बनेको छ। फुङलिङ नगरपालिका वडा नम्बर ३ मा कांग्रेसबाट युवराज बराल र एमालेबाट रामप्रसाद बराल अध्यक्षको उम्मेदवार बनेपछि उनीहरूको चर्चा वडामा मात्रै सीमित नभई जिल्लाभर फैलिएको हो।

युवराज र रामप्रसाद मायादेवीका कान्छा र माइला छोरा हुन्। दाजुभाइ एकै पदमा उठेपछि परिवारमा भने कसलाई भोट दिने भन्ने सकस परेको छ। 'कान्छाले आएर उम्मेदवार बनेको सुनायो। एकै पदमा नउठ भनेको मानेनन्,' मायादेवीले भनिन्, 'पक्षपात गर्न मिलेन बरु भोट दिन नै जान्नँ।' उनीहरूका ६५ वर्षीय जेठा दाजु चन्द्रप्रसादले पनि भाइहरू उम्मेदवार बनेपछि अलमलमा परेको बताए।

### दुवैको जित्ने दाबी

कांग्रेसबाट उम्मेदवार बनेका युवराजले सहजै जित्ने दाबी गरेका छन्। एमालेबाट उम्मेदवार बनेका रामप्रसादले निर्वाचनअघि जति बोले पनि १४ असारपछि थाहा हुने बताए।

# जनप्रतिनिधिलाई सिउवा संघको सम्मान




सिन्धुपाल्चोक/ स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधिलाई सिन्धुपाल्चोक उद्योग वाणिज्य संघले बुधबार सम्मान गरेको छ। जनप्रतिनिधिलाई संघले कार्यालयमै बोलाई सम्मान गरेको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष कमलकुमार श्रेष्ठले बताए।

तीन नगरपालिकाका मेयर, उपमेयर र नौ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष गरी २४ मुख्य जनप्रतिनिधिलाई संघले सम्मानपत्रसहित शुभकामना दिएको छ। संघको २१औँ अधिवेशन २७ जेठमा हुँदै छ। मनोनयनपत्र दर्ताको दिन पारेर नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गरेको हो। भूकम्पपछि तातोपानी नाका बन्द रहेकोले संघमा आबद्ध पाँच सय सदस्य बेरोजगारजस्तै बनेका छन्।

**यदि घरमा ड्रग्स एडिक्सनको समस्या छ भने:**



- उपचार तथा पुनःस्थापनाका लागि विश्व विख्यात नार्कोनन् नेपाल बुढानिलकण्ठमा (पार्क भिलेज होटेल सँगै) सम्पर्क गर्नुहोस्।
- ड्रग्सको रोकथामका लागि NEWS 24 टेलिभिजनमा प्रत्येक शुक्रबार बेलुकी ९.३० बजे र शनिबार दिउँसो ३.३० बजे प्रसारण हुने "SAY NO TO DRUGS" कार्यक्रम हेर्नुहोस्।
- ड्रग्सको सेवन गरेको शंका भएमा URINE KIT द्वारा पिसाब परीक्षण गरि यकिन गर्नुहोस्।

– वसन्तराज कुँवर
(रिह्याब स्पेसलिष्ट, Freedom Medal विजेता, २०१३)



URINE KIT

नार्कोनन् नेपाल | दक्षिण एसियाको एकमात्र नार्कोनन् उपचार केन्द्र
बुढानीलकण्ठ, काठमाडौं 98510 37529, 98510 48432, 014650054, 014377124
Email: pratigyafoundation@hotmail.com





नयाँ पत्रिका
बिहीबार २५ जेठ ०७४
www.enayapatrika.com

# हालसम्म घोषित उम्मेदवार: प्रदेश नं. १

जिल्ला : झापा

## ■ मेचीनगर नगरपालिका

| दल | नाम | पद |
|---|---|---|
| कांग्रेस | विमल आचार्य<br>दुर्गादेवी खतिवडा | मेयर<br>उपमेयर |
| माओवादी | हंशलाल राजवंशी<br>इन्दिरा कार्की | मेयर<br>उपमेयर |
| राप्रपा | अशोक राई<br>सविना बजगाईं | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | पनिता ढकाल | मेयर |

## ■ शिवसताक्षी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | पर्शुराम ढुंगाना<br>जयकुमारी चेमजोङ | मेयर<br>उपमेयर |
| एमाले | चन्द्रकुमार शेर्मा<br>भोजकुमारी नेपाल | मेयर<br>उपमेयर |
| माओवादी | महेन्द्र भट्टराई | मेयर |
| राप्रपा | उमानाथ ढकाल<br>विष्णुमाया चौलागाई | मेयर<br>उपमेयर |

## ■ विर्तामोड नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | जलकुमार गुरुङ<br>पार्वता गिरी | मेयर<br>उपमेयर |
| माओवादी | सिपी कडरिया<br>लक्ष्मी न्यौपाने | मेयर<br>उपमेयर |
| राप्रपा | भक्ति सिटौला<br>लिला अनमोल | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | उदय गुरुङ | मेयर |

## ■ भद्रपुर नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | गणेश पोखरेल<br>तारा भुर्तेल | मेयर<br>उपमेयर |
| एमाले | जीवनकुमार श्रेष्ठ<br>चन्द्रा श्रेष्ठ | मेयर<br>उपमेयर |
| माओवादी | शिवकुमार राजभण्डारी<br>स्वर्णीका सिंह | मेयर<br>उपमेयर |
| राप्रपा | नवराज पनेरु<br>राधा कार्की | मेयर<br>उपमेयर |

## ■ अर्जुनधारा नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | हेमराज खरेल<br>सरस्वती सिटौला | मेयर<br>उपमेयर |
| एमाले | हरि राना<br>देवीमाया भट्टराई | मेयर<br>उपमेयर |
| माओवादी | भूपेन्द्र न्यौपाने<br>अस्मिता तामाङ | मेयर<br>उपमेयर |
| राप्रपा | छविलाल लम्साल<br>राधा गिरी | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | देवकला प्रसाई | मेयर |

## ■ कनकाई नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | एकराज उप्रेती<br>कविता बस्नेत | मेयर<br>उपमेयर |
| एमाले | राजेन्द्र पोखरेल<br>मञ्जु प्रसाई | मेयर<br>उपमेयर |
| माओवादी | गोपाल चुडाल<br>शान्ता अधिकारी | मेयर<br>उपमेयर |
| राप्रपा | केदार गिरी<br>चित्रा श्रेष्ठ | मेयर<br>उपमेयर |

## ■ गौरादह नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | रोहितकुमार साह<br>सुमित्रा खरेल ढुंगेलज्र | मेयर<br>उपमेयर |
| एमाले | मदन अधिकारी<br>गीता भेटवाल | मेयर<br>उपमेयर |
| माओवादी | पुष्प ढकाल<br>अर्पना राजवंशी | मेयर<br>उपमेयर |
| राप्रपा | अम्बर विष्ट<br>बालिका रायमाझी | मेयर<br>उपमेयर |

## ■ दमक नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | ढुण्डीराज भण्डारी<br>रेगिना भट्टराई | मेयर<br>उपमेयर |
| एमाले | रोमनाथ ओली<br>गीता अधिकारी | मेयर<br>उपमेयर |
| माओवादी | गगन पुरी<br>शान्ति धिमाल | मेयर<br>उपमेयर |
| राप्रपा | राम थापा<br>रीता बस्नेत श्रेष्ठ | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | सतिश साह | मेयर |

## ■ कमल गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | हुकुमसिंह राई<br>दीपा गौतम | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | मेनका काफ्ले<br>वेणु शिवाकोटी | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | बिलम संगौला<br>गौरी राई | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | विष्णु पौडेल<br>इन्दिरा राई | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ बुद्धशान्ति गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | रमेश भुजेल<br>चन्द्रकला भट्टराई | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | चिन्तन पाठक<br>मिना भुर्तेल | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | खडग तिम्सिना<br>अस्मित कला लिम्बू | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | नन्दमणि तिम्सिना<br>इन्दिरा रिजाल | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ केचनाकलन गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | कालेन्द्रप्रसाद राजवंशी<br>गीता ओडारी खरेल | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | शेरबहादुर खत्री<br>धनमाया दाहाल | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | हंशनारायण राजवंशी<br>ईश्वरीमाया गाइने | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | अञ्जार आलम<br>निम्सरी राजवंशी | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ झापा गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | जयनारायण साह<br>वसुन्धरा थपलिया | अध्यक्ष<br>उपाध्यक्ष |

| | | |
|---|---|---|
| एमाले | गजेन्द्र ताम्ली<br>कुन्ति बुढाथोकी | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | रुद्र बजगाई | अध्यक्ष |
| राप्रपा | चन्द्र कार्की<br>सुशिला के.सी. | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ हल्दीबारी गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | दिलिपकुमार माबो<br>चन्द्रकला राई | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | मञ्जु सिटौला<br>डम्बर गिरी | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | तुलसीप्रसाद ओली<br>शान्तिमाया सेलिङ लिम्बू | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | रविन्द्र लिङ्देन<br>भारती दाहाल पोखरेल | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ गौरीगञ्ज गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | फूलवती राजवंशी<br>दीपेन्द्र थापा | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | श्याम ढकाल<br>मनिता राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | विद्यानन्द सिंह राजवंशी<br>कल्पना राई | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | बाबुराज श्रेष्ठ<br>सुशिला ताजपुरिया | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ बाह्रदशी गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | खड्गप्रसाद राजवंशी<br>रत्ना राजवंशी | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | लक्ष्मण पाठक<br>गंगा धमला | अध्यक्ष<br>उपाध्यक्ष |
| राप्रपा | भिम कार्की<br>सौरी टुडु | अध्यक्ष<br>उपाध्यक्ष |

जिल्ला : इलाम

## ■ इलाम नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | हिमालय कर्माचार्य<br>चन्दा कार्की | मेयर<br>उपमेयर |
| एमाले | महेश बस्नेत<br>सुशिला नम्वाङ | मेयर<br>उपमेयर |
| माओवादी | छविलाल आचार्य<br>प्रेमकुमारी गुरुङ | मेयर<br>उपमेयर |

## ■ सूर्योदय नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | दुर्गा बराल<br>बन्दना अधिकारी | मेयर<br>उपमेयर |
| एमाले | आरबी राई<br>दुर्गा भट्टराई | मेयर<br>उपमेयर |
| माओवादी | छवि राई<br>टीका घिमिरे | मेयर<br>उपमेयर |

## ■ देउमाई नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | होम दुलाल<br>सूर्यमाया राई | मेयर<br>उपमेयर |
| एमाले | सूर्य पोखरेल<br>पविमाया राई | मेयर<br>उपमेयर |
| माओवादी | राम राई<br>शान्ता बस्नेत | मेयर<br>उपमेयर |

## ■ माई नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | विष्णु कार्की<br>चन्द्रमाया लिम्बू | मेयर<br>उपमेयर |
| एमाले | दीपक थेवे<br>विष्णुमाया आचार्य | मेयर<br>उपमेयर |
| माओवादी | भक्त लुङ्गेली<br>अञ्जना थापा | मेयर<br>उपमेयर |

## ■ रोङ गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | शमशेर राई<br>चन्द्रकाला बुढाथोकी | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | वृहस्पति खतिवडा<br>विष्णुमाया खवास | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | नवराज कट्टेल<br>अञ्जना लेप्चा | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ माईजोगमाई गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | सिटी शेर्पा<br>लोकमाया थेवे | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | जीतबहादुर राई<br>शावित्रा भट्टराई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | देवी शिवाकोटी<br>संगीता थामी | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ सन्दकपुर गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | देवेन्द्र सुवेदी | अध्यक्ष |
| एमाले | उदय राई<br>शोभा पराजुली | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | प्रेम नाछिरिङ राई<br>रञ्जु तामाङ | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ फाकफोकथुम गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | राम श्रेष्ठ<br>डाला कार्की | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | दीपेन्द्र खनाल<br>सरस्वती राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | राजकुमार मुखिया<br>लक्ष्मी थापा | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ चुलाचुली गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | राजेन्द्र केरुङ<br>लक्ष्मी मिश्र | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | प्रदीपचन्द्र राई<br>निर्मला दाहाल | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | तुला लावती<br>धनमाया पोखरेल | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ माङसेबुङ गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | डिकेन्द्र इदिङगो<br>जुनु लिम्बू | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | हेमन्त राई<br>सुनिता योङहाङ | अध्यक्ष<br>उपाध्यक्ष |

जिल्ला : पाँचथर

## ■ फिदिम नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | ओनहाङ नेम्वाङ<br>उर्मिला श्रेष्ठ प्रधान | मेयर<br>उपमेयर |
| एमाले | राजकुमार भण्डारी<br>मुना नेम्वाङ | मेयर<br>उपमेयर |
| माओवादी | राधाकृष्ण न्यौपाने<br>रमुना लकान्द्री नेम्वाङ | मेयर<br>उपमेयर |
| राप्रपा | देवी शिवाकोटी<br>टिकाहाङ जबेगु | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | सुवास राई | मेयर |

## ■ याङवरक गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | शेरबहादुर नुगो | अध्यक्ष |
| एमाले | लेखनाथ घिमिरे<br>कमला योङहाङ | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | भीम माबो<br>इन्दिरा पोखरेल | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ हिलिहाङ गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | समरबहादुर अधिकारी<br>ताराकुमारी योङहाङ | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | भवानीप्रसाद लिङदेन<br>सुमित्रा सेढाई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | रविन तिम्सिना<br>एलिसा वाग्ले | अध्यक्ष<br>उपाध्यक्ष |
| नयाँ शक्ति | बिर्खबहादुर लोवा | अध्यक्ष |

## ■ फालेलुङ गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | सञ्चकुमार केरुङ<br>हिमा अधिकारी | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | कमल जबेगु<br>तारावती राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | महेन्द्र जबेगु<br>कविता केरुङ | अध्यक्ष<br>उपाध्यक्ष |
| नयाँ शक्ति | जनाम राई | अध्यक्ष |

## ■ फाल्गुनन्द गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | अम्बर नेम्वाङ<br>देवित्रा आङदेम्बे | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | वीरबहादुर कुरुङवाङ<br>करुणा नेम्वाङ | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | ठाकुरसिंह नेम्वाङ<br>शान्त आङदेम्बे | अध्यक्ष<br>उपाध्यक्ष |
| नयाँ शक्ति | नगेन्द्र नेम्वाङ | अध्यक्ष |

## ■ कुम्याक गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | बमप्रसाद लावती<br>सूर्यकुमारी नेम्वाङ | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | जयबहादुर चेम्जोङ<br>सीता आचार्य | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | अम्बरसिंह थापा<br>दुर्गा चौलागाई | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ तुम्बेवा गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | होम थापा<br>टेककुमारी कुरुङवाङ | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | धनप्रसाद सावाँ | उपाध्यक्ष |
| माओवादी | देवेन्द्र खत्री | अध्यक्ष |
| नयाँ शक्ति | सूर्य सम्वाहाम्फे | अध्यक्ष |

## ■ मिक्लाजुङ गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | खडगसुन्दर लावती<br>सुनमाया राई | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | धनकुमार फियाक<br>उर्मिला राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | अमरराज माखिम<br>जुनु लावती | अध्यक्ष<br>उपाध्यक्ष |

जिल्ला : मोरङ

## ■ विराटनगर महानगरपालिका

| | | |
|---|---|---|
| माओवादी | भोगेन्द्र यादव<br>नमिता न्यौपाने | मेयर<br>उपमेयर |
| राप्रपा | प्रल्हादप्रसाद साह | मेयर |
| राप्रपा राष्ट्रवादी | खगेन्द्र थापामगर<br>कुर्वान मिया | मेयर<br>उपमेयर |

## ■ सुन्दर हरैंचा नगरपालिका

| | | |
|---|---|---|
| माओवादी | लक्ष्मी न्यौपाने<br>नवराज चापागाई | मेयर<br>उपमेयर |
| राप्रपा | मकरान्द पराजुली<br>सुमित्रा अधिकारी | मेयर<br>उपमेयर |

## ■ बेलबारी नगरपालिका

| | | |
|---|---|---|
| माओवादी | तिलक राई<br>सुशिला भट्टराई | मेयर<br>उपमेयर |
| राप्रपा | घुर्नालाल राजवंशी<br>राम परि साह | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | प्रताप थापा<br>शान्ता तामाङ | मेयर<br>उपमेयर |

## ■ पथरीशनिश्चरे नगरपालिका

| | | |
|---|---|---|
| एमाले | दिलिपकुमार राई<br>यमुना विष्ट | मेयर<br>उपमेयर |
| माओवादी | जहरमान लिम्बू<br>राधिका गौतम | मेयर<br>उपमेयर |
| राप्रपा | हेमा ढुंगाना<br>पुष्प चौहान | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | देवराज भण्डारी<br>खिनामाया लिम्बू | मेयर<br>उपमेयर |

## ■ उर्लाबारी नगरपालिका

| | | |
|---|---|---|
| एमाले | भूपाल जिमी<br>लक्ष्मी भण्डारी | मेयर<br>उपमेयर |
| माओवादी | राजेन्द्र पौडेल<br>धनमाया धिमाल | मेयर<br>उपमेयर |
| राप्रपा | विनोद पोखरेल<br>हरिमाया खनाल | मेयर<br>उपमेयर |

| | | |
|---|---|---|
| नयाँ शक्ति | मनोहरि दाहाल<br>सावित्रा याख्खा | मेयर<br>उपमेयर |

## ■ लेटाङ नगरपालिका

| | | |
|---|---|---|
| एमाले | भुपेन्द्र लावती<br>कृष्णकुमारी निरौला | मेयर<br>उपमेयर |
| माओवादी | गोपाल नेपाली<br>शान्ता राई | मेयर<br>उपमेयर |
| राप्रपा | कोषराज निरौला | मेयर |

## ■ रतुवामाई नगरपालिका

| | | |
|---|---|---|
| एमाले | टिकेन्द्र पोमू<br>दमयन्ता चुडाल | मेयर<br>उपमेयर |
| माओवादी | प्रकाश पौडेल<br>लिलामाया तामाङ | मेयर<br>उपमेयर |
| राप्रपा | दामोदर पिरले | मेयर |

## ■ रंगेली नगरपालिका

| | | |
|---|---|---|
| एमाले | सन्तोष साह<br>उषा झा ठाकुर | मेयर<br>उपमेयर |
| माओवादी | दिलिप बगडिया<br>केशवकुमारी खराल | मेयर<br>उपमेयर |

## ■ सुनवर्षी नगरपालिका

| | | |
|---|---|---|
| एमाले | हसन इमाम बक्स<br>मीरादेवी दास | मेयर<br>उपमेयर |
| माओवादी | श्याम राजवंशी | मेयर |
| राप्रपा | जविरुद्दिन मियाँ | मेयर |

## ■ मिक्लाजुन गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | माधव सञ्जेल | अध्यक्ष |

जिल्ला : धनकुटा

## ■ धनकुटा नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | दिनेश राई<br>रेणु श्रेष्ठ | मेयर<br>उपमेयर |
| एमाले | चिन्तन तामाङ<br>सकुन्तला बस्नेत | मेयर<br>उपमेयर |
| माओवादी | गणेश विष्ट<br>कविता राई | मेयर<br>उपमेयर |
| राप्रपा | बालानन्द घर्ती | मेयर |

## ■ पाख्रिबास नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | इन्दिरा थापा<br>ज्ञानु गुरुङ | मेयर<br>उपमेयर |
| एमाले | बीर्खबहादुर राई<br>देवकला पौडेल तिम्सिना | मेयर<br>उपमेयर |
| माओवादी | कृष्ण कटुवाल<br>करुणा राई | मेयर<br>उपमेयर |
| राप्रपा | श्याम गुरुङ<br>पवित्रादेवी श्रेष्ठ | मेयर |

## ■ महालक्ष्मी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | अग्निप्रसाद पौडेल<br>(गठबन्धन) | मेयर |
| एमाले | परशु नेपाल<br>मञ्जु अधिकारी | मेयर<br>उपमेयर |
| माओवादी | राम नेपाल | मेयर |
| राप्रपा | महेन्द्र निरौला (गठबन्धन) | उपमेयर |

जिल्ला : तेह्रथुम

## ■ म्याङलुङ नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | कमल सुब्बा | मेयर |
| एमाले | सन्जय तुम्बाहाम्फे<br>पार्वता सानु डाँगी | मेयर<br>उपमेयर |
| माओवादी | नेत्रकुमार सोदेम्बा<br>शोभा दाहाल | मेयर<br>उपमेयर |
| राप्रपा | टंक अधिकारी<br>धनमाया सुवेदी | मेयर<br>उपमेयर |
| माले | डिल्ली बुढाथोकी | मेयर |
| स्वतन्त्र | विष्णुप्रसाद गड्तौला | उपमेयर |

## ■ लालिगुराँस नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | अर्जुनबाबु माबोहाङ<br>तिला पोखरेल | मेयर<br>उपमेयर |
| एमाले | कमलबहादुर खडका<br>जमुना मगर | मेयर<br>उपमेयर |
| माओवादी | गणेशकुमार सेनेहाङ<br>प्रेमा अधिकारी | मेयर<br>उपमेयर |
| माले | छत्रबहादुर लिम्बू | मेयर |

## ■ आठराई गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | नारायणकुमार इङनाम | अध्यक्ष |
| एमाले | विष्णुविक्रम कन्दङवा<br>रुपा कन्दङवा | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | डम्बर इङनाम | अध्यक्ष |
| माले | कमल सिटौला | अध्यक्ष |
| नयाँ शक्ति | टीकाराम गुरुङ | अध्यक्ष |
| संघीय लिम्बुवान मञ्च | मृगेन्द्र इङनाम<br>चुहाङमा कन्दङवा | अध्यक्ष<br>उपाध्यक्ष |
| गणतान्त्रिक मोर्चा | सुवास फोम्बो | अध्यक्ष |

## ■ छथर गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | टेकराज तिगेला | अध्यक्ष |
| एमाले | सन्तोष तिगेला<br>तारा ढकाल | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | तेजबहादुर कटवाल | अध्यक्ष |
| राप्रपा | गुमानसिंह कार्की<br>चम्पा मल्ल ठकुरी | अध्यक्ष<br>उपाध्यक्ष |
| माले | माधव खनाल | अध्यक्ष |

## ■ मेन्छेयाम गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | देउमान लिम्बू<br>गीता गौतम | अध्यक्ष<br>उपाध्यक्ष |

| | | |
|---|---|---|
| एमाले | यादवबहादुर खापुङ<br>दिलकुमारी शंकर | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | फुर्वी शेर्पा<br>बसन्त खापुङ | अध्यक्ष<br>उपाध्यक्ष |
| माले | थानेश्वर घिमिरे | अध्यक्ष |
| नयाँ शक्ति | हरिप्रसाद चोङवाङ | अध्यक्ष |

## ■ फेदाप गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | केशव भेटवाल | अध्यक्ष |
| एमाले | हरि चोङवाङ<br>गीता थापा | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | शिव कुरुम्वाङ | अध्यक्ष |
| माले | भक्त रेग्मी | अध्यक्ष |
| नयाँ शक्ति | होमप्रसाद ढकाल | अध्यक्ष |

जिल्ला : भोजपुर

## ■ भोजपुर नगरपालिका

| | | |
|---|---|---|
| एमाले | गणेश श्रेष्ठ<br>ममिता राई | मेयर<br>उपमेयर |
| माओवादी | शरणकुमार तामाङ<br>मनिका राई | मेयर<br>उपमेयर |
| राप्रपा | केशरबहादुर श्रेष्ठ<br>पार्वती श्रेष्ठ | मेयर<br>उपमेयर |

## ■ षडानन्द नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | वीरबल राई<br>सीता श्रेष्ठ | मेयर<br>उपमेयर |
| एमाले | सुरेन्द्र उदास<br>मेरिका राई | मेयर<br>उपमेयर |
| माओवादी | भीम तामाङ<br>प्रमिला राई | मेयर<br>उपमेयर |
| राप्रपा | राजकुमार तामाङ<br>जीतकुमारी राई | मेयर<br>उपमेयर |

## ■ टेम्केमैयु गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | सरोज बस्नेत (गठबन्धन) | उपाध्यक्ष |
| एमाले | ध्रुवराज राई<br>इन्द्रावती राई | अध्यक्ष<br>उपाध्यक्ष |
| संघीय समाजवादी | रामसिंह राई (गठबन्धन) | अध्यक्ष |

## ■ साल्पासिलिछो गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | महेश राई (गठबन्धन) | अध्यक्ष |
| एमाले | खगेन्द्र राई<br>धनमाया राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | रविन्द्र अधिकारी<br>जलेश्वरा राई | अध्यक्ष<br>उपाध्यक्ष |
| संघीय समाजवादी | वीरबहादुर राई<br>(गठबन्धन) | उपाध्यक्ष |

## ■ अरुण गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | गजेन्द्रबहादुर कार्की<br>विनिता ढकाल | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | नारायण घिमिरे<br>कविता राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | विमल खडका<br>विना राई | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ पौवादुम्मा गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | शिशिरा राई<br>मनोज कार्की | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | किरण राई<br>ज्योत्सना राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | नगेन्द्रबहादुर भुजेल<br>सम्झना राई | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ हतुवागढी गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | मदन खुलाल (गठबन्धन) | अध्यक्ष |
| एमाले | प्रेमकुमार एमाले<br>चन्द्रमा राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | सुनिता किराती<br>(गठबन्धन) | उपाध्यक्ष |

## ■ आमचोक गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | रविन राई<br>भगवती राई | अध्यक्ष<br>उपाध्यक्ष |
| एमाले | बहादुर राई<br>दिव्यकला राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | अशोक राई<br>सिता राई | अध्यक्ष<br>उपाध्यक्ष |

## ■ रामप्रसाद राई गाउँपालिका

| | | |
|---|---|---|
| कांग्रेस | दिनेश कार्की (गठबन्धन) | अध्यक्ष |
| एमाले | विजय राई<br>कृतिका राई | अध्यक्ष<br>उपाध्यक्ष |
| माओवादी | थामबहादुर राई<br>सम्झना राई | अध्यक्ष<br>उपाध्यक्ष |
| संघीय समाजवादी | लक्ष्मी राई (गठबन्धन) | उपाध्यक्ष |

जिल्ला : उदयपुर

## ■ त्रियुगा नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | वसन्त बस्नेत<br>देवीकुमारी चौधरी | मेयर<br>उपमेयर |
| एमाले | बलदेव चौधरी<br>सिर्जना दनुवार | मेयर<br>उपमेयर |
| माओवादी | किरण राई<br>गीता खड्का कार्की | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | भैरव श्रेष्ठ | मेयर |

## ■ कटारी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | ज्ञानेन्द्रमानसिंह राउत<br>निर्मला कार्की | मेयर<br>उपमेयर |
| एमाले | ज्ञानेन्द्र श्रेष्ठ<br>भिमकुमारी राउत | मेयर<br>उपमेयर |
| माओवादी | केपी बराल<br>मिना कोइराला | मेयर<br>उपमेयर |

## ■ बेलका नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | अशोक कार्की<br>दीपा राई | मेयर<br>उपमेयर |
| एमाले | दुर्गाकुमार थापा<br>राजकुमारी चौधरी | मेयर<br>उपमेयर |
| माओवादी | रमन भट्टराई<br>गंगासरी राई | मेयर<br>उपमेयर |
| संघीय समाजवादी | टीकाराम धामी | मेयर |

## ■ चौदण्डीगढी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | निर्मल राई<br>सम्झना राई | मेयर<br>उपमेयर |
| एमाले | नरेन्द्र राउत<br>कान्ता राई | मेयर<br>उपमेयर |
| माओवादी | कुमार खड्का<br>मायादेवी राई | मेयर<br>उपमेयर |
| संघीय समाजवादी | कुमारजंग राई | मेयर |

जिल्ला : खोटाङ

## ■ रुपाकोट मझुवा नगरपालिका

| | | |
|---|---|---|
| एमाले | दिपनारायण रिजाल<br>विणादेवी राई | मेयर<br>उपमेयर |
| माओवादी | दुर्गाजयन्ती राई<br>होमकाजी आचार्य | मेयर<br>उपमेयर |
| संघीय समाजवादी | धनकुमार राई<br>वसन्ती राई | मेयर<br>उपमेयर |

## ■ हलेसी तुवाचुङ नगरपालिका

| | | |
|---|---|---|
| एमाले | खडेन्द्र राई<br>मनिषा राई | मेयर<br>उपमेयर |
| माओवादी | हरिशचन्द्र गिरी<br>कल्पना राई | मेयर<br>उपमेयर |
| संघीय समाजवादी | बच्चु राई<br>मनकुमारी राई | मेयर<br>उपमेयर |

## ■ ऐंसेलुखर्क गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | अधमसिंह राई | अध्यक्ष |

## ■ लामिडाँडा गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | मोहन गुरुङ | अध्यक्ष |

## ■ जन्तेढुंगा गाउँपालिका

| | | |
|---|---|---|
| संघीय समाजवादी | सुक्रिम राई | अध्यक्ष |

## ■ खोटेहाङ गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | सुशीला निनाम | अध्यक्ष |

## ■ केपिलाशगढी गाउँपालिका

| | | |
|---|---|---|
| संघीय समाजवादी | पिके खुम्बु | अध्यक्ष |

## ■ दिप्रुङ गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | पृथ्वी राई | अध्यक्ष |

## ■ साकेला गाउँपालिका

| | | |
|---|---|---|
| नयाँ शक्ति | सनबहादुर राई | अध्यक्ष |

## ■ बराहपोखरी गाउँपालिका

| | | |
|---|---|---|
| संघीय समाजवादी | मोहन राई | अध्यक्ष |

जिल्ला : संखुवासभा

## ■ खाँदबारी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | महेश थपलिया<br>निर्मला बस्नेत तामाङ | मेयर<br>उपमेयर |
| एमाले | मुरारी खतिवडा<br>डेगेश्वरी श्रेष्ठ | मेयर<br>उपमेयर |
| माओवादी | वीरबहदुर लिम्बू<br>सुशीला घिमिरे | मेयर<br>उपमेयर |
| राप्रपा | भीम कार्की<br>सिर्जना राई | मेयर<br>उपमेयर |
| नयाँ शक्ति/संघीय समाजवादी | कृष्णप्रसाद तामाङ<br>टीका कपाली | मेयर<br>उपमेयर |
| राष्ट्रिय जनमुक्ति | रमेश राई | मेयर |
| परिवार दल | दिनेश खनाल<br>हिरा नेपाल | मेयर<br>उपमेयर |
| साझा पार्टी | डा. मात्रिका तिम्सिना | मेयर |
| स्वतन्त्र | जीवनाथ खनाल | मेयर |

## ■ चैनपुर नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | शंकरमान कँडेल<br>अञ्जना लिथेप | मेयर<br>उपमेयर |
| एमाले | भरत खत्री<br>मुना श्रेष्ठ | मेयर<br>उपमेयर |
| माओवादी | सुमन डाँगी<br>सविना लिम्बू | मेयर<br>उपमेयर |
| राप्रपा | दुर्गामणि कार्की | उपमेयर |
| संघीय समाजवादी | हरिकुमार राई | मेयर |
| परिवार दल | जीवन मोक्तान | मेयर |

## ■ मादी नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | राजकुमार जिमी<br>कल्पना खत्री | मेयर<br>उपमेयर |
| एमाले | विदुर सुब्बा लिङथेप<br>उर्मिला सुवेदी नेपाल | मेयर<br>उपमेयर |
| माओवादी | दावा शेर्पा<br>योगमाया कार्की | मेयर<br>उपमेयर |
| राप्रपा | चिन्तामणि दाहाल<br>देवी घोण्डे गुरुङ | मेयर<br>उपमेयर |
| नयाँ शक्ति | पुष्प कोइराला<br>तारादेवी कार्की बानियाँ | मेयर<br>उपमेयर |

## ■ पाँचखपन नगरपालिका

| | | |
|---|---|---|
| कांग्रेस | विपिन राई<br>सीता श्रेष्ठ | मेयर<br>उपमेयर |
| एमाले | मानसिंह पोखरेल<br>भिमादेवी राई | मेयर<br>उपमेयर |
| माओवादी | लोकमान बोगटी | मेयर |
| राप्रपा | विन्दा मोक्तान | मेयर |
| नयाँ शक्ति | विक्रम याख्खा<br>उर्मिला याख्खा | मेयर<br>उपमेयर |

**प्रदेश नं. ४ को सूची भोलिको अंकमा**

# जन्मदेखि नै गोठको वास

गणेश लम्साल/नयाँ पत्रिका
विराटनगर, २४ जेठ



दुवै आँखाले देख्दैनन्। बोल्न, सुन्न र हिँडडुल गर्न पनि सक्दैनन् उनी। मोरङको पथरी शनिश्चरे–९ का चिरञ्जीवी अधिकारी २२ वर्षदेखि गोठमा जीवन बिताइरहेका छन्। जन्मिएपछि अरूले उज्यालो संसार देख्न थाल्छन्। तर, उनले जन्मिएपछि त्यो उज्यालो संसारको अनुभव गर्न पाएनन्। साँझ पर्छ, घरका अरू सबै सदस्य घरभित्र पस्छन्, तर चिरञ्जीवी घरभित्र पस्न पाउँदैनन्। उनको बेड, रुम भनेकै गोठ हो।

जन्मिएसँगै दुवै आँखा गुमाएका सुस्त मनस्थिति, अपांगता र कुपोषणले चिरञ्जीवी जन्मेदेखि अझैसम्म गोठमा जीवन बिताइरहेका छन्। यो बाध्यता हो, उनका लागि। उनको तौल १२ केजी मात्रै छ। जन्मेको वर्षदिनमै जन्म दिने आमालाई गुमाउन पुगेका चिरञ्जीवीले अरू कसैको माया पाएनन्। आमाको माया कस्तो हुन्छ, उनलाई थाहै भएन। उनी जन्मेको वर्षदिनमै मिर्गौला फेल भएर उनकी आमाको मृत्यु भएको थियो।

जन्मेपछि तीन आमालाई देखिसकेका चिरञ्जीवी नेत्रहीन र कमजोर भएकाले एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्दैनन्। उनी जहाँ जस्तो अवस्थामा राख्यो, त्यस्तै अवस्थामा दिनरात कटाउँछन्। मलमूत्रसमेत बसेकै ठाउँमा गर्नुपर्ने र हेरचाह गर्ने आफ्नी आमासमेत नहुँदा चिरञ्जीवीले भित्रभित्रै सोच्दा हुन्, कति अभागी म ! बुबा मदनबहादुरले उनको हेरचाह गर्दै आए पनि कमजोर आर्थिक अवस्थाले गर्दा पर्याप्त समय दिन पाउँदैनन्। चिरञ्जीवी पूर्ण पारिवारिक स्नेहबाट पनि वञ्चित छन्। मदनबहादुर अधिकारीका माइला छोरा जन्मेका चिरञ्जीवी दुई घुँडाको बीचमा टाउको निहुराएर झोक्रिइरहन्छन्। पारिवारिक हिसाबले कमजोर उनको परिवारले उपचार गर्न सक्दैन, चिरञ्जीवीको। बिहान र साँझ दुई छाक खाना खान पाए पनि अरू पौष्टिक तत्त्व देख्न पनि पाउँदैनन्।

भोक लाग्यो भने नबुझिने गरी चिच्याउँछन्। मनमा खुसी छायो भने गनगन गर्छन्। उनको भाषा बुझ्ने बुबा मात्रै हुन्। आमाको मृत्युपछि टुहुरो बनेका चिरञ्जीवीको केही वर्षसम्म माइली आमाले स्याहार गर्थिन्। तर, उनले छाडेर हिँडेपछि बुबा मदनबहादुरले नै चिरञ्जीवीको स्याहार गर्दै आएका छन्। परिवारका सबै सदस्य काममा जानुपर्ने भएकाले उनी दिनभरि एक्लै गोठमा झोक्राएर बस्छन्। चिरञ्जीवीलाई परिवारले गोठमा काठको पिरामाथि राखेर हेरचाह गर्छन्। घरभित्र राख्दा दिसापिसाब गरेकोसमेत थाहा नहुने भएकाले बाहिर काठको पिरामाथि राख्नुपरेको बुबा मदनबहादुरले बताए। 'अर्काको घरमा काम गर्न नजाने हो भने घरमा एक छाक खान गाह्रो छ,' उनले भने, 'सोही कारण छोराको हेरचाह गर्न सकिरहेको छैन।' सरकारबाट पूर्ण अपांगता भएबापत मासिक दुई हजार भत्ता पाउन थाले पनि उनको सेवाका लागि पर्याप्त नभएको परिवारको गुनासो छ। बुबा मदनले विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले मापदण्डअनुसारको हेरचाह नभएको भनेर गाली गरे पनि त्यसअनुसार हेरचाह गर्न अक्षम भएकाले छोराका लागि विशेष संरक्षणको व्यवस्था मिलाइदिन आग्रह गरे।

# १ सय ७८ म्यादीको राजीनामा

मनीष खड्का/नयाँ पत्रिका
रुकुम, २४ जेठ

रुकुममा एक सय ७८ जना म्यादी प्रहरीले राजीनामा दिएका छन्। स्थानीय तह निर्वाचनका लागि भर्ती भएकामध्ये एक सय ७८ जना म्यादी प्रहरीले राजीनामा दिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। उनीहरूले विभिन्न व्यक्तिगत कारण देखाएर राजीनामा दिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक थम्मनबहादुर रजालीले जानकारी दिए।

कसैले विदेशका लागि भिसा आइसकेको भन्दै र केहीले खेतिपातीका लागि भन्दै राजीनामा दिएको उनको भनाइ छ। सरकारले वैशाख ३१ गतेका लागि तोकेको स्थानीय चुनावका लागि भन्दै सुरुमा ५५ दिनका लागि भर्ती गरिएका म्यादी प्रहरी ५५ दिनको सेवासुविधा लिएर बिदा भएको प्रहरी निरीक्षक रजालीले बताए।

सरकारले दोस्रो चरणको निर्वाचन असार १४ गते गर्ने निर्णय गरेसँगै म्यादी प्रहरीको म्याद पनि थपिएको छ। स्थानीय तहको चुनावका लागि भन्दै जिल्लामा कुल सात सय ८५ जना म्यादी प्रहरी भर्ती गरिएको थियो। थपिएको सयममा काम नगर्ने एक सय ७८ जना म्यादी प्रहरीको निर्णयपछि अब जिल्लामा ६ सय सात म्यादी प्रहरी रहेका छन्। उनीहरूलाई दोस्रो चरणमा निर्वाचन हुने जिल्लाका तीन स्थानीय तहमा खटाइँदै छ। एउटा मतदान केन्द्रमा १५ जनाका दरले ३१ वटा मतदान स्थलमा म्यादी प्रहरी खटाइने र बाँकी रहेकालाई सरमुकाम तथा निर्वाचन भइसकेका अन्य मुख्य ठाउँहरूको सुरक्षाका लागि खटाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। असार १४ गते निर्वाचन हुने ठाउँका लागि प्रहरीसहित म्यादी प्रहरी पठाइसकिएको छ।

### आवश्यकताभन्दा बढी म्यादी

जिल्लामा हाल आवश्यकताभन्दा बढी म्यादी प्रहरी रहेका छन्। एकै चरणमा निर्वाचन हुने भएपछि जिल्लाभरलाई पुग्ने गरी म्यादी प्रहरी भर्ती गरिएकामा पछि जिल्लामा दुई चरणमा निर्वाचन हुने निर्णय भएपछि हाल म्यादी प्रहरीको संख्या आवश्यकताभन्दा बढी हुन पुगेको हो।

सूर्य नेपाल प्रा. लि.

## मूल्य सूची

यस कम्पनीबाट उत्पादित खुकुरी फिल्टर चुरोट मिति २०७४ जेष्ठ २५ गते (जुन ८, २०१७) देखि लागू हुने गरी निम्नलिखित दर/रेटमा बिक्री वितरण हुने समस्त ग्राहक तथा उपभोक्तावर्गमा जानकारी गराउँदछौं।

| मूल्य प्रति १००० खिल्ली चुरोट (रु.) | |
|---|---|
| खुद मूल्य | खुकुरी फिल्टर चुरोट |
| थोक विक्रेता मूल्य | ३,३३२।३७ |
| दोस्रो थोक विक्रेता मूल्य (मू.अ.क. दर्तावालालाई मात्र) | ३,३९५।६५ |
| खुद्रा विक्रेता मूल्य | ३,४३९।७२ |
| उपभोक्ता मूल्यः | |
| प्रति २० खिल्ली बट्टा | ७२।५० |
| प्रति १० खिल्ली बट्टा | ३६।२५ |

उपरोक्त मूल्यमा सम्पूर्ण करहरु समावेश गरिएको छ।
दशमलवपछिका अन्तिम अंकलाई निकटतम पैसामा देखाइएको छ।

वैधानिक प्रावधानः धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ।

# बाँझो खेतमा 'मुङ' खेती

मोहन विष्ट/नयाँ पत्रिका
कञ्चनपुर, २४ जेठ

गहुँ काटेर धान रोप्दासम्म खेत बाँझो रहने समयमा कञ्चनपुरका कृषकले 'मुङ' खेती गरेका छन्। चैतमा गहुँ काटेर असारसम्म खाली रहने खेतमा यहाँका कृषकले दलहन 'मुङ' खेती गरेका हुन्। शुक्लाफाँटा–१० का कमला ओझाले एक बिघा जमिनमा मुङ खेती गरेका छन्। मुङबाट राम्रो आम्दानी हुने भएकाले खाली जमिनको सदुपयोग गरेको ओझाको भनाइ छ। 'गत वर्ष तीन कठ्ठा जमिनमा ट्रायलका लागि खेती गरेको थिएँ, 'उनले भनिन्, 'यस वर्ष एक बिघामा मुङ लगाएकी छु।' गहुँ काटेर चैत तेस्रो साता मुङ खेती गरेका कृषकले जेठ तेस्रो साता अर्थात् ६० दिनमा मुङ भित्र्याउन थालेका छन्। 'मुङ खेती भित्र्याएर रोपाइँका लागि तयारी गरिरहेकी छु,' ओझाले भनिन्, 'एकै समयमा दुई खेती गरेर आम्दानी बढाउन सकिन्छ।' ओझाजस्तै प्रगतिशील पकेट मुङ खेती समूहमार्फत शुक्लाफाँटाका २५ कृषकले मुङ खेती गरेका छन्। ओझाले जिल्ला कृषि विकास कार्यालयमार्फत मुङ खेतीका लागि सिँचाइ, प्राविधिक सहयोग र अनुदान दिएको बताउँदै काम गर्न हौसला प्रदान भएको अनुभव सुनाइन्। गत वर्ष समूह र आ–आफ्नो जमिनमा मुङ खेती गरेको ओझाले बताइन्। 'यस वर्ष समूहमा आबद्ध सबैले निजी रूपमा खेती गरेका छन्,' ओझाले भनिन्, 'मुङको राम्रो बजार छ, त्यसैले यसप्रति आकर्षित भइरहेकी छु।' गत वर्ष प्रतिकिलो एक सय २० रुपैयाँमा बिक्री गरेको मुङको मूल्य यस वर्ष दुई सय पुगेको छ। कृषकबाट व्यवसायीले थोकमा गत वर्ष एक सय २० मा खरिद गरेका थिए। यस वर्ष दुई सयमा खरिद गर्ने तयारी गरेका छन्। 'मुङको बजार राम्रो छ,' उनले भनिन्, 'व्यवसायी घरमै आएर किन्छन्।'

जिल्ला कृषि विकास कार्यालय कञ्चनपुरको तथ्यांकअनुसार अहिले कञ्चनपुरमा तीन सय ५० हेक्टर जमिनमा मुङ खेती गरिएको छ। जिल्ला कृषि विकास अधिकृत नवराज जोशीले मुङ खेतीमा अनुदानका साथै राम्रो आम्दानी हुने भएपछि कृषक मुङ खेतीतर्फ आकर्षित भएको बताए।

## १५ किलो अफिमसहित तीन युवती पक्राउ

भैरहवा/ प्रहरीले बेलहिया नाकाबाट लागुऔषध अफिमसहित तीनजना युवतीलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा घोराही–९ दाङ बस्ने २७ वर्षीया विषमाया बुढामगर, दाङ लालमटिया–७ की २१ वर्षीया शकुन्तला बुढामगर र लालमटिया–८ कै १९ वर्षीया कामना पुनमगर रहेका छन्। भारतीय बजार सुनौली जाने क्रममा प्रहरीले चेकजाँच गर्दा उनीहरूको साथबाट १५ किलो अफिम फेला परेको इलाका प्रहरी कार्यालय बेलहियाका प्रमुख एवं प्रहरी निरीक्षक रविन विष्टले बताए। युवतीहरूले शरीरको तिघ्रा, छाती र गुप्तांगमा लागुऔषध अफिम बाँधेर लैजाँदै थिए।

## बस दुर्घटनामा एकको मृत्यु

टीकापुर/ जानकी गाउँपालिका पथरैयामा भएको बस दुर्घटनामा एकको मृत्यु भएको छ। दुर्घटनामा अन्य १३ घाइते भएका छन्। दुर्घटनामा नेपाली कांग्रेसका नेता जोधीप्रसाद चौधरीको निधन भएको छ। टीकापुरबाट नेपालगन्ज जाँदै गरेको ना.५ख ५३० नम्बरको बस दुर्घटना हुँदा टीकापुर नगरपालिका वडा नं. १ का ४० वर्षीय चौधरीको निधन भएको हो। दुर्घटनामा गाडीचालक अत्तरिया–९ का धर्मसिंह पुजारा, लम्कीचुहाका पाँच वर्षीया बालिका सीता विक, बाँकेकी ५० वर्षीया बालकुमारी मल्ल गम्भीर घाइते छन्। घाइतेहरूको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ।

## नदीमा हामफालेका व्यक्ति अझै बेपत्ता

बाग्लुङ/ गत मंगलबार कालीगण्डकी नदीमा हामफालेका एक व्यक्ति अझै भेटिएका छैनन्। कुस्मा–बाग्लुङको सीमा मालढुंगामा राति एक ट्याक्सीमा चरेस ल्याउँदै गरेको सूचनाका आधारमा प्रहरीले पक्राउ गर्दा उनी नदीमा हामफालेका थिए। कालीगण्डकीमा हामफालेका उनको को २४ घन्टा बितिसक्दा पनि प्रहरीले खोजी नगरेको भन्दै आफन्तले सडक अवरुद्ध गरेका छन्। बाग्लुङ नगरपालिका–३ का सुनील पुन प्रहरीको नियन्त्रणबाट भाग्दै कालीगण्डकीमा हामफालेका थिए। बेपत्ता व्यक्तिको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक अनिलकुमार खड्काले बताए।

## ३ तोला गरगहना चोरी

नवलपरासी/ कावासोतीस्थित थारू टोलनिवासी कमला श्रेष्ठको घरबाट मंगलबार राति गरगहना चोरी भएको छ। कोठामा राखेको दराजबाट दुई जोर टप, दुईवटा औंठी, जन्तर, सौभाग्य, मंगलसूत्र र चन्द्रमा गरी करिब तीन तोलाबराबरको गहना चोरी भएको इलाका प्रहरी कार्यालय नवलपुरले जनाएको छ। घरमा सबैजना ढोका खुलै राखेर सुतेको र दराजको चाबी खोलेर चोरी गरेको जनाइएको छ। घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



# नेपाल धितोपत्र बोर्ड स्थापनाको २५ वर्षका उपलब्धि तथा बोर्डको प्रतिबद्धता

**१. बोर्डको स्थापना**

वि.सं. २०४० को दशकको शुरुवातसँगै देशले आंशिक आर्थिक उदारीकरणको नीति अवलम्बन गरेपश्चात् वित्तीय प्रणालीको विकासको गति बढ्दै गयो। उक्त दशकमा बैंकिङ्ग क्षेत्रमा वैदेशिक तथा स्वदेशी निजी क्षेत्रको प्रमुख लगानीमा बैंक तथा वित्तीय संस्था खोल्ने क्रम शुरु भयो। २०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली भएपछि देशले खुल्ला, उदार र प्रतिस्पर्धात्मक आर्थिक नीति अवलम्बन गऱ्यो। नेपालमा विदेशी प्रत्यक्ष लगानी पनि आउन थालेको र स्वदेशी लगानी पनि उत्पादनमूलक र सेवा क्षेत्रका बढ्न थालेपछि धितोपत्र बजारलाई विकास र विस्तार गर्नुका साथै यस क्षेत्रलाई नियमन गर्नुपर्ने आवश्यकता देखियो। वि.सं.२०४९ सालमा २०४० सालमा बनाइएको धितोपत्र कारोवार ऐनको परिच्छेद २ मा (क) थप गरी भएको संशोधनबाट नियमनकारी निकायको रुपमा बोर्डको स्थापना गर्ने व्यवस्था भयो। सो ऐन मंसिर ११ को राजपत्रमा र त्यस अनुरुपको नियमावली २०५० जेठ १३ गतेको राजपत्रमा जारी भएपछि. वि.सं. २०५० जेठ २५ मा धितोपत्र बजारको नियमन निकायको रुपमा नेपाल धितोपत्र बोर्डको स्थापना भएको हो। पुँजी बजारलाई स्वच्छ, पारदर्शी, प्रभावकारी एवं प्रतिष्पर्धी बनाई पुँजी परिचालनकर्ता तथा लगानीकर्ताहरुका लागि पहुँचयोग्य र विश्वसनीय बनाउने, लगानीकर्ताको हित संरक्षण गर्ने तथा पुँजी बजार नियमन तथा सुपरिवेक्षण गर्ने बोर्डको प्रमुख जिम्मेवारीको रुपमा रहेको छ।

**२. बोर्डको काम, कर्तव्य तथा अधिकारहरु**

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन्:

- धितोपत्र सार्वजनिक रुपमा निष्कासन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने।
- धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने।

**३. धितोपत्र बजार**

**क. प्राथमिक बजार (Primary Market)**

संगठित संस्थाहरुले पुँजी संकलन गर्न धितोपत्रका विभिन्न औजारहरु सर्वसाधारणलाई जारी गर्ने बजारलाई प्राथमिक बजार भनिन्छ। यस बजारले एकातिर संगठित संस्थालाई पुँजी संकलन गर्नको लागि महत्वपूर्ण संयन्त्रको कार्य गर्दछ भने अर्कोतिर सर्वसाधारणलाई लगानीको अवसर समेत प्रदान गर्ने हुनाले धितोपत्रको प्राथमिक बजार मार्फत् समाजमा छरिएर रहेका पुँजीहरु एकत्रित भएर उत्पादनशील क्षेत्रतर्फ प्रवाह भई हुने आर्थिक गतिविधिहरुले देशको आर्थिक वृद्धि तथा विकासमा महत्वपूर्ण योगदान पुग्दछ।

वि.स. २०५० मा नेपाल धितोपत्र बोर्डको स्थापना भएपश्चात् संगठित संस्थाले धितोपत्र निष्कासन गर्दा बोर्डको अनुमति लिनुपर्ने व्यवस्था भयो। यस व्यवस्था बमोजिम वि.स. २०५० देखि वि.स. २०७४ बैशाखसम्ममा धितोपत्र बजारमार्फत् रु. १ खर्ब ६७ अर्ब ९२ करोड ३० लाख बराबरको पुँजी परिचालन भएको छ। विगत २५ वर्षमा सबैभन्दा कम पुँजी संकलन आर्थिक वर्ष २०५१।५२ मा भएको थियो भने सबैभन्दा बढी पुँजी संकलन आर्थिक वर्ष २०७३।७४ (वैशाख मसान्तसम्म) मा भएको छ।

**कुल सार्वजनिक निष्कासन रकम (रु. करोडमा)**



* आर्थिक वर्ष २०७३।७४ वैशाखसम्म

आर्थिक वर्ष २०६०।६१ देखि धितोपत्र बजारमा प्रवेश गरेका जलविद्युत क्षेत्रका कम्पनीहरुले हालसम्म रु. १० अर्ब ९८ करोड पुँजी परिचालन गरेका छन्। पछिल्ला समयमा धितोपत्र बजारमा प्रवेश गर्ने जलविद्युत क्षेत्रका कम्पनीहरुको संख्यामा उत्साहजनक बृद्धि आएको छ। यी क्षेत्रका कम्पनीहरुले गर्ने धितोपत्रको सार्वजनिक निष्कासनमा सर्वसाधारणको उत्साहजनक सहभागिताका कारण नेपालमा जलविद्युत उत्पादनका लागि आवश्यक पुँजी देशभित्र स्थानीयस्तरबाटै परिचालन गर्न सकिने तथ्य प्रमाणित भएको छ। हालसम्म सबैभन्दा बढी पुँजी संकलन बैंक समूहबाट (करिब ४७ प्रतिशत) भएको छ भने सबैभन्दा कम पुँजी परिचालन व्यापार समूहको भएको छ।

**प्राथमिक बजारमा कम्पनीको समूहगत उपस्थिति (सार्वजनिक निष्कासन भएको रकमको आधारमा)**




**ख. दोस्रो बजार (Secondary Market)**

नेपाल स्टक एक्सचेन्ज लि. ले धितोपत्रको दोस्रो बजारको सुरुवात २०५० पौष २९ बाट शुरु गरेको हो। २५ धितोपत्र दलाल व्यवसायीबाट कारोवारको शुरुवात भएपछिका केही महिना धितोपत्रको कारोवारमा बृद्धि भएको देखिएतापनि आर्थिक वर्ष २०५२।५३ देखि २०५४।५५ सम्म यसमा निकै शिथिलता आएको थियो। आर्थिक वर्ष २०५५।५६ पश्चात् उक्त कारोबार रकममा क्रमिक सुधार आएको थियो। विगत २५ वर्षको अवधिमा धितोपत्रको सबैभन्दा बढी कारोबार आर्थिक वर्ष २०७२।७३ मा रु. १ खर्ब ६३ अर्ब ९५ करोड ७७ लाख बराबरको र सबैभन्दा कम कारोबार आर्थिक वर्ष २०५४।५५ मा रु. २० करोड २६ लाख बराबरको भएको थियो।

**धितोपत्रको वार्षिक कारोबार रकम (रु. करोडमा)**



*आर्थिक वर्ष २०७३।७४ चैत महिना

**ग. बजार पुँजीकरण (Market Capitalization)**

सूचिकृत धितोपत्रको कुल संख्यालाई बजार मूल्यले गुणा गरी बजार पुँजीकरणको गणना गरिन्छ। आर्थिक वर्ष २०५०।५१ को अन्त्यमा बजार पुँजीकरण रु. १३ अर्ब ८७ करोड २० लाख रहेकोमा उक्त बजार पुँजीकरणमा करिब १३५ गुणाले वृद्धि आई आर्थिक वर्ष २०७२।७३ मा रु. १८ खर्ब ९० करोड १३ लाख कायम भएको छ। आर्थिक वर्ष २०६५।६६ देखि गणना शुरु गरिएको फ्लोट बजार पुँजीकरण उक्त वर्षमा रु. १३ अर्ब ३० करोड ९६ लाख रहेको थियो। उक्त पुँजीकरण आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा करिब ५५ गुणाले वृद्धि आई रु. ७ खर्ब १८ अर्ब ९६ करोड पुगेको छ।

**बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको प्रवृति (रकम रु. करोडमा)**




*आर्थिक वर्ष २०७३।७४ चैत महिना

**४. धितोपत्र बजारका सहभागी संस्थाहरु :**

धितोपत्र बजारका विभिन्न कृयाकलापमा सहभागी भै बजार विकासमा महत्वपूर्ण भूमिका खेल्ने बजार सहभागीहरुमा धितोपत्र बजार-१, केन्द्रीय निक्षेप सेवा-१, धितोपत्र व्यवसायी: मर्चेन्ट बैंकर-२३, धितोपत्र दलाल व्यवसायी-५०, शाख मूल्यांकन संस्था-१, सामूहिक लगानी कोष-९, निक्षेप सदस्य-६८, आस्वा सदस्य बैंक तथा वित्तीय संस्था-५२, क्लियरिङ्ग बैंक-४ र सूचीकृत संगठित संस्था-२११ सहित कूल ४२० सहभागी संस्थाहरु रहेका छन्।

**५. बोर्डले पुँजी बजार सुधार सम्बन्धमा गरेका मुख्य मुख्य कार्यहरु:**

➢ **धितोपत्र बजार पूर्ण स्वचालित (Full Automation) युगमा प्रवेश:** धितोपत्रको कारोवार प्रणाली यस अघि नै स्वचालित भइसकेको परिप्रेक्ष्यमा विद्युतीय नामसारी र राफसाफ सेवाको पूर्ण स्वचालित संचालनका लागि २०७२ माघदेखि अभौतिकृत धितोपत्रको कारोवार मात्र हुनेगरी आवश्यक व्यवस्था मिलाईएकोले धितोपत्र बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ।

➢ **दलाल व्यवसायी शुल्कमा ४० प्रतिशतसम्मको कटौती:** दक्षिण एशियामा नै उच्च रहेको नेपालको धितोपत्रको कारोवारमा लाग्ने दलाल व्यवसायी शुल्कलाई नेपाल सरकारको स्वीकृतिमा संशोधन गरी ४० प्रतिशतसम्म कटौती गरिएको छ जसबाट लगानीको लागत घटी धितोपत्रमा हुने लगानी प्रोत्साहित भएको छ।

➢ **प्राथमिक बजारमा संरचनात्मक सुधार गर्न धितोपत्र खरिद (सार्वजनिक निष्कासन निर्देशिका, २०७३, ASBA प्रणाली) लागू:** बोर्डले सार्वजनिक निष्कासन प्रकृयालाई थप सरल, व्यवस्थित, पारदर्शी बनाई निष्कासनको ७० दिने समयावधिलाई उल्लेख्यरुपमा न्यून गर्ने उद्देश्यले २०७३ माघदेखि आस्बा प्रणाली ऐच्छिक रुपमा काठमाडौंमा लागू गरेको र हाल २०७४ श्रावणदेखि देशैभरी अनिवार्य लागू गर्ने व्यवस्था गरिएको छ।

➢ **संस्थागत क्षमता अभिवृद्धि गर्न नयाँ कर्मचारीको नियुक्ति:** बोर्डमा कर्मचारी न्यून रहेको पृष्ठभूमिमा लोकसेवा आयोगको समेत संलग्नतामा गतवर्ष २७ जना कर्मचारी नियुक्ति कार्य सम्पन्न भएको छ। चालु आ.व. वर्षमा समेत १४ जना कर्मचारी नियुक्तिको प्रकृया अगाडि बढाईसकिएको छ।

➢ **IOSCO र ANNA को सदस्यता प्राप्तिमार्फत नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मान्यता:** बोर्डले लामो समयको प्रयासपछि गत वर्ष २०१६ जुलाईमा धितोपत्र बजारको नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्थाको रुपमा रहेको International Organization of Securities Commissions (IOSCO) को एशोसियट सदस्यता प्राप्त गरेको छ। साथै बोर्डको समन्वयमा सिडिएस एण्ड क्लियरिङ्ग लि. ले Association of National Numbering Agencies (ANNA) को सदस्यता प्राप्त गरेको छ।

➢ **बजारको गहिराई हेर्ने व्यवस्था:** दोस्रो बजारको कारोवार पारदर्शी बनाउन सम्पूर्ण लगानीकर्ताहरुलाई धितोपत्रको माग तथा आपूर्तिको जानकारी लिन सक्नेगरी बजारको गहिराई (Market Depth) हेर्ने व्यवस्था मिलाइएको छ।

➢ धितोपत्र व्यवसायीको सेवा सुदृढ गर्न तथा कार्य क्षेत्र विस्तारका लागि बोर्डको समन्वयमा मर्चन्ट बैंकरहरुलाई मलेशियाको र धितोपत्र दलाल व्यवसायीहरुलाई भारत र बंगलादेशको पुँजी बजारको अध्ययन भ्रमण गराईएको छ।

➢ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ जारी गरी धितोपत्रको निष्काशन कार्य थप व्यवस्थित तथा पारदर्शी भई विगत २५ वर्षदेखि Fixed Price मा सार्वजनिक निष्काशन हुने गरेकोमा निश्चित मापदण्ड पूरा गरी प्रिमियम मूल्यमा शेयर जारी गर्न सकिने व्यवस्था गरिएको छ। साथै धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ एवं धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशका, २०७४ को कार्यान्वयन मार्फत धितोपत्रको बाँडफाँटमा आवेदन गर्ने सबै लगानीकर्ताहरुलाई धितोपत्र बाँडफाँट हुने सुनिश्चितता गरिएको छ। साथै प्रिमियममा शेयर निष्काशन गर्ने व्यवस्था समेत नियमावलीका माध्यमबाट गरिएको छ।

➢ सूचिकृत संगठित संस्थाहरुले आफ्नो मूल्य संवेदनशील सूचना धितोपत्र बजारलाई तत्काल उपलब्ध गराउनुपर्ने र त्यसरी प्रवाह हुने सूचना धितोपत्र बजारले प्रमाणित गरी एउटै Standard Format मा लगानीकर्ताहरुले सहज रुपमा हेर्न पाउने व्यवस्था गर्न निर्देशन दिइएको छ।

६. बोर्डको २५ वर्षे यात्रामा सहयोग पुऱ्याउने सम्बद्ध सबै पक्षहरुमा हार्दिक धन्यवाद तथा अभार प्रकट गर्न चाहन्छु। देशको आर्थिक विकासका लागि आवश्यक पुँजी परिचालन गर्न पुँजी बजारको दोश्रो बजार कारोबारलाई देशव्यापी बनाई थप प्रतिस्पर्धी बनाउनका साथै बजारको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै धितोपत्रमा लगानीगर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति धितोपत्रको निष्कासन, खरिद तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न बोर्ड सदा कटिबद्ध र प्रतिवद्ध रहेको छ।

नेपाल धितोपत्र बोर्ड SECURITIES BOARD OF NEPAL SEBON रजत जयन्ती २०५०-२०७४

**डा. रेवत बहादुर कार्की**
**अध्यक्ष**
**तथा**
**नेपाल धितोपत्र बोर्ड परिवार**

नयाँ पत्रिका
सम्पादकीय

# निरलो बहिर्गमन

प्रधानमन्त्री पुष्पकमल दाहाल एकातिर आफैँ प्रस्तावक बनेर नयाँ प्रधानमन्त्री चयनको तयारीमा थिए भने अर्कातिर प्रधानन्यायाधीश सुशीला कार्की आफ्नो कार्यकाल सकेर सर्वोच्चबाट बाहिरिँदै थिइन्। प्रधानमन्त्री प्रचण्ड आफू र कांग्रेस सभापतिबीचको सहमतिका कारण प्रधानमन्त्रीबाट राजीनामा बुझाएर हिजो बुधबार आफ्नो आवास फर्केका हुन् भने प्रधानन्यायाधीश कार्की उमेरहदका कारण मंगलबार नै ६५ वर्ष पुगेकाले अनिवार्य अवकाशमा गएकी हुन्। प्रचण्डले १० गते नै राजीनामा दिएको भए पनि संवैधानिक तथा संसदीय प्रक्रियाका कारण हिजो मात्र सेवामुक्त भएका हुन्। उता प्रधानन्यायाधीश कार्कीले सामान्य प्रचलनअनुरूप २४ वैशाखदेखि बिदा लिनुपर्नेमा स्वेच्छाले पूरै अवधि काम गरेकी हुन्। प्रधानमन्त्रीबाट हटेका या राजीनामा दिएका नेतालाई अर्को प्रधानमन्त्रीमा को आउँछ भन्ने व्यवस्था गर्ने वैधानिक दायित्व र बाध्यता हुँदैन। तर, प्रचण्डले आफैँ प्रस्तावक बनेर नयाँ प्रधानमन्त्री चयन गरे र शेरबहादुरले शपथ लिएपछि बालुवाटार छाडे। उता एक महिनापहिले नै न्यायपरिषद्को बैठकमार्फत नयाँ प्रधानन्यायाधीशको सिफारिस गराउने र संवैधानिक परिषद्मार्फत नयाँ प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया पूरा गराउने वैधानिक या व्यावहारिक बाध्यतामा रहेकी प्रधानन्यायाधीश सुशीला कार्कीले त्यो भूमिका पूरा गर्न सकिनन्। प्रक्रियागत नभए पनि उनले संवैधानिक परिषद्मा केही नाम भने सिफारिस गरेर छाडिन्। प्रधानमन्त्रीका रूपमा प्रचण्ड फेरि फर्कन पनि सक्छन्, राजनीति हो सम्भावना मरिहाल्दैन। तर, प्रधानन्यायाधीशका रूपमा सुशीला कार्की फेरि फर्किन सक्दिनन्। यी सारा भिन्नतासहित एकै दिन पदबाट बाहिरिएका प्रधानमन्त्री प्रचण्ड र प्रधानन्यायाधीश सुशीला कार्कीको कार्यकाल केही राम्रा र केही विवादास्पद निर्णयबीच सकियो। विडम्बना नै भन्नुपर्छ सुशीला कार्कीलाई सर्वोच्चको पहिले न्यायाधीश र पछि प्रधानन्यायाधीश बनाउन प्रचण्डको प्रत्यक्ष–अप्रत्यक्ष भूमिका थियो र दुवैको सम्बन्ध राम्रो छ भनेर लख काटिन्थ्यो। तर, पदमा छँदै प्रचण्ड नेतृत्वको सत्तापक्षीय गठबन्धनका तर्फबाट संसद्मा प्रधानन्यायाधीश कार्कीविरुद्ध महाभियोग प्रस्ताव ल्याइयो। अनि पदमा रहेकै वेला प्रधानन्यायाधीश कार्कीले सार्वजनिक अन्तर्वार्तामार्फत प्रधानमन्त्रीलाई सर्वोच्च अदालतको कार्यक्षेत्र र न्यायपालिकाको स्वतन्त्रतामाथि हस्तक्षेप गर्दै लोकमानसिंह कार्कीविरुद्ध कारबाही नगर्न दबाब दिएको गम्भीर आरोप लगाइन्। यसरी कार्यपालिका र न्यायपालिकाका दुई प्रमुख एकैदिन बिदा भए। प्रधानमन्त्री राजनीतिक पदमा भएकाले हल्लाखल्ला र तामझाम निकै देखियो प्रधानन्यायाधीशले खल्लो बहिर्गमन रोजिन्। कतिसम्म भने उनी पदमा बहाल छँदै उनमाथि लगाइएको महाभियोग प्रस्ताव वैधानिक रूपमा फिर्तासमेत भएको थिएन र उनले पाउनुपर्ने पेन्सनको प्रक्रियासमेत आरम्भ भएको थिएन।

> प्रधानमन्त्री राजनीतिक पदमा भएकाले बहिर्गमनको समयमा हल्लाखल्ला र तामझाम निकै देखियो भने प्रधानन्यायाधीशले खल्लो बहिर्गमन रोजिन्

तर, नेपालको इतिहासमा पहिलो महिला प्रधानन्यायाधीश बनेर नाम कमाएकी कार्कीले आफ्नो कार्यकालमा तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीलाई कारबाही गरेर समाजमा एउटा सकारात्मक छाप छाडिन्। उनले प्रधानन्यायाधीशका रूपमा गरेको जम्माजम्मी राम्रो र उदाहरणीय काम भने त्यही नै हो। बाँकी उनी न्यायपरिषद्को सफल नेतृत्व गर्न र वार र बेन्चबीच सहज सम्बन्ध राख्न असफल देखिइन्। यसमा उनको कति जिम्मेवारी थियो र बारको कति भन्ने विवाद भने सधैँ रहला। उनैका पालामा महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्चबीचसमेत चर्को विवाद देखियो। मूलतः भावावेगमा बढी चल्ने र अदालतभित्रैका कतिपय छद्म राजनीतिक खेललाई ठम्याउन नसकेर प्रभावित हुने कमजोर छवि बन्यो उनको। न्याय क्षेत्रको सर्वोच्च तहमा पुगेर केही विवादास्पद र कीह सहासी निर्णय र फैसलासहित बिदामा बसेकी सुशीला कार्की नेपालको न्यायिक इतिहासमा भने सधैँ सम्झिइनेछिन्।

# यी व्यर्थका प्रश्न

दृष्टिकोण


झलक सुवेदी

यी प्रश्न निर्दोष भने होइनन् है, एउटा हिन्दी गीतमा 'तेरे मासुम सवालों से परेसान हुँ मैं' भने झैँ। यी प्रश्न घरीघरी घोच्न आइरहन्छन्।

१ राजनीति र कांग्रेसप्रति चासो राख्ने काठमाडौंको गफाडी वृत्तमा शेरबहादुर देउवा र प्रदीप गिरिबारे एउटा ठट्टा पन्ध्र वर्षअघिदेखि प्रचलित छ। एकपटक सन्ध्याकालीन जमघटमा शेरबहादुरसँगै गफिइरहेका वेला गिरिले वरपर भएकालाई सुनाउँदै भनेछन् : यो शेरबहादुर मूर्ख छ। न कुनै पुस्तक पढ्छ न कुनै शास्त्रबारे जान्दछ। हाजिरीजवाफ शैलीमा शेरबहादुरले भनेछन् : म मूर्ख भएर दुईपटक प्रधानमन्त्री बनिसकेँ, तँ विद्वान् भएर एकपटक पनि हुन सकेको छैनस् त ! गिरिलाई आफ्नै वचनले पोलेछ।

हो त, किन प्रदीप गिरि कहिल्यै प्रधानमन्त्री या मन्त्री हुन्नन् र शेरबहादुर चार–चारपटक प्रधानमन्त्री बने ? के छ त्यस्तो रहस्य जसले प्रधानमन्त्रीमा शेरबहादुरलाई खोज्छ, जो आफ्ना विगतका प्रधानमन्त्रीत्व कालका कामका सन्दर्भमा बदनाम पनि छन्।

यो प्रश्नको सम्झना त्यतिवेला भयो, जब चार दिनअघि तिनै विद्वान् तथा कायाले वृद्ध देखिँदै गरेका आदरणीय प्रदीप गिरि प्रमुख प्रतिपक्षी दलका नेता केपी ओलीको बालकोट दरबारमा देउवाको प्रधानमन्त्री बन्ने बाटो खोलिदिन अनुरोध गर्दै हात जोड्न पुगेको टिभीहरूले देखाए। प्रदीपको नियति के होला र शेरबहादुरको व्यक्तित्वको असार्वजनिक पाटो के होला ? के तागत छ शेरबहादुरसँग, जसले प्रदीपलाई सधैँ आफ्ना वरपर सहयोगीका रूपमा काम गर्न प्रेरित गर्छ ? त्यसको बदला मजाले तिघ्रे भन्दै उडाएर प्रदीप आफ्नो पीडा लुकाउँछन्। 'क्या गम हे जिसको छुपा रहे हो' प्रदीप दाइ ? यहाँनेर गिरि स्वयंको पदप्रतिको अनाशक्तिबारे प्रश्न उठाउन खोजेको चाहिँ किमार्थ होइन। केवल राजनीतिमा बौद्धिकता र मूर्खताको के सीमा हुन्छ र के अवसर, भन्ने जान्न उत्सुक भएको मात्र हो।

सामयिक राजनीतिको विद्यार्थीका रूपमा यसपालि शेरबहादुरको सत्तारोहण मधेस आन्दोलन, प्रचण्डको प्रधानमन्त्री बन्ने चाहना, जिओपोलिटिक्स, ओलीको हठवादिता तथा धेरैचाहिँ संसदीय गणितका कारण गत वर्ष नै निर्धारित थियो भन्ने त म पनि अनुमान गर्न सक्छु। तर, शेरबहादुरजत्तिकै पुराना, त्यागका केही बढी नै भोटो फटाएका, अपेक्षाकृत सिद्धान्त बुझेका रामचन्द्र पौडेल मलीन अनुहार लिएर प्रधानमन्त्रीको समर्थकका रूपमा संसद्मा प्रस्ताव दर्ता गर्न जाने र शेरबहादुरचाहिँ निरन्तर प्रधानमन्त्री बनिरहने कुरा रहस्य नभएर पनि एकप्रकारको प्रश्न त बनिरहन्छ।

अरूका नियतिमाथि निकै सुरुचिपूर्वक लेख्नुहुने प्रदीप गिरिले यो आफ्नै र रामचन्द्रको नियति तथा देउवाको प्राप्तिबारे केही लेखे स्वाद आउँदो हो।

२ उखान र नेपाली बोलीचालीका द्विअर्थी शब्द खेलाउन माहिर कमरेड ओली आफ्नो क्षमताकै आधारमा दलभित्रका प्रतिपक्षी गुटलाई तह लगाएर पार्टी अध्यक्ष र प्रधानमन्त्रीसमेत बने। उनको तार्किकता, वाक्पटुता र प्रत्युत्पन्न मति गज्जबको छ। राजनीतिमा एउटा दृष्टिकोण बनाएपछि त्यसमा मजाले अडिने र पछारिँदा पनि आफ्ना खुट्टा अर्काको शरीरमाथि राखेर आफैँले जितेको भान दिनसक्ने गज्जबको क्षमता पनि उनमा छ। कहिलेकाहीँ त उनी यस्तो भ्रम 'भर्चुअल्ली' नै सही, यति शक्तिशाली रूपमा सिर्जना गर्छन् कि भर्खर उनैलाई जितेको मानिस पनि एकछिन आफ्नो जितबारे आशंका गर्न थाल्छ। जनकपुर महाधिवेशनमा उनले हलमा आफ्नो मत अल्पसंख्यामा पर्ने देखेपछि एउटा बसको यात्रुको उदाहरण दिँदै भनेका थिए– एउटा यात्रु बसमा चढेछ, गाउँबाट सहर आउन। बाटो खाल्डाखुल्डीको। बस घरी यता कोल्टिएर लड्लाझैँ गर्ने घरी उता कोल्टिएर। सो यात्रु भने बसको बीचमा ठड्याइएको डन्डी बलियोसँग समातेर उभिएछ। बस गन्तव्यमा पुगेपछि ओर्लेर भनेछ : आज मैले त्यो डन्डी बलियोसँग नसमातेको भए बस लडेर यतिका मान्छेको ज्यान जाने थियो। महासचिव त माधव नेपाल नै निर्वाचित भए तर ओलीले उनलाई भर्चुअल्ली हराएर आए माधव मनमनमा हारेर आए। बुटबलमा झलनाथले जित्दा पनि त्यस्तै भएको थियो।

> किन प्रदीप गिरि कहिल्यै प्रधानमन्त्री या मन्त्री हुन्नन् र शेरबहादुर चार-चारपटक प्रधानमन्त्री बने ? के छ त्यस्तो रहस्य, जसले प्रधानमन्त्रीमा शेरबहादुरलाई खोज्छ, जो आफ्ना विगतका प्रधानमन्त्रीत्व कालका कामका सन्दर्भमा बदनाम पनि छन्।

अब केही गडबड भयो जस्तो छ। दोस्रो ठूलो दलका नेता। प्रचण्डको समर्थनमा प्रधानमन्त्री भएका थिए। तर, उनले आफ्नो पार्टीको अल्पमत पक्षलाई या माधव अथवा झलनाथ खनाललाई झैँ प्रचण्डलाई पनि टेर्न छाडेपछि १० महिना पूरा पनि प्राधानमन्त्री नहुँदै पद छाड्नुपर्‍यो। आफू प्रधानमन्त्री बनिरहन नसके अर्कालाई प्रधानमन्त्री बनाएर पनि आफ्नो दललाई सरकारको नेतृत्वमा राखिरहनुपर्नेमा उनी भने आफूले नपाए दलको अर्कोले पनि पाउँदैन भन्दै हिँडे। पछिल्लो समय त उनी यसरी बोल्छन् कि आज बोलेको कुरो भोलि लागू हुँदैन। पर्सि अर्को कुरो भन्छन् र त्यो पनि लागू हुँदैन। निर्वाचनको मितिबारे पनि त्यही ताल भो, बजेटबारे पनि बोलेपछि सोच्ने गर्न थाले। हुँदाहुँदा उनी यति धेरै कमजोर बन्न थालेछन् कि प्रमुख प्रतिपक्षी दलको नेताका रूपमा संसदीय मर्यादाको पाठ पढाएको एक घन्टा नबित्दै उनी नयाँ प्रधानमन्त्रीलाई बधाई पनि नदिई संसद्बाट बाहिरिन पुगे।

के ओलीमा अब पहिलेको जस्तो अडान लिने क्षमता घटेको, पराजयलाई पनि विजयझैँ देखाउने खुबी र राजनीतिको सही आँकलन गरेर आफ्ना कुरा पूरा गर्ने क्षमता निखिएको हो ? अन्यथा मंगलबारको संसद्मा उनी कमसेकम एकछिन बसेर प्रधानमन्त्रीलाई बधाई दिएर निस्कने धैर्य गुमाउँदैनथे।

उनको अहिलेको ताउरमाउरले संकेत गर्छ यिनले अब आउने संसद्को निर्वाचनपछि पनि एमालेको नेतृत्वमा सरकार बन्ने बाटो बन्द गरिसके। एमालेका नेतालाई ओलीको यो हठवादले जनमतको एउटा हिस्सालाई त आकर्षित गर्‍यो तर एमालेलाई समग्रमा पछि धकेल्दै छ भन्ने प्रश्नले पिरोल्दो हो कि नाइँ ?

३ निवर्तमान बनेका प्रधानमन्त्री प्रचण्डको क्षमताबारे दुनियाँ जानकार छ। एउटा सानो समूहको नेतृत्व गरेर जनयुद्धमा होमिएका उनले १० वर्षमा गज्जब शक्ति आर्जन गरे। गणतन्त्र ल्याउने कामको नेतृत्व गरे। कहिले सबैभन्दा ठूलो दल, कहिले तेस्रो लिखुरे दलको नेताका रूपमा संसद् र सरकारमा पुगे। पछिल्लोपटक प्रधानमन्त्रीका रूपमा अलि गम्भीरतापूर्वक काम गर्ने प्रयास गरे। केही सफलता हातलागी पनि भए।

उनले थालेको र नेतृत्व गरेको आन्दोलनका कारण १७ हजारजति मानिस मारिए, बेपत्ता भए, अरू हजारौँ घाइते भए। हजारौँ विस्थापित पनि भए। अहिले देशमा संघीयता, समावेशी र समानुपातिक लोकतन्त्रको जेजस्तो अभ्यासको संवैधानिक व्यवस्था आएको छ, त्यसको मुख्य जस पनि उनैलाई जान्छ। सबैभन्दा ठूलो दलको नेता हुँदा जबर्जस्ती प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य पारिएका उनले यसपालि भने खुसीले राजीनामा दिएको छवि बनाए। पछिल्लो नेपालको राजनीतिक कालखण्डमा सबैभन्दा बढी गाली खानेमा गिरिजाप्रसादपछि यिनैको नाम आउँछ। सम्भवतः प्रशंसाचाहिँ अलि कमै पाउनेमा पर्छन्।

पछिल्लोपटक प्रधानमन्त्रीबाट राजीनामा दिएपछि उनका सार्वजनिक अभिव्यक्ति सुन्दा भने एउटा अनौठो तस्बिर आउँदो रहेछ– उनले जे–जति काम गरे या गरेनन्, त्यसको जस–अपजस आफैँ लिँदा रहेछन्। कहिल्यै उनी माओवादी नेतृत्वको सरकारले यसो गर्‍यो भन्दैनन्, प्रचण्डले यसो गर्‍यो, मैले यसो गरेँ भन्छन्। सबै कुरा प्रचण्डको हुन्छ, त्यो माओवादीको हुँदैन। त्यतिका नेता छन्, कार्यकर्ता छन्, भोटर छन्, हिजो मारिएका त्यतिका सहिद र तिनका परिवार छन्, बेपत्ताका परिवार छन्, पूर्वजनमुक्ति सेनाका लडाकु छन्। भलै मुख्य नेता प्रचण्ड हुन्, तर योगदान त सबैको होला। यथास्थानविषे मान त सबैले पाउने नै होलान्। अनि सबैको प्रतिनिधित्व त पार्टीले नै गर्ने होला। जब अध्यक्ष नै आफ्ना काम र आफ्नो सरकारले गरेको कामको जस आफैँ पोको पार्छन् र पार्टीलाई दिँदैनन् अनि अरू नेता–कार्यकर्ता किन सक्रिय बन्लान् ? त्यत्रो सामूहिक आन्दोलनको नेतृत्व गरेको मान्छेमा यस्तो मनोगत चिन्तन किन ? पार्टी होइन म, मैले, मेरो ? मार्क्सवादी दर्शन बुझेका लेनिन र माओका अनुयायी दाबी गर्ने नेताको यो व्यक्तिकेन्द्रित अभिव्यक्तिको रहस्य के होला ?

यसपटकको उनको प्रधानमन्त्रीत्व धेरै हिसाबले कम विवादास्पद रह्यो। छवि पनि सुध्रियो। काम पनि भयो। जस पनि पाए। नेताका रूपमा अब उनी अरूका लागि पनि स्वीकार्य हुँदै गए। तर, बुझ्न नसकेको कुराचाहिँ, आफ्ना पुत्र प्रकाश दाहाललाई नै सचिवालयमा ल्याउन किन पर्‍या होला ? अब प्रकाश कुनै नाबालिग त छैनन्। आफ्नै व्यक्तित्व बनाउने र अरूसँग स्वच्छ प्रतिस्पर्धा गरेर राजनीतिमा माथि उठ्न प्रयास गर्न दियो भने प्रचण्डबाहिर पनि त उनको जीवन बन्दो हो। नसके किनारा लाग्थे। आफ्नो धन्दा गरेर खान्थे। जनयुद्ध कालमा सँगै हिँडेकाले अहिले पनि सँगै हिँडाउनुपर्ने तर्क अब मरि सक्यो। उनले पनि यसअघि बाबुलाई सहयोग गरेर बसेकै थिए। त्यसमाथि पिताको क्याबिनेटले पुत्रलाई पदक विभूषण दिनुपर्ने त्यस्तो के विशिष्ट योगदान प्रचण्डले देखे होलान् ? प्रकाशजत्तिकै तर दुःखमा रहेका पार्टीप्रति इमानदार अरू कार्यकर्तालाई सो जिम्मेवारी दिँदा के बिग्रने रहेछ ? आफ्नै सचिवालयमा भाइ नारायण दाहाललाई ल्याउनैपर्ने कारणबारे कमरेड बादल या नारायणकाजीले सोध्दा होलान् कि नाइँ ? प्रचण्डले यत्रो उथलपुथलको नेतृत्व गरेपछि परिवारका सदस्यबारे यति आशक्ति देखाउन किन परेको होला ?

पछिल्लो समय प्रचण्डलाई खेद्नेहरूले एउटा हतियार रेणु दाहालको उम्मेदवारीलाई बनाए। उनी किन त्यता उठ्न गइन् या प्रचण्डले किन पठाए भन्ने मेरो चासो होइन। बरु यस मामिलामा उम्मेदवार बनेपछि रेणु दाहाललाई जसरी लखेट्ने प्रयास भयो, त्यो निकै दिक्कलाग्दो छ। यस मानेमा रेणु दाहालप्रति मेरो सहानुभूति पनि छ, शुभकामना पनि।

तर, भरतपुरमा जुन तालमेल भयो, त्यसले भने प्रचण्डलाई कत्ति राम्रो गरेन। उनले आफ्नी छोरीकै लागि यस्तो तालमेल गरेको भन्ने सन्देश गयो। अरू कुनै माओवादी उम्मेदवारका पक्षमा तालमेल गरेको भए प्रचण्डको यति बद्ख्वाइँ पनि हुन्थेन सम्भवतः। सजिलै निर्वाचन पनि जित्दा हुन्। यसबारे प्रचण्ड के सोच्दा हुन् ? हत्तेरी यस्तो नगरेको भए हुने रहेछ, अफ्नै राजनीतिक उचाइ केही सेन्टिमिटर घट्यो भन्ने लाग्दो हो कि नाइँ उनलाई ? कस्ता वाहियातका प्रश्न आउँछन् र हैरान पार्छन् भने !


देश परदेश
● ओपी राना

# खेलकुद र शक्तिवर्धक औषधिको साइनो

केही समयपहिले एक प्रतियोगितामा स्वर्णपदक जितेका माइकल फेल्प्सले 'खेलकुदमा शक्तिवर्धक औषधिको प्रयोग ज्यादै नराम्रो लागेकाले शक्तिवर्धक औषधिको प्रयोग निवारण होस् भन्ने चाहन्छु' भने। खेलकुदमा राम्रो प्रदर्शन गर्नकै लागि शक्तिवर्धक औषधिको प्रयोग हुने गरेकोलाई इंगित गर्दै उनले यस्तो धारणा राखेका थिए।

खेलकुदको नतिजा आफ्नो पोल्टामा पार्नकै लागि शक्तिवर्धक औषधि प्रयोग हुनु नौलो भने होइन। सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सोलमा आयोजित ओलम्पिक प्रतियोगितामा क्यानडाका खेलाडी बेन जोन्सनले शक्तिवर्धक औषधि प्रयोग गरेको खुलेको थियो। यो घटना नै खेलकुदमा शक्तिवर्धक औषधि प्रयोग गरिएको सबैभन्दा पहिलो र ठूलो घटना हुन सक्छ। पछि उनलाई अयोग्य खेलाडी घोषित पनि गरियो। तर, अयोग्य घोषणा हुनुभन्दा पहिल्यै उनले प्रतियोगितामा भाग लिएर ९.७९ सेकेन्डमै १०० मिटर दौड पूरा गरेका थिए। जोन्सन अयोग्य घोषित भएको समाचार संसारभर फैलियो। हुनत यसअघि फ्रान्समा टुर दि साइक्लिङ प्रतियोगिता जितेका लान्स आर्मस्ट्रङले पनि शक्तिवर्धक औषधि सेवन गरको खुलेको थियो। आर्मस्ट्रङभन्दा जोन्सनले शक्तिवर्धक औषधि प्रयोग गरेको चर्चा लामो समयसम्म खेलकुद क्षेत्रमा फैलिएको थियो।

सन् १९८७ मा इटलीको रोममा आयोजित 'रोम वर्ल्ड च्याम्पियनसिप' मा बेलायती खेलाडी लेविस ह्यामिल्टनले १०० मिटर दूरीको दौड ९.८३ सेकेन्डमा पूरा गरी बनाएको कीर्तिमान जोन्सनले तोडेका थिए। तर, इन्टरनेसनल एसोसिएसन अफ एथ्लेटिक्स फेडेरेसन (आइएएएफ) ले जोन्सनको सो रेकर्डलाई मान्यता दिएन। सन् १९८८ मा जोन्सनले दौडमा सहभागी हुनुभन्दा पहिले 'स्टेरियोडिस्' नामक शक्तिवर्धक औषधि प्रयोग गरेको स्विकारेका थिए।

आइएएएफले लिएको निर्णयमा विवाद गर्न उचित हुन सक्दैन। बरु जोन्सनका तत्कालीन प्रशिक्षक चार्ली फ्रान्सिसको कथन सम्झनलायक छ। विपक्षीलाई जित्नकै लागि जोन्सनले शक्तिवर्धक औषधि प्रयोग गरेको उनले बताएका थिए। यसका साथै शक्तिवर्धक औषधि प्रयोग गर्ने जोन्सन मात्र एक्ला खेलाडी भने नभएको उनले उल्लेख गरेका थिए, तर भाग्यले साथ दिएका कारण अन्य खेलाडी पक्राउ परेनन्। फ्रान्सिसकै भनाइ मान्ने हो भने सन् १९८८ मा १०० मिटर दौड प्रतियोगिताको फाइनलमा पुगेका ८ जना खेलाडीमध्ये ६ जनामा खेल जीवनका क्रममा विभिन्न समयमा गरिएका परीक्षणको रिपोर्टमा शक्तिवर्धक औषधिको मात्रा कुनै न कुनै वेला पोजेटिभ देखिएको थियो। सन् १९८८ कै प्रतियोगितामा नै रजत र १९९२ को बार्सिलोनामा स्वर्णपदक जितेका बेलायती खेलाडी लिनफोर्ड क्रिस्टीले समेत शक्तिवर्धक औषधि प्रयोग गरेको खुल्न आएको थियो।

सन् २०१६ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न ओलम्पिकमा शक्तिवर्धक औषधि प्रयोगलाई संस्थागत गरेको भन्दै रसियाली खेलाडीलाई आरोप लगाइयो। यसैका कारण सन् २०१६ यता आयोजना हुने कुनै पनि ओलम्पिक खेलमा रसियाली क्षेत्रलाई सहभागिता जनाउन प्रतिबन्ध गरिएको छ। यसअघि विश्वप्रसिद्ध टेनिस खेलाडी मारिया सारापोभाले थाहै नपाई शक्तिवर्धक औषधि प्रयोग हुन पुगेको स्वीकार गरेकाले उनलाई दुई वर्षसम्म प्रतिबन्ध लगाइएको थियो।

अहिलेका धेरै खेलाडीले पहिलेका खेलाडीको अनुसरण गर्ने गरेका छन्। फिनल्यान्डका धावक पाभो नुरमिस, अमेरिकी एथ्लेट जिसजस्तै खेलाडी हुन चाहने धेरै छन्। फुटबलर फ्रान्स पुकास, पेले, क्रुफजस्ता खेलाडी अहिलेका मेस्सी र रोनाल्डोभन्दा धेरै संयमित थिए। अमेरिकी टेनिस खेलाडी जिम्मी कर्नर, जोन म्याकन्रो आदि खेलाडी कतिसम्म संयमित हुन सकेका छन् त ? पक्कै पनि रसियाली टेनिस खेलाडी एन्ना कुर्निकोभाभन्दा कमै मात्र संयमित देखिन्छन्।

> शक्तिवर्धक औषधि प्रयोग गरेर मात्र खेलकुदको प्रदर्शनमा सुधार आउँछ भन्नु गलत हो। यस्ता कामले अझै संकट थपिन्छन्।

अर्बौं डलर लगानी गरिएकाले खेलकुद क्षेत्र पनि उद्योगमा परिणत भएको छ। तर, विश्व अर्थतन्त्र भने अझै घस्रँदै गरेको अवस्थामा छ। तर, युरोपेली फुटबल, टेनिस, गल्फ क्लब र नेसनल बोर्ड अफ एथ्लेटिक्स (भारतका क्रिकेट क्लब पनि) हेर्ने हो भने यी सबै क्लब र खेलमा ठूलो मात्रामा पैसा लगानी गरिएको छ। विश्वभरका लगानीकर्ता पनि खेलकुदमा लगानी गर्न इच्छुक देखिन्छन्। व्यापारमा फाइदा मात्र गर्ने मान्यता हुने भएकाले खेलकुदमा पनि त्यस्तै किसिमको अभ्यास गर्न खोजेको देखिन्छ।

शक्तिवर्धक औषधिको सेवनले वास्तविक प्रदर्शनमा थोरै मात्र सहयोग पुर्‍याउने भएकाले यसलाई ठूलो विषय बनाइनु नहुने कुरा मेरा एक मित्रले मसँग भने। एक सेकेन्डको पनि थोरै मात्र भाग समयका कारण विश्व च्याम्पियन हुने हुनाले यो निकै संवेदनशील विषय भएको कुरा अर्का एक मित्रले तुरुन्तै प्रतिक्रिया दिइहाले। पैसा र प्रायोजकले खेलकुदमा ठूलो लगानी गर्ने भएकाले पनि अझ महत्त्वपूर्ण विषय भएको पाइन्छ। शक्तिवर्धक औषधि प्रयोग गरेर मात्र खेलकुदको प्रदर्शनमा सुधार आउँछ भन्नु गलत हो। यस्ता कामले अझै संकट थपिन्छन्। यदि रुसले शक्तिवर्धक औषधि प्रयोग नगरेको भए विभिन्न प्रतियोगितामा उसको स्थान राम्रो हुने थियो तर शक्तिवर्धक औषधि प्रयोगका कारण यी सबै पदक छायामा परेका छन्। समग्रमा भन्नुपर्दा जबसम्म खेलकुदलाई व्यापारका रूपमा लिइन्छ र व्यवसायीले लगानी गर्छन्, तबसम्म यस्ता घटनामा कमी आउने देखिँदैन।

(ओपी राना चाइना डेलीका वरिष्ठ सम्पादक हुन्)
चाइना डेलीबाट

टिप्पणी

# शपथ गोपनीयताको कि पारदर्शिताको ?


स्वागत नेपाल

देशका चालीसौँ प्रधानमन्त्री शेरबहादुर देउवाले बुधबार पद तथा गोपनीयताको शपथ लिए। उनी र उनीपूर्वका सबै पूर्व–सुदूरपूर्व प्रधानमन्त्रीले लिएका शपथ कति पूरा भए सबै गोप्य छन्। गोप्य यसकारण कि उनीहरूले शपथ नै पद तथा गोपनीयताको लिएका हुन्। लोकतन्त्रमा पद तथा गोपनीयताको शपथ हुँदैन, पारदर्शिता र जवाफदेहिताको हुन्छ। यतिका पटकसम्म उनले नेपालको प्रधानमन्त्रीत्व सम्हाल्दा हामीले नबुझेको कुरा र इन्डियन (म भारतीय भन्ने गर्दिनँ, इन्डियन भन्छु, कारण अक्सफोर्ड डिक्सनरी हेर्नुहोला, इन्डियाले भारत शब्दको अर्थ धान्न सक्दैन) मिडियाले प्रधानमन्त्री घोषित हुनेबित्तिकै डिस्क्लोज गरिदिए– नेपालमा भारत समर्थक देउवा प्रधानमन्त्री निर्वाचित। अहिले त्यतातिर नजाऔँ।

शपथसम्बन्धी दर्शन र व्यवहारको अन्तर्य विश्वव्यापी रूपमा के छ त्यो हेरौँ। अंग्रेजीमा 'ओथ' भनिने शपथ शब्द 'एंग्लो स्याक्सन' मा 'प्लिट' भनेर पनि बुझिन्छ। जसको पर्यायवाची शब्द 'डिलेम्मा' अर्थात् 'फ्युजन' पूर्वको 'कन्फ्युजन' भन्ने बुझिन्छ। सायद त्यही भएकाले होला लामो समयदेखि 'कन्फ्युजन'मा रहेका छौँ हामी। किनकि, यो सबै राजनीतिक प्रक्रिया तातो न छारोको 'फ्युजन'मा परेको छ।

खासमा अंग्रेजी शब्दकोशले भनेको 'स्टेटमेन्ट अफ फ्याक्ट' भनेझैँ शपथ तथ्यको वाचा हुन्थ्यो भने हामीले हाम्रा मन्त्री, प्रधानमन्त्रीले गोपनीयताको शपथ लिएको मात्र देख्नुपर्दैनथ्यो, बरु पारदर्शिताको शपथ लिएकोमा खुसी हुन पाउने थियौँ। किन पद तथा गोपनीयताको शपथ ? शपथ ग्रहण त पद तथा गोपनीयताको होइन, जनसेवा तथा पारदर्शिताको हुनुपर्थ्यो। शपथ नै गोपनीयता र पदको गरिएको हुनाले पदका लागि र आफ्ना गोप्य नकाम लुकाउनका लागि भविष्यपर्यन्त जे पनि गरिरहन ती सधैँ देखादेखी बाध्य हुनेछन्। यो हामीले भोगेको सनातनी अभ्यास पनि हो। क्रिस्चियन मुलुकमा शपथको समयमा हात कि त बाइबलमा हुन्छ कि पवित्र भनिएको बाइबल पाठको पत्रमा। अथवा एक हात छातीमा पनि। हामीकहाँ छातीमा हात वा कुनै पवित्र पाठमा भन्दा पनि बढी अनुहार क्यामेरामा हुन्छ शपथ लिनेहरूको। किनकि, हामी आस्थामा आस्था राख्दैनौँ। भगवान्मा विश्वास गर्दैनौँ, क्यामेरामा विश्वास गर्छौं, शपथ ग्रहण गर्दै गर्दा।

इस्लाम परम्पराअनुसार शासन चलेका मुलुकमा साहिह बुखारी पाठको सूत्र ४५:१५ अनुसार मोहम्मदको नाममा शपथ लिइन्छ र त्यहाँ केवल शपथ लिइन्न, आफूले लिएको शपथअनुसार काम नगरेमा आफूमाथि सजायको मागको प्रस्ताव पनि आफैँ गरिन्छ।

ग्रेसो रोमन परम्परामा भने शपथका लागि वा अरू बाचा बन्धनका लागि समेत स्थापना गरिने जुपिटर स्टोन अगाडि शपथ गरिन्छ। 'ओथ स्टोन' भनिने प्रतिमा अगाडि लिइने उनीहरूको शपथ सकेसम्म समूहमा म नभनी हामी भनेर लिइन्छ। हामीकहाँ समूहमा भए पनि एक्लाएक्लै म भनेर शपथ लिइन्छ। त्यसले समूहमा शपथ लिँदासमेत सामूहिक भावनामा बाँधिन नसकेको र व्यक्तिवादी भएको प्रमाण दिन्छ।

१८८० मा चार्ल्स ब्राडलाफले बेलायतमा पहिलोपटक व्यवहारमा कार्यान्वयन नहुने शपथ ईश्वरका नाममा लिन्न भन्ने अडान लिएका थिए। तर, उनले शपथको सट्टा आफ्नो प्रतिबद्धताको प्रस्ताव सार्वजनिक रूपमा प्रस्तुत गरेका थिए। बरु हामीले त्यति मात्रै पनि पाठ सिके हुने हो।

जर्मन परम्परामा पहिलोपटक रोनाल्डले चार्ली म्यागनलाई 'चान्सन डे गेस्ते' भनिने एक प्रतिज्ञापत्रको पाठ पढाएर शपथ गराएको इतिहास अहिलेसम्म कायम छ। एकले अर्कोलाई पाठ पढाएर शपथ गराइने क्रममा सुधार हुन सकेको छैन। विश्वव्यापी रूपमा नै शपथलाई 'अफरमेटिभ स्टेटमेन्ट'का रूपमा लिइन्छ र यसलाई नकारात्मक होइन, सकारात्मक रूपमा हेरिन्छ भन्ने एउटा सम्प्रदाय छ भने अर्को सम्प्रदायले यसैबीच यदि कार्यान्वयन नभए के हुने भन्ने पनि उल्लेख गर्ने गरेका छन्। त्यो शब्दमा सकारात्मक नभए पनि व्यवहारमा सबैभन्दा बढी सकारात्मक हो बरु। आजसम्म हामीकहाँ खाइएका सकारात्मक शपथ कति पूरा भए ? नयाँ–नयाँ शपथभन्दा त्यसको लेखाजोखातिर पनि लाग्ने हो कि बरु ?

बेलारुसमा राष्ट्रपतिले शपथ लिँदा यसपछिका सम्पूर्ण कर्तव्यको जिम्मेवारी म लिन्छु भन्ने उल्लेख गर्छन्। ब्राजिलमा त्यहाँका राष्ट्रपतिले जनताको, देशको र कानुनको अक्षुण्णता र अखण्डताको रक्षा तथा कल्याण गर्नेछु भन्ने वाचा गर्छन्। त्यहाँ शपथको वैधानिकता सुप्रिम फेडेरल कोर्टले पूरा गर्ने गर्छ। त्यहाँ शपथ गरेका व्यक्तिको काममा प्रभावित गर्ने कुनै पनि व्यक्तिलाई छुट दिइँदैन। तर, हामीकहाँ शपथ एउटाले लिने र सरकार तथा मन्त्रीलाई अरूले नै चलाउने चलन पुरानै हो। छिमेकी चीनमा राष्ट्रपतिले त्यहाँको संविधानको धारा ४८ अनुसार ईश्वरका नाममा नभनी म व्यक्तिगत रूपमा जनताका अगाडि जनताको विश्वासघात नगर्ने वाचा गर्छु र यदि उल्लंघन भयो भने राज्यबाट सजायको भागिदार बन्नेछु भन्ने प्रतिबद्धता जनाइन्छ।

इन्डियामा पनि जापानको जस्तै शपथमा ईश्वरको नाममा वचन लिइन्छ तर मलाई सहयोग गर भनिन्न। बरु आफ्नो क्षमताले भ्याएसम्म गर्छु भन्ने शपथको पाठ प्रयोगमा छ। त्यहाँ वैज्ञानिक पूर्वराष्ट्रपति डा. एपिजे अब्दुल कलामले भविष्यसामु कसम खान्छु भनेर ४० हजार बालबालिकाअघि शपथ लिएको हामीलाई याद हुनुपर्छ। तर, हाम्रा बालबालिका सबैभन्दा बढी राजनीतिज्ञलाई अविश्वास गर्छन्। किन होला ? वचन दिएर तोड्ने, जनताको साथ नछाड्ने शपथ खाएर छाड्नेहरूका कारण नै त्यस्तो भएको हो। सिको नै गर्नुपर्दा विरोधीको पनि राम्रा कुरा त गर्नु नि ! कमन वेल्थमा अरूभन्दा फरक तरिकाले महारानीले बाइबललाई 'किस' गरेर शपथ लिन्छिन् भने अरूहरू सबैले 'गड हेल्प मी' भन्दै राष्ट्रिय एकता गर्दै सेवा गर्ने वचन दिन्छन्। समान शपथ सबैका लागि बाँडिन्छ भने पनि हुन्छ। अस्ट्रेलियामा एउटा कमन वेल्थको र अर्को आफ्नो शपथ लिइन्छ। तर, उनीहरूकहाँ राष्ट्रिय एकतामा सबैभन्दा बढी विश्वस्त शपथको पाठ र व्यवहारमा पनि देखिन्छ। इजिप्टमा भने न त ईश्वर भन्छन् न त मोहम्मद नै, उनीहरू शपथमा राज्य, कानुन र जनताको मात्र रक्षा गर्छु भन्ने कसम खान्छन्। शपथले मात्र केही गर्दैन रहेछ भन्ने त इजिप्टले नै पनि देखाइसकेको छ। सबैभन्दा बढी घानामा आफ्ना देशका जनतालाई सबैभन्दा माथि राख्ने प्रतिबद्धता शपथमा व्यक्त गरिन्छ।

हामीकहाँ पनि पूर्ण रूपमा जनताका नाममा शपथ त्यो पनि पद तथा गोपनीयताको होइन, पारदर्शिता र जनताको नाममा मात्र व्यवहारमै कार्यान्वयन हुने दिन कहिले आउँछ होला ? अब यस्तै शपथचाहिँ जोसुकैले जतिसुकै पटक लिए पनि केही हुनेवाला छैन। यसमा हामी सबै ढुक्क भए हुन्छ। तर ढुक्क यसमा पनि हुनुपर्छ कि यस्तै चलन भने अब धेरै समय टिक्नेवाला छैन। राष्ट्रका सबै पदमा रहनेहरूले शपथ पद र गोपनीयताको होइन, जवाफदेहिता र पारदर्शिताको लिनुपर्छ।

(अधिवक्ता नेपाल राष्ट्रवादी कानुन केन्द्रका संयोजक हुन्)

पाठक टिप्पणी

## देवकोटाको लेखको मर्म

२३ जेठको नयाँ पत्रिकामा खिमलाल देवकोटाको लेख 'नेपाली मतदाताको मनोविज्ञान' पढेँ। लेखकले कुरा त सही नै गरेका छन् तर विजयी पार्टीले भने यसको आलोचना नै गर्नेछन्। अनपेक्षित निर्वाचनमा अपेक्षित परिणाम आयो कसरी भन्ने ? तीन ठूला दलले जसरी बाँडफाँडको राजनीति भित्र्याएका छन्, परिणाम पनि त्यसरी नै आएको छ। टोकनस्वरूप केही नयाँ अनुहार खोजे पनि अन्ततः उनीहरूले हार नै खाएका छन्। नयाँ शक्ति पार्टी पनि त्यसैमा विलुप्त भएको छ। यो विलुप्तता केवल चुनाव चिह्न नभएकाले मात्र भएको होइन।

– डा. शिवशंकर यादव
छपकैया, वीरगन्ज

## प्रधानमन्त्री देउवाका चुनौती

जीवनमा चौथोपटक प्रधानमन्त्री बनेका शेरबहादुर देउवाका लागि यतिवेला ठूलो अवसर र चुनौती छ। उनले आफूमाथि लागेका आरोपलाई मिथ्या साबित गराउने ठूलो अवसर पाएका छन्। देउवाको नमिठो विगत, जसले उनलाई मात्रै होइन, सिंगो कांग्रेस पार्टीलाई समेत असर गरिरहेको छ। यतिवेला तीनवटा चुनाव नै देउवाको ठूलो चुनौती हो। अर्को ठूलो चुनौती भनेको संविधान संशोधन पनि हो।

धेरै मानिसलाई देउवा सरकारले राम्रो गर्छ भनेर विश्वास नै छैन। तर, देउवाले नराम्रो हुन दिएनन् र एक–दुईवटा राम्रा काम गरे भने चमत्कार नै हुनेछ। हुन पनि हो, धेरै आश गरिएका मान्छेलाई दिनरात गाह्रो हुन्छ। हजार काम गर्दा पनि अपर्याप्त हुन सक्छ। तर, देउवालाई यहाँ सजिलो छ, किनकि उनीबाट आममानिसले असाध्यै कम अपेक्षा गरेका छन्। प्रधानमन्त्री देउवाको नेतृत्वमा चुनाव भयो र सुशासन धेरै बिग्रिएन भने मात्र पनि कांग्रेस पार्टीका लागि चामत्कारिक अवस्था हुनेछ।

पार्टी सभापतिसमेत रहेका नयाँ प्रधानमन्त्रीका लागि यो ठूलो अवसर हो। यत्रो संघर्षको पृष्ठभूमिबाट आएर चौथोपटक प्रधानमन्त्री भएका छन् उनी। पार्टीलाई माथि उठाउने दायित्व पार्टी सभापतिको हैसियतमा मुख्य जिम्मेवारी उनकै हुनेछ। अब विगतमा जस्तो शेरबहादुर देउवाले चियापसलमा हुने गफ, सामाजिक सञ्जालमा हुने आलोचना र पत्रपत्रिकामा आउने लेखसँग मतलब छैन भनेर होइन कि त्यसप्रति सजग रहेर काम गर्न सक्नुपर्छ। विगतमा जस्तो आलोचना नसुन्ने, लोकलाजसँग मतलब छैन भन्ने गर्नु हुँदैन।

– जयराम पुडासैनी
बौद्ध, काठमाडौँ

## विगतबाट सिकेर अघि बढ

नेपालमा प्रजातन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा कुनै पनि एउटा दलले पाँच वर्ष ढुक्कले सरकार चलाएको उदाहरण छैन। यो जति लाजमर्दो के होला ? अरूलाई दोष लगाउने आफूचाहिँ आफ्नो कर्तव्यप्रति जिम्मेवार कहिल्यै नबन्ने दलहरूका कारण देशमा राजनीतिक संकट बढ्दो छ। यही राजनीतिक संकटबीच कांग्रेस सभापति शेरबहादुर देउवा गणतन्त्र नेपालका १०औँ प्रधानमन्त्री बनेका छन्।

प्रधानमन्त्री देउवाले आफ्नो पार्टीको आन्तरिक समस्या त मिलाउन सकेका छैनन् भने देशको समस्या कसरी समाधान गर्लान् ? महाधिवेशन भएको एक वर्ष बितिसक्दा पनि कार्य समिति विस्तार गरेका छैनन् भने अन्य पार्टीलाई कसरी मिलाएर लैजान्छन्, त्यो हेर्न बाँकी छ। दोस्रो चरणको स्थानीय निर्वाचन गराउने, प्रदेश र संघीय ससदको चुनाव गर्ने दायित्वसमेत उनको काँधमा छ।

अहिले राजपाले शेरबहादुर देउवालाई प्रम बन्न सहयोग गरेको छ। उसले निःस्वार्थ भावले सहयोग पक्कै गरेको छैन, वेलैमा सोचौँ। प्रधानमन्त्री खाने लोभमा नचाहिँदा सम्झौताचाहिँ गर्दै नगरौँ। विगतबाट पाठ सिकेर अघि बढ्न सके प्रधानमन्त्री देउवाका लागि यो राम्रो अवसर हो, हिजोजस्तै राजनीतिक फोहोरी खेल खेले भने अब आउने दिनमा जनताले माफ गर्नेछैनन्।

– पुरुषोत्तम घिमिरे
जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

## समयमै सोचौँ

कतारमा आएको संकटले गर्दा लाखौँ नेपाली युवाको रोजगारीमाथि संकट आउन सक्ने देखिन्छ। अहिले लाखौँको संख्यामा कतारमा रहेका नेपाली युवा यदि कतार संकटकै कारण त्यहाँको रोजगारी गुमाएर स्वदेश फर्किए भने तिनको व्यवस्थापन नेपाल सरकारका लागि निकै नै ठूलो चुनौतीको विषय हुनेछ। रेमिटेन्सबाट चलेको देशको अर्थतन्त्रमा पनि यसले गम्भीर संकट ल्याउन सक्छ। त्यसैले, यसको विकल्प के हुन सक्छ ? यसबारे नेपाल सरकारले समयमै सोचोस्।

– वन्दना झा, काठमाडौँ

नेपाली युवालाई विदेश पठाएर तिनको पसिनाको बलमा आरामले देश चलाउने सपना देख्ने नेताहरूका लागि कतार संकट गम्भीर झड्का बनेर खनिन सक्छ। किनकि, झन्डै ५ लाख युवा रोजगारीका लागि कतार पुगिरहेको समयमा तिनको रोजगारी खोसियो र तिनीहरू तत्काल फिर्ता आए भने त्यसबाट प्रत्यक्ष दुईवटा समस्या देखिन सक्छन्। एउटा, देशमा बेरोजगार युवाको संख्या बढ्नेछ। सरकारले तिनलाई समयमै रोजगार बनाउन सकिएन भने समाजमा झनै ठूलो समस्या सिर्जना हुन सक्छ। अर्को, उनीहरूबाट आउने विप्रेषणमा कमी आएर देशकै अर्थतन्त्रमा पनि समस्या आउन सक्छ। त्यसैले सरकारले यसबारे समय नघर्किँदै केही त गर्नैपर्‍यो।

– अपूर्व सिग्देल, गठ्ठाघर, भक्तपुर

सुझाव र प्रतिक्रियाका लागि
पो.ब. नं : २४३१६
फ्याक्स नं.४०१२५६९
इमेल : comment@nayapatrika.com



# आँखामा समस्या भए...

- धुलोमा नबस्ने ।
- कुकुर, बिरालो नछुने ।
- रुखबिरुवा र फूललाई सीधै नछुने ।
- पालुवा पलाइरहेको रूखमुनि नबस्ने ।
- प्रदूषण नियन्त्रण गर्ने ।
- प्रदूषित वातावरणमा नजाने ।
- बाहिर जाँदा प्रोएक्टिभ मास्क या चस्मा लगाउने ।
- आँखामा पानी जथाभावी नलगाउने ।
- एसिड अल्कालिकजस्ता रसायन पऱ्यो भने मात्र पानी लगाउने ।



डा. इन्दुप्रसाद ढुंगेल
आँखारोग विशेषज्ञ





# झरीमा जुत्ता स्याहार्ने तरिका

झरी पर्न सुरु भइसकेको छ । अब निरन्तरजसो नै झरी पर्ने मौसम सुरु हुँदै छ । झरीमा जुत्ता जोगाउन निकै गाह्रो हुन्छ । भिजेपछि राम्रो केयर भएन भने जुत्ता फाट्ने, गनाउने र ढुसी आउने समस्या निम्तिन्छ । कसरी गर्ने त झरीको मौसममा जुत्ताको स्याहार ? तरिका जानिराख्नुहोस् :

## स्पोर्टस् जुत्ता

स्पोर्टस् जुत्ता लगाएर झरीमा हिँड्नुभएको छ भने घर फर्किएलगत्तै तुना र तलुवा निकालिदिनुहोस् । पानी राम्रोसँग तैरिएर सुक्न पाउने गरी जुत्ता घोप्टो पारेर राखिदिनुहोस् । भिजेको जुत्ता राम्रोसँग सुकेन भने खराब हुन सक्छ ।

## छाला जुत्ता

झरीको मौसममा छाला जुत्ता सकेसम्म नलगाउनु नै ठीक हुन्छ । तर, विशेष कारणवश लगाउनैपर्ने परिस्थिति छ भने वाक्स पोलिस लगाउनु उत्तम हुन्छ । वाक्स लगाउँदा जुत्ताको बाहिरी पातलो पत्र पानीले भिज्दा पनि सुरक्षित रहन्छ ।

## प्लास्टिक जुत्ता

प्लास्टिकको जुत्ता–चप्पल झरीमा पहिरिनु सबैभन्दा राम्रो हुन्छ । यस्तो जुत्ताले पानी नसोस्ने भएकाले पैताला पनि फोहोर पानीबाट सुरक्षित रहन्छ । पानीले भिजेर प्लास्टिकलाई पनि कुनै फरक पार्दैन । झरीमा हिलो लाग्यो भने हल्का ब्रस गरेर सफा गरिदिए पुग्छ ।

## रबर जुत्ता

झरीमा रबर सुज लगाएर हिँड्नुभएको छ भने घर फर्किएपछि तुरुन्तै पंखाको तल राखेर सुकाउनुहोस् । भिजेको जुत्ता जतिसक्दो छिटो नसुकाए रबरबाट नराम्रो गन्ध आउन सुरु गर्छ र बाहिरी पत्र उक्किने खतरा रहन्छ ।

**र, यो पनि**

भिजेका जुत्ता जबसम्म पूरा सुकेको हुँदैन, तबसम्म बन्द र्‍याकमा राख्ने गल्ती नगर्नुहोस् । भिजेको जुत्ता र्‍याकभित्र राखेर बन्द गर्दा ढुसी लागेर जुत्ता खराब हुन्छ । भिजेको जुत्ता बचाउन घामको कडा तापमा सुकाउन सक्नुहुन्छ । यसो गर्दा जुत्ताभित्र रहेका ब्याक्टेरिया पनि नष्ट हुन्छन् ।



डा. अरुणकुमार सिंह
बालरोग विशेषज्ञ

# किन आउँछ गर्मीमा धेरै पसिना ?



गर्मीमा शरीरबाट धेरै मात्रामा पसिना निस्किन्छ । हुन त पसिना निस्किनु स्वाभाविक प्रक्रिया नै हो । तर, कतिपयलाई अत्यधिक पसिना आउने र शरीर गनाउने समस्या हुन्छ । आखिर किन आउँछ पसिना र समाधान के हुन सक्छ ? डा. अरुणकुमार सिंह भन्छन् :

## महिलाभन्दा पुरुषलाई बढी

मान्छेको शरीरमा २० देखि ४० लाखसम्म पसिनाका ग्रन्थि हुन्छन् । पसिना छालाको भित्री पत्रमा रहेको ग्रन्थिबाट बन्छ । यो ग्रन्थिले शरीरको तापमानलाई नियन्त्रण गर्छ । छालाको माथिल्लो सतहमा नुनयुक्त पानी उत्पन्न हुने प्रक्रियालाई पसिना भनिन्छ, जुन शरीरबाट बाहिर आउँछ । सामान्यतया महिलाको दाँजोमा पुरुषमा धेरै पसिना आउँछ ।

## पसिना आउने कारण

पसिना आउने विभिन्न कारण हुन्छन् । खासगरी, छालाका श्वेत ग्रन्थिहरू शरीरको भित्री भाग, हत्केला र पैतालामा बढी हुन्छन् । त्यसैले श्वेत ग्रन्थि सक्रिय भएपछि यहाँ पसिना बढी आउँछ । पसिना वास्पीकरण भएर बाहिर निस्किन नपाएपछि गनाउन थाल्छ । पसिनामा वंशाणुगत गुण पनि मिसिएको हुन्छ । टिबी, मलेरिया, कब्जियत, तनाव, दूषित रगत, कमजोर स्मरणशक्ति आदिका कारण पनि बढी पसिना आउँछ । तेलयुक्त मसलादार खाना निरन्तर खाइयो भने पनि पसिना धेरै आउँछ ।

## यसकारण गनाउँछ पसिना

शरीरको बाहिरी भागमा मृत छालाको पत्र हुन्छ । धेरै पसिनाले छालाको यस्तो पत्रलाई ओसिलो बनाउँछ र यसैबाट दुर्गन्ध उत्पन्न हुन्छ । ओसिलो ठाउँमा ब्याक्टेरियाले हुर्किने अनुकूल वातावरण पाउँदा दुर्गन्ध उत्पन्न हुन्छ ।

## समस्याबाट मुक्ति पाउन

पसिना निम्तिने समस्यालाई केही हदसम्म कम गर्न सकिन्छ । तर, पसिना निस्किएपछि दुर्गन्ध नियन्त्रण गर्नु नै महत्त्वपूर्ण पाटो हो । भित्री कपडा सुतीको या नरम खालको प्रयोग गर्दा पसिना आउने दर कम हुन्छ । कसिलो कपडा सकेसम्म नलगाएकै राम्रो हुन्छ । गनाउने समस्याबाट मुक्ति पाउन भने लुगा फेर्नासाथ पट्याएर राख्नु हुँदैन । गुम्सिएपछि बढी गन्ध आउँछ । घरबाहिर निस्कँदा पनि पर्फ्युम या बडी स्प्रेको प्रयोग गर्नुपर्छ । शरीरका विभिन्न भागमा अनावश्यक रौँलाई हटाइदिनु राम्रो हुन्छ ।



# गर्मीमा यस्तो मेकअप

जाडो र गर्मीमा मेकअपको तरिका केही फरक हुन्छ । जाडो मौसममा सनक्लकसँगै बढी मोस्चराइजरको आवश्यकता हुन्छ भने गर्मीमा मोस्चराइजर कम र सनक्लकको बढी आवश्यकता पर्छ । गर्मीको मेकअपमा ध्यान दिनुपर्ने केही पाटा यस्ता छन् :



सुनीता विष्ट
ब्युटिसियन

- गर्मीमा मेकअप टिकाउनु महत्त्वपूर्ण पाटो हो । त्यसैले लामो समयसम्म चुस्त, दुरुस्त र स्फूर्त राख्न वाटरप्रुफ बेस (कलरस्टे) नै चयन गर्नुपर्छ ।
- वाटरप्रुफ बेस चयन गरेपछि कलर कस्मेटिकको प्रयोग गरिन्छ । छाला सुक्खा प्रकृतिको छ भने कम्प्याक्ट पाउडर र चिल्लो प्रकृतिको छ भने डस्ट पाउडर लगाउनुपर्छ । डस्ट पाउडरले चिल्लोपन सोसेर राम्रो लुक दिन्छ ।
- गर्मीको मेकअपमा हल्का ब्लसर लगाउनु उपयुक्त हुन्छ । यसको प्रयोगले हेल्दी लुक देखाउनुका साथै छालालाई हाइलाइट गरिदिन्छ ।
- आइस्याडो भने चमक नआउने रोज्नु नै उपयुक्त हुन्छ । यस्तो स्याडोले नेचुरल लुक देखाउँछ । आँखा गडिएका छन् भने चाहिँ आइबलमा सिमर पाउडर लगाउँदा राम्रो देखिन्छ ।
- गाजल भने वाटरप्रुफ नै उपयुक्त हुन्छ । लिपस्टिक भने छालाअनुसार फरक कलर सुहाउँछ । गोरो छालामा रेड नै उपयुक्त हुन्छ । पिंकले बेबी लुक्स दिन्छ । गहुँगोरोमा भने रेड र मरुन कलर उपयुक्त हुन्छ । डार्क छालामा लिपस्टिक पनि गाढा नै चयन गर्नुपर्छ ।
- सुरुमा कलर स्टे बेस दिएर मात्रै लिपस्टिक लगाउँदा लामो समयसम्म ओठमा टिक्छ ।

# थ्रेडिङपछि डन्डिफोरले सताए के गर्ने ?



थ्रेडिङ गरेपछि आँखीभौँआसपास कतिपयलाई डन्डिफोरले सताउँछ । थ्रेडिङ गरेको ठाउँमा स–साना दाना निस्किने र बिस्तारै डन्डिफोरको रूप लिने हुन्छ । नियमितजसो थ्रेडिङ गर्नेलाई यो समस्या झनै बढी हुन्छ । तर, समाधानका उपाय पनि छन् :



शारदा क्षेत्री
ब्युटिसियन

- थ्रेडिङ गर्ने वेला आँखीभौँ बलियोसँग तान्नुपर्छ, ताकि रौँ उखलिने वेला धेरै खलबलिन नपाओस् । रौँ खलबलिँदा घाउ बन्छ र घाउमा ब्याक्टेरियल इन्फेक्सन भएर डन्डिफोर निम्तिन्छ ।
- आँखीभौँमा बेबी पाउडर लगाएर थ्रेडिङ गर्दा पनि डन्डिफोरको समस्या हुँदैन । बेबी पाउडरले आँखीभौँमा रहेको चिल्लोपन सोस्ने र थ्रेडिङ गर्दा दुखाइ कम गर्छ । यसले रौँ टुक्रिने र डन्डिफोर निम्तिने खतरा रहँदैन ।
- थ्रेडिङ गरेको छालामा तत्काल फोहोर हातले छुँदा पनि डन्डिफोर आउन सक्छ । थ्रेडिङपछि रौँ उखेलिएको छिद्र खुलेको हुन्छ र फोहोर हातबाट ब्याक्टेरियाले प्रवेश पायो भने डन्डिफोरको खतरा रहन्छ ।
- थ्रेडिङपछि निरन्तर पसिना आइरह्यो भने पुछिराख्नुपर्छ । पसिना पुछ्न सफा पेपर या कपडा प्रयोग गर्नुपर्छ । रौँ उखल्दा खुकुलो बनेको छिद्रमा पसिना बारियो भने त्यहीँ डन्डिफोर पैदा हुन्छ ।
- अनुहारको मस्चराइज गर्ने समय नेचुरल क्रिम प्रयोग गर्नुपर्छ । नेचुरल क्रिममा सेन्थेटिक आयल हुँदैन । एलोबेरा सबैभन्दा राम्रो हुन्छ, जसले थ्रेडिङ गर्दाको पीडा पनि कम गर्छ भने डन्डिफोरलाई स्वागत गर्दैन ।

# यस कारण आउँछ ज्वरो

## के हो ज्वरो ?



डा. केदारप्रसाद सेन्चुरी
जनरल फिजिसियन

मान्छेको शरीरमा हुने मेकानिजमले शरीरको तापक्रम हरेक समयमा उस्तै बनाइराख्ने कोसिस गर्छ । ९७ डिग्री फरेनहाइटदेखि ९९ दशमलव ५ डिग्री फरेनहाइटबीचको तापक्रमलाई हाम्रो शरीरको सामान्य तापक्रम मानिन्छ । शरीरको तापक्रम औसतभन्दा माथि जानुलाई ज्वरो भनिन्छ । ज्वरो आउनु शरीर अस्वस्थ भएको जनाउ हो । समय, स्थान र वातावरणअनुसार शरीरको तापक्रम पनि फरक हुन्छ । दिनमा तापक्रम बढी हुन सक्छ भने बिहान र राति केही कम हुन्छ । व्यायाम गरेको समयमा पनि शरीरको तापक्रम बढी हुन्छ । त्यस्तै, महिलाको महिनावारीको समयमा तापक्रम बढी हुन सक्छ । तर, जेजस्तो भए पनि स्वस्थ मानिसमा औसतभन्दा दुई डिग्री फरेनहाइट मात्र बढी हुँदा फरक पर्दैन ।



## ज्वरो आउने अवस्था

- भाइरल नै ज्वरो देखिने मुख्य कारण हो । मन्डामिक एन्फ्लुएन्जा एचवानएनवान (स्वाइन फ्लु), हेपाटाइटिस, बर्डफ्लु, जिका, डेंगु, इबोलालगायत सबै खालका फ्लुहरूमा ज्वरो आउँछ । यस्तो अवस्थामा आएको ज्वरोका कारण पत्ता लगाएर उपचार गर्नुपर्छ । भाइरसका कारण पखाला लाग्दा पनि ज्वरो आउने सम्भावना हुन्छ ।
- ब्याक्टेरिया संक्रमणबाट हुने ज्वरोको दर उच्च छ । टिबी, टाइफाइड, ब्रोंकाइटिस, पिसाबको इन्फेक्सन, शरीरभित्र या बाहिर भएको घाउमा हुने ब्याक्टेरियल संक्रमणले पनि ज्वरो आउँछ । शरीरका भित्री अंगहरू जस्तै– आउँ, टाइफाइडको ज्वरो, ठूलो आन्द्रा एवं मलाशय सुन्निने या घाउ हुँदा, एपेन्डिसाइटिस हुँदा, मूत्रथैलीको संक्रमण, मूत्रमार्गको संक्रमण, मिर्गौलाको संक्रमणमा पनि ज्वरो आउँछ ।
- कतिपय अंगमा हुने फंगल्स संक्रमणका कारण मानिसमा ज्वरो आइरहेको हुन्छ । जस्तै– फोक्सो या महिलाको पाठेघरमा हुने फंगल्स संक्रमणले ज्वरो आउँछ ।
- प्रोटोजोअल संक्रमणका कारण मलेरिया, कालाजार भएर पनि ज्वरो आउने गर्छ ।
- दीर्घरोग भएका व्यक्तिमा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकाले ज्वरोको आक्रमण बढी हुन्छ । यस्ता व्यक्तिमा भाइरस, ब्याक्टेरिया, फंगल्स, प्रोटोजोआ सक्रिय हुन्छन् । यिनको सक्रियतासँगै ज्वरो आउने सम्भावना बढी हुन्छ ।
- कतिपय रोगीले एन्टिबायोटिक सेवन गर्दा पनि ज्वरो आउँछ । छारेरोग तथा उच्च रक्तचापको औषधि सेवन गर्ने व्यक्तिलाई ज्वरो आउने गर्छ । कतिपय बालबालिकामा नियमित खोप लगाउँदा पनि ज्वरो आउन सक्छ । ज्वरो आउनुको कारण पत्ता लगाएर मात्रै उपचार गर्नु बुद्धिमानी हुन्छ ।

## ज्वरोमा के गर्ने ?

झोल पदार्थ धेरै पिउने, पानीपट्टी बाँध्ने, बिरामी रहने कोठा न्यानो तर हावा सहज आवत–जावत हुने हुनुपर्छ । ज्वरो बढ्दै गए पारासिटामोल खुवाउनुपर्छ । ज्वरो १०२ डिग्री फरेनहाइट वा योभन्दा बढी भए तत्काल स्वास्थ्य संस्था या अस्पताल लैजानुपर्छ । ज्वरो आएसँगै बेहोस हुने, गम्भीर टाउको दुख्ने, पखाला लाग्ने, बान्ता हुने, पिसाब पोल्नेजस्ता समस्या देखिएमा पनि तत्काल स्वास्थ्य संस्थामा जानुपर्छ । गर्भवती महिलालाई ज्वरो आए चिकित्सकसँग सल्लाह लिनुपर्छ । निरन्तर लामो ज्वरो आए पनि परीक्षण गराउनुपर्छ ।

# मुस्ताङमा रमीताको चुपचाप



काठमाडौं/ 'रमीता' फिल्ममा समावेश भएको 'चुपचाप' बोलको गीत मुस्ताङका विभिन्न स्थानमा खिचिएको छ।

निर्देशक रञ्जितकुमार केसीले नै कोरियोग्राफी गरेको सो गीतमा दिलीप रायमाझी, रजनी केसी र सन्दीप बुर्लाकोटीले नृत्य गरेका छन्। मुस्ताङको कागबेनी, जोमसोम, मुक्तिनाथलगायतका स्थानमा खिचिएको गीत निकै सुन्दर बन्ने विश्वास निर्देशकको छ।

## आजको राशिफल



२०७४ जेठ २५ गते बिहीबार
ज्यो. पुष्पकला कौशिक
फोन: ०१-५२११२३३ मो. ९८५१०८१६६८

**मेष** — मन प्रसन्न रहनेछ। धन आर्जन गर्न सजिलो पर्नेछ। धार्मिक आस्था बढ्नेछ। वैदेशिक व्यापारको अवसर मिल्नेछ। ठूला व्यक्ति प्रभावित हुनेछन्।

**सिंह** — सामाजिक प्रतिष्ठा घट्नेछ। मन अस्थिर रहनेछ। मानसिक चिन्ता बढ्नेछ। प्रियजन रिसाउनेछन्। सञ्चित धन हानि हुनेछ।

**धनु** — व्यवसायमा उन्नति हुनेछ। प्रसस्त धन आर्जन हुनेछ। प्रियजनको सहयोग मिल्नेछ। अाँटेका कार्य पूरा गर्न सकिनेछ। चोटपटकको सम्भावना छ।

**वृष** — आम्दानी गर्न कडा मिहिनेत गर्नुपर्नेछ। अध्ययनमा बाधा हुनेछ। शत्रु सक्रिय हुनेछन्। पराक्रम घट्नेछ। मन अस्थिर रहनेछ।

**कन्या** — झुटो आरोप आउनेछ। शत्रु सक्रिय हुनेछन्। वादविवादमा अघि नबढ्नुहोला। वैदेशिक यात्राको अवसर मिल्नेछ। मिष्ठान्न भोजन हुनेछ।

**मकर** — मानसम्मान बढ्नेछ। शत्रु परास्त हुनेछन्। बौद्धिकताको प्रशंसा हुनेछ। मिष्ठान्न भोजन हुनेछ। पारिवारिक भेटघाटले मन प्रसन्न रहनेछ।

**मिथुन** — बोलीको प्रभाव बढ्नेछ। मिष्ठान्न भोजन हुनेछ। प्रियजन भेट हुनेछन्। यात्राको अवसर मिल्नेछ। स्वास्थ्य खराब रहनेछ।

**तुला** — सञ्चित धन हानि हुनेछ। आफन्तले विरोध गर्नेछन्। व्यापारमा बाधा आउनेछ। घरायसी झमेला पर्नुका साथै परिवारको स्वास्थ्य बिग्रिन सक्छ।

**कुम्भ** — घरजग्गा जोड्ने अवसर मिल्नेछ। पदोन्नतिको सम्भावना छ। शत्रु परास्त हुनेछन्। मानसिक तनाव बढ्नुका साथै स्वास्थ्यमा समस्या आउनेछ।

**कर्कट** — मानसम्मान प्राप्त हुनेछ। व्यवसायमा उन्नति हुनेछ। धन सञ्चित हुनेछ। अध्ययनमा रुचि घट्नेछ। पति-पत्नीमा विवाद हुनेछ।

**वृश्चिक** — आकस्मिक धन लाभ हुनेछ। बौद्धिकताको प्रशंसा हुनेछ। वैदेशिक यात्राको सम्भावना छ। राजनीतिक क्षेत्रमा उन्नति हुनेछ। अध्ययनमा रुचि घट्नेछ।

**मीन** — पराक्रम बढ्नेछ। ठूला कार्य सम्पन्न गर्न सकिनेछ। धन सञ्चित हुनेछ। व्यावसायिक सफलता मिल्नेछ। अध्ययनमा रुचि बढ्नेछ।

NEXT CHANGE




FCUBE CINEMAS
KL TOWER
A Complete Shopping Mall

SHOW TIME

| Movie | Cube 1 | Cube 2 | Cube 3 |
|---|---|---|---|
| Wonder Woman: IN 3D | 11:45am \| 2:30pm | | 6:15pm |
| Parva | | 12:15pm \| 6:00pm | |
| Baahubali 2: The Conclusion | | 3:00pm | |
| Baywatch | | | 12:45pm \| 3:30pm |
| Pirates of the Caribbean: Dead Men Tell No Tales 3D | 5:15pm | | |

www.fcubecinemas.com facebook.com/fcubecinemas For Booking: 01-4468700

BG Mall
Gongabu, Kathmandu
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com

NEXT CHANGE




NOW SHOWING

| Movie | Time |
|---|---|
| 3D Wonder Woman (Dolby Atmos) | 11:00 AM \| 7:15 PM [Atmos 2] |
| Rato Ghar | 11:45 AM [Atmos 1] |
| Bay Watch | 2:15 PM [Atmos 1] |
| Pirates of the Caribbean Salazar's Revenge - 3D | 1:30 PM [Atmos 2] |
| Parva | 6:45 PM [Atmos 1] |
| Bahubali 2: The Conclusion [Dolby Atmos] | 4:00 PM [Atmos 2] |
| Jaalo | 4:45 PM [Atmos 1] |

SUPER WEDNESDAY NRS. 190* ALL DAY LONG
BSR owns the rights to change the show time

@ CTC Mall
CDC CINEMAS
COMBO OF FOOD WITH MOVIES
Introducing
ACTIVE 3D
WITH UPGRADED SERVER
FULL LEATHER RECLINER CHAIRS
MEYER EXP SOUND SYSTEMS
CHRISTIE DIGITAL 4K PROJECTORS
fb.com/cdc.cinemas
For Booking or Inquiry
01 4248402 / 03
www.cdcnepal.com



WONDER WOMAN
CINE DINE 10:00 AM | 12:40 PM
06:30 PM
CINE THEATER 04:10 PM



BAHUBALI 2
CINE DINE 03:15 PM



BAYWATCH
CINE THEATER 11:05 AM | 06:50 PM



RATOGHAR
CINE THEATER 01:50 PM



११ वर्षको उमेरमै बालविवाह भोगेकी रौतहटकी आसियाकुमारी ठाकुर स्थानीय निर्वाचनमा काठमाडौं तारकेश्वर नगरपालिका-४ बाट वडा सदस्यमा निर्वाचित भइन्। एमाले पार्टीले आफ्नो निर्भीकता र केही गर्न सक्ने आत्मविश्वासका कारण आफस्लाई टिकट दिएको बुझाइ उनको छ। मधेसकी भएता पनि राजधानीमा जनप्रतिनिधि निर्वाचित भएकी ३८ वर्षीया आसियाले मधेस र पहाडबीच सामाजिक सद्भावको सन्देश दिने लक्ष्य लिएकी छिन्। आसिया सिलाइ-बुनाइपछि हस्तकला व्यवसाय सुरु गरेर टोलमा जाँगरिली महिलाका रूपमा चिनिँदै गइन्। आफूले जानेको सीप अरूलाई सिकाउँदै जाँदा उनी 'आशा दिदी'का रूपमा परिचित भएकी हुन्। उनले नयाँ पत्रिकाका शुरोजंग पाण्डेलाई आफ्नो जीवन भोगाइ, संघर्ष, राजनीतिक यात्रा र अबका योजना बताएकी छिन् :

# मधेसपुत्री आसियाको राजधानी राजनीति

### ११ वर्षमै विवाह

प्रेमपुरनागरिया ४ मा जन्मिएकी आसियाको ०४६ मा रौतहट औरैयाका नगेन्द्रप्रसाद विश्वकर्मासँग विवाह भयो। त्यतिवेला उनी जम्मा ११ वर्षमा टेक्दै थिइन्। सामान्य अशिक्षित कृषक परिवारमा हुर्किएकी उनले बाल्यकालमै विवाह भएकाले लामो समयसम्म वैवाहिक जीवनको अनुभूति गर्न सकिनन्। रजस्वला हुनुभन्दा पहिल्यै छोरीको विवाह गर्नुपर्छ भन्ने रुढिवादी सामाजिक प्रचलनकै कारण आफू विवाह गर्न बाध्य भएको उनी बताउँछिन्। 'पारिवारिक अवस्था कमजोर र असक्षम भएकाले होइन, सामाजिक प्रचलनलाई पछ्याउनुपर्ने बाध्यताका कारण मेरो सानै उमेरमा विवाह भयो,' उनले बताइन्।

सानै उमेरमा विवाह भएका कारण थुप्रै नरमाइला अनुभूति छन्, उनीसँग। 'बिहेपछि एक वर्ष श्रीमान्कै घरमै बिताएँ। के गर्ने, कसो गर्ने ? केही कुराको मेसो थिएन। कहिले चिन्ता लाग्थ्यो त कहिले रमाइलो मान्थेँ,' उनी सम्झिन्छिन्, 'एक वर्ष परिवारसँग बिताएपछि काठमाडौं आएँ। श्रीमान् विद्युत् प्राधिकरणमा भात पकाउने जागिरे हुनुहुन्थ्यो। काममा मलाई उहाँले सघाउनुहुन्थ्यो। धेरै सँगै नबसेकाले पनि होला, घर परिवारमा सासु-ससुरा कसैबाट नराम्रो व्यव्हार खेप्नुपरेन।' तर, १८ वर्षको उमेरमा गर्भवती भएपछि भने उनलाई बल्ल विवाह भएको हो किजस्तो अनुभूति भएछ। 'बल्ल मलाई बिहे भएको जस्तो लाग्यो,' उनले भनिन्, 'आमा बन्दै छु। मेरो पनि पारिवारिक जिम्मेवारी थपिँदै छ भन्ने बोध भयो मलाई।'



### अनि बदलियो परिचय

श्रीमान् विद्युत् प्राधिकरणको जागिरे भएकाले कोठामा एक्लै हुन्थिन्, आसिया। एक्लै बस्दा दिक्दारी लाग्न थालेपछि फुर्सदकै बीचमा कोठामा रुमाल, टोपी, स्वेटर बुन्दै बुट्टा भर्न सिकिन्। त्यसको केही महिनामै त्यस्तै काम गर्न पाइन्, उनले। 'सुनिता नामकी बहिनीमार्फत नयाँ बजारको कारखानाले घरमै बुट्टा भर्ने कामको अफर दियो,' उनी भन्छिन्, 'कोठामै बसीबसी पाँच सयदेखि १५ सय 'पिस'सम्म बुट्टा भरेर बुझाउन थालेँ।' आर्यआर्जन गर्दै उनले आफूले जानेको सीप अरू दिदीबहिनीलाई पनि सिकाउन थालिन्।

आफ्नो सीप देखेर बालाजु बाइपासका धेरै छिमेकी महिला काम सिक्नका लागि आफूकोमा आएको उनले बताइन्। 'मेरो सीप देखेर धेरैजना दिदीबहिनी मकहाँ आउन थाल्नुभयो। मैले पनि सकेसम्म आफ्नो सीप बाँडे,' उनले भनिन्। कारखानाबाट धेरै अर्डर आउन थालेपछि अरूलाई अवसर दिँदै जाँदा व्यवसायीकै रूपमा उनको नयाँ परिचय बन्यो। अनि चिन्नेहरू सबैले उनलाई भन्न थाले- 'आशा दिदी'।

'एकैपटकमा दुई सयजनासम्मलाई काम सिकाउन थालेँ,' उनले बताइन्, 'कतिलाई घरमै हाते बुनाइसम्बन्धी तीनमहिने तालिम पनि दिएँ।' सीप सिकेर आत्मनिर्भर बनेका थुप्रै महिलाको जीवनशैली नै फेरियो। 'मैले २२ जनासम्मलाई छुट्टाछुट्टै समूहमा राखेर तालिम दिएँ। सयौँ अशिक्षित महिलालाई आत्मनिर्भर बनाएँ,' उनी बताउँछिन्, 'आफ्नो खुट्टामा उभिन नसक्दा श्रीमान्को कुटाइ खाएको, अपमान सहनुपरेको मैले धेरै घटना देखेको छु। त्यस्ता महिलालाई आत्मनिर्भर बन्न मैले धेरै प्रेरित गरेकी छु।

स्मृति विशेष

# धर्तीरक्षकको असामयिक अवसान

*लाखौँलाख ताराबीच थियौ ध्रुवतारा*
*छाडिगयौ हाम्रो साथ रुवाई साथी सारा*
*भुल्ने छैनौँ कहिले ठट्यौली त्यो पारा*
*जस्तोसुकै संकटमा दिन्थ्यौ देशलाई सहारा*

गीतकार नेपाली सेनाका महासेनानी पाइलट कैलाश गुरुङको 'रक्षकको गीत' एल्बममा समेटिएको यो गीतको मर्म अन्ततः उनकै जीवनसँग मेल खान पुग्यो।

१६ जेठमा नेपाल सेनाका लागि खाद्यान्न लिएर हुम्लाको सिमीकोट उडेको सेनाको स्काइ ट्रक बाजुराको कोल्टी विमानस्थलमा दुर्घटना हुँदा उनको ज्यान गयो। सिमीकोटको मौसम खराब भएपछि विमान कोल्टीतर्फ डाइभर्ट गरिएको थियो।

करिब दुई दशक नेपाली सेनाको हेलिकोप्टर र स्काइ ट्रक (हवाइजहाज) उडाएका उनले देशमा परेका ठूलाठूला संकटमा साथ दिएका थिए। उनी प्रतिभासम्पन्न र इमानदार सर्जक तथा देशरक्षक थिए। त्यसैले नै होला, उनले सामाजिक सञ्जालमा आफ्नो आइडी सुरुमा धर्तीपुत्र र पछि धर्तीरक्षक राखेका थिए।

१४ पुस ०२७ मा भोजपुरको छिनामखुमा जन्मिएका गुरुङ ०४६ सालमा नेपाली सेनामा प्रवेश थिए। विद्यालय तहबाटै सिर्जना कर्ममा लागेका उनले गीतिसंग्रह 'रक्षकका गीत' पस्केका थिए।

*वीरता, गौरव, अनुशासन, समर्पण*
*राष्ट्रको भक्तिमा*
*नेपालको सुरक्षा गर्नेछौँ, नेपाली*
*जनताको शक्तिमा*

'नेपाली सैनिक गीत' शीर्षकको यो गीतसँगै उनले सेनासँग सम्बन्धित दर्जनभन्दा बढी गीत रचना गरेका थिए। त्यस्तै, नेपाली सेनाको गरुड दल, कालिभञ्जन गण र खड्गदलको गणगान रचना गरेका थिए। सेनाको पेसा, मर्यादा, दायित्वसँग जोडिएका गीतका कारण पनि उनी सेनामा निकै लोकप्रिय थिए। त्यसो त गुरुङलाई सैनिक गानका रचनाकार मात्र भनिरहँदा अन्याय हुन्छ। उनले माया, प्रेम, राष्ट्रिय भावना, विभिन्न पर्व र अवसर विशेषसँग सम्बन्धित दर्जनौँ गीत रचेका छन्। आफ्नो जातिप्रति सधैँ गर्व गर्ने उनले गुरुङ जातिको मुख्य पर्व ल्होछारसँग सम्बन्धित गीत पनि रचना गरेका छन्।



*विछोडको सन्तापले बनेको घाउलाई देऊ ओखती*
*कसैलाई पनि नपरोस् यस्तो जीवनमा विपत्ति*

द्वन्द्वकालका विभिन्न घटनाबाट द्रवीभूत भएर उनले 'विछोडको पीडा' शीर्षकमा रचना गरेको गीतको स्थायी हो, यो। तर, आज उनी नै हामीमाझ रहेनन्। लन टेनिसमा पावरफुल भली प्रहार गर्ने महासेनानी पाइलट गुरुङको परिवारमाथि ठूलो बज्रपात भयो।

आज बिहीबार उनको निधन भएको १० दिन भएको छ। गुरुङजातीय तथा बौद्ध परम्पराअनुसार उनको दाहसंस्कार गरिएको सातौँ दिनमा आज अर्घौं (पितृकार्य) हुँदै छ। सोही घडीमा उनका पछिल्ला दुई गीति एल्बमको प्रधान सेनापति राजेन्द्र क्षेत्रीले विमोचन गर्ने कार्यक्रम छ।

धर्तीरक्षक गुरुङलाई उनका प्रकाशित कृतिहरू 'अर्पण' (गीति एल्बम), 'रक्षकको गीति' (विभूति गीतमाला) 'ओड फ्रम दी हिमालयाज'ले उनलाई सधैँसधैँ अमर बनाइराख्नेछन्।

• मनिराज गुरुङ

# पृष्ठ

यसमा मलाई निकै खुसी लाग्छ।' अहिले जनप्रतिनिधि बनेपछि उनको व्यस्तता त झनै बढेको छ। जसकारण तालिम दिने पर्याप्त समय भने उनीसँग छैन। तर, आफ्नो पुरानो पेसालाई कसैगरी पनि निरन्तरता दिइरहने योजना उनको छ।

### एक्कासि आयो 'अफर'

२० वर्षदेखि काठमाडौँमा महिलाहरूलाई सीप सिकाएर आत्मनिर्भर बनाउनमा सक्रिय आसियाको व्यक्तित्व उदार समाजसेवी महिलाका रूपमा समेत उजागर हुँदै थियो। त्यही बीचमा उनलाई स्थानीय निर्वाचनमा एमालेबाट वडा सदस्यको टिकट अफर आयो। राजनीतिबारे सामान्य चासो रहे पनि धेरै जानकारी नरहेको बताउने उनलाई टोलकै एमाले नेत्री सरिता गौतमले पार्टीका तर्फबाट उम्मेदवार बन्न प्रस्ताव गरेकी थिइन्

'भोट हाले पनि म कुनै पार्टीमा आबद्ध थिइनँ, तर टोलकै अगुवा सरिता गौतमको सम्पर्कबाट म पार्टीनिकट भएँ,' उनले सम्झिन्, 'पार्टी भनेको के हो ? थाहा थिएन। महिलालाई तालिम दिने काममै व्यस्त हुन्थेँ, मिहिनेतका साथ काम गरेको र अरूलाई पनि सीप सिकाउँदै आएकाले हुन सक्छ, उहाँकै प्रस्तावमा अन्ततः म उम्मेदवार बनेँ।'

उम्मेदवार बन्न प्रस्ताव आउनेबितिक्कै उनले रौतहटमा रहेका बाबुसँग अनुमतिका लागि परामर्श गरिन्। बाबुले उनलाई अघि बढ्न उत्साहित गरे। त्यसपछि आफू अघि बढेको उनी बताउँछिन्। 'पार्टीको सिद्धान्त र कार्यक्रम के हुन्, धेरै जानकारी थिएन, तर उम्मेदवारीपछि सक्रिय बनेर मत मागेँ र सबैको विश्वास जितेर विजयी बनेँ,' उनले भनिन्।

वडामा लोकप्रिय आसियाले दलित महिला सदस्यको कोटामा कांग्रेसकी प्रतिद्वन्द्वीलाई ३ सयभन्दा बढी मतले हराइन्। उनले ५ सय ८५ मत प्राप्त गरिन्। विजयी भएलगत्तै मधेसकी चेली भन्दै उनलाई थुप्रै बधाई आए।

'तराईबाट बुबाले फोन गरेर बधाई दिनुभयो। इष्टमित्रले पनि बधाई दिँदै असल काम गर्न शुभेच्छा प्रकट गरे,' उनले भनिन्। विजयी बनेपछि क्षेत्रपाटीका एकजना अपरिचित वृद्ध व्यक्ति घरमै आएर बधाई दिएको स्मरण उनको छ। 'क्षेत्रपाटीका एकजना वृद्ध बुबाले पत्रिकामार्फत म विजयी बनेको थाहा पाउनुभएछ,' उनले भनिन्, 'उहाँ घरमै आउनुभयो। पहाड र तराईबीच सद्भाव भड्किएकाले मिलेर बस्नुपर्ने सन्देश फैलाउन आशीर्वाद दिएर जानुभो।'

### मधेसी भनेर हेपेको मन पर्दैन

इमानदारी र मिहिनेतका साथ काम गर्ने सानैदेखिको स्वभावले आफू जनप्रतिनिधिमा निर्वाचित भएको उनको बुझाइ छ। त्यसो त आफू अघि बढ्नेबितिक्कै अहिलेसम्म कतै असफल नबनेको स्मरण उनको छ। अन्यायविरुद्ध सधैँ लड्ने स्वभावले पनि आफूलाई राजनीतितर्फ अघि बढ्न प्रेरित गरेको बताउँछिन् उनी। 'आजसम्मको जिन्दगीको यात्रामा म कतै असफल भइनँ, जे काम आँटे, ती सबै पूरा भएकै छन्। उम्मेदवारीपछि पनि सबैको सद्भाव देखेर विजयी हुनेमा पूर्ण विश्वास लागेको थियो,' उनले भनिन्, 'अन्ततः मैले सोचेजस्तै परिणाम आयो, म धेरै खुसी छु।'

मधेस मूलकी चेली आसियालाई दिनभर श्रम बेच्ने मधेसकै दाजुभाइलाई काठमाडौँमा हेपेर बोलिने शब्दले बढी चिमोट्छ। 'काठमाडौँ आदिवासी नेवारदेखि हिमाल, पहाड, तराई सबैतिरबाट आएका नेपालीको बसोवास छ। तर, श्रम गरेर खाने तराईका दाजुभाइलाई हेपेर बोलेका शब्दले मलाई धेरै चित्त दुख्छ,' उनी भन्छिन्, 'मैले त अहिलेसम्म त्यस्तो अपमान सहनुपरेको छैन, तर जसलाई जहाँ अन्याय परेको छ, म एक्लै भए पनि पीडितको पक्षमा उभिन्छु।' यिनै स्वभावका कारण पनि पार्टीले विश्वास गरेर उम्मेदवार बनाएको उनको ठम्याइ छ। 'काठमाडौँमा अरूलाई सीप सिकाएर सेवा गर्ने यस्तो निर्भीक व्यक्तिलाई अघि बढाउनुपर्छ भन्ने लागेर पनि होला, मलाई पार्टीले विश्वास गरेर उम्मेदवार बनायो,' उनी आफू मूल्यांकन गर्छिन्। केही मधेसकेन्द्रित दलले मधेसमा अधिकार मागेर आन्दोलन गरिरहेको विषयमा जानकार आसिया त्यहाँका नागरिक हेपिएकै कारण उनीहरूले समान हक–अधिकारको मागसहित आन्दोलन गर्नु जायज भए पनि राष्ट्रियता कमजोर तुल्याउने कुरालाई कुनै पनि नागरिकले स्विकार्न नसक्ने बताउँछिन्। मधेसका जनता हेपिएकै कारण पनि आन्दोलन गरिरहेका हुन् भन्ने कुरालाई सरकारले बुझ्नुपर्छ, तर हक–अधिकारकै नाममा राष्ट्रलाई कमजोर बनाउने गरी हिमाल, पहाड र तराईलाई विभाजित गर्ने कुरा कत्ति पनि राम्रो होइन, यसबाट पराईले स्वार्थपूर्ति गर्न सक्छन,' आसिया भन्छिन्।

### आसियाका योजना

वडा सदस्य बनेपछि मात्रै राजनीति सिक्दै गएको खुलाउने उनले जनप्रतिनिधिका रूपमा आफ्नो त्यस्तो कुनै ठूलो योजना र सपना नरहेको बताउँछिन्। 'टोलकै समस्या समाधान गर्न सबैको सुझाबअनुसार अघि बढ्ने हो, त्यस्तो ठूला योजना केही छैन। वडामा शान्ति–सुरक्षाको अवस्था कमजोर छ। वडामा प्रहरी चौकी स्थापना गर्नका लागि पहल गर्ने सोच राखेको छु,' उनले भनिन्, 'टोलका सडक पिच गर्ने, खानेपानी समस्या समाधान गर्ने, खेर गइरहेका सरकारी जग्गा उपयोग गर्नेलगायतका काम गर्ने योजना छ।' जनताको सेवामा निरन्तर लाग्दा असल र इमानदार व्यक्तिको परिचय नै आफ्ना लागि काफी हुने उनको दाबी छ।

## ट्विट

### जितेन्द्र जिसी



@JitenGC

अनुसन्धानका लागि गिरफ्तार गरेर लैजाँदा अस्पताल पुगेर डिलक्समा सुतेर रिहा हुने सामन्तीहरूले कांग्रेस, एमाले वा माओवादी नेतालाई गाली गरेर हसाउँछन्।

### आभा



@vab_na

जसै बेजोड हुरीको सिर्जना गर्छ मस्तिष्क, मन पुलकित हुन्छ, हर्षविभोर हुन्छ। हृदयको भुमरीमा बतासको हिर्काइसँगै तिम्रो र मेरो प्रणयको संयोग हुन्छ।

### गनी अन्सारी



@GaniAnsarii

जेब्रा क्रसमा पैदलयात्रु मार्ने र मिलापपत्रका लागि पीडित परिवारलाई दबाब दिने ट्राफिक प्रहरीविरुद्ध ज्यान मुद्दा चलाउन मिल्दैन भन्या ?

### एलिजा ढकाल



@aliza_prithak

कस्तो विडम्बना ! बोर्डिङ स्कुलमा पढेर दुई लाइन अंग्रेजी फरर बोल्न सक्नु नै आजको समाजमा शिक्षित हुनुको परिभाषा बनेको छ !

### मनीषा दाहाल



@Dahalfuchhu

मानिसहरू सँग आ–आफ्नै प्रेम कहानी छन्। कसैलाई आफ्नो कथा सबैभन्दा प्रिय लाग्छ भने कसैलाई आफ्नै कथा सबैभन्दा अप्रिय लाग्छ।

### उमेश



@ptkums

सुरुमै तीन उपप्रम शपथ गराउँदै गरेको यो सरकारबाट सुशासनको आशा गर्न सकिन्न। जनतालाई यी भागबन्डे उपप्रधानमन्त्रीहरू चाहिएको छैन।

### लेनिन बञ्जाडे



@lendaai

कमसे कम शेरबहादुर देउवा प्रधानमन्त्री चुनिँदा म काठमाडौँमा थिइनँ। यो दुर्घटनाको साक्षी बन्नुपरेन। मलाई यही कुरामा सधैँ सन्तोष भइरहनेछ।

### लक्ष्मण कान्छा



@laxman_kanxa

यदि तिमीलाई मसँग हुँदा खुसी मिल्दैन भने मबाट टाढिएर जान सक्छौ, कहिल्यै नभेट्ने गरी। म सच्चा प्रेम गर्न चाहन्छु, समय बिताउन होइन।

# ओझेल परेका स्टार गायक-गायिका

नयाँनयाँ गायक, गायिकाको आगमनका कारण एक समय पार्श्व गायनमा आकाश चुमेका बलिउडका थुप्रै स्थापित गायक-गायिका अहिले ओझेलमा परेका छन्। पहिलाका केही चर्चित गायक-गायिका अहिले कामविहीनताको स्थितिमा पुगेका छन्। बलिउडका फिल्मसम्बन्धी वेबसाइटले यसबारे एउटा रिपोर्ट तयार परेका छ। जसमा उदितनारायण, कुमार सानु, अल्का याग्निक, साधन सरगमसम्मका गायक-गायिका छन्।



### कुमार सानु

एक समय कुमार सानुको पनि निकै जगजगी थियो। उदितपछि निर्माता, निर्देशक कुमारलाई खोज्थे। तर, अचेल उनीसँग पनि कामको कमी छ। ५९ वर्षीय कुमारले सन् २०१५ मा 'दम लगाके हैसा' फिल्ममा गीत गाएका थिए। त्यसपछि भने उनले कुनै फिल्ममा गीत गाएका छैनन्। एकदिनमै २८ वटासम्म गीत गाएर गिनिज बुकमा समेत नाम रेकर्ड गराएका कुमारले अहिलेसम्म २० हजारभन्दा बढी गीत गाएका छन्। उनका थुप्रै गीत हिट छन्।

### उषा उथुप

उषा फिल्मी, पप, आधुनिक, ज्याज तथा आइटम गीत गायनमा चर्चित नाम हो। उनी पनि अचेल गायनमा सक्रिय देखिन्नन्। उनले सन् २०१६ मा 'रक अन २'का लागि आवाज दिएकी थिइन्। त्यसपछि उनको पार्श्व गायन सुन्न पाइएको छैन। ६९ वर्षीया उषाले भाषाभाषी फिल्ममा पनि गीत गाएकी छिन्।





### उदितनारायण झा

उदितनारायण झा निकै चर्चित गायक हुन्। हिन्दी मात्र नभई नेपालीदेखि भोजपुरीसम्म थुप्रै भाषाका गीत गाएका उदितका लगभग सबै गीत चर्चित छन्। तर, उनै उदितलाई अचेल बलिउडका फिल्ममा पार्श्व गायनमा निकै कम मात्र खोज्ने गरिएको छ। ६१ वर्षीय उदितले सन् २०१६ मा जम्मा दुईवटा फिल्म– 'जय गंगाजल' र 'अना'मा मात्र गीत गाए। यो वर्ष भने उनले कुनै फिल्ममा गीत गाएको खबर छैन। सन् १९८८ मा बनेको 'कयामत से कयामत तक' फिल्मको 'पापा कहते है' बोलको गीतबाट पार्श्व गायनमा चम्किएका उदितले अहिलेसम्म १५ हजारभन्दा बढी गीत रेकर्ड गराइसकेका छन्। एकसे एक हिट गीत दिएका उदित एक समय सर्वाधिक व्यस्त गायक थिए। अचेल भने उनलाई त्यत्ति खोजिँदैन।

### आलिशा चिन्याई

आलिशाले सन् १९९० मा अनु मलिकसँग थुप्रै गीत गाइन्। सन् २००५ को 'बन्टी और बब्ली फिल्म'को 'गजरारे...' उनले गाएको सर्वाधिक चर्चित फिल्मी गीत हो। आलिशाले सन् १९९५ मा 'मेड इन इन्डिया' एल्बम श्रोतामाझ ल्याइन्। सो एल्बमका गीत निकै चर्चित भएका थिए। उनले सन् २०१३ मा 'कृष ३' फिल्ममा एउटा गीत गाएकी थिइन्। त्यसपछि उनको पार्श्व स्वर सुन्न पाइएको छैन। झन्डै एक हजारभन्दा बढी गीत गाइसकेकी ५२ वर्षीया आलिशा अचेल गायनमा सक्रिय देखिन्नन्।



### कविता कृष्णमूर्ति

पार्श्वका साथै अन्य गायनमा पनि चर्चित नाम हो, कविता कृष्णमूर्ति। उनी पनि अचेल फुर्सदमै छिन्। उनले सन् २०१५ मा 'गौर हनी दर्शन' फिल्ममा एउटा र सन् २०१६ मा 'ब्ल्याक टिकट' फिल्मको एउटा गीत गाएकी थिइन्। हिन्दीबाहेक अन्य भाषाभाषी फिल्मका गीत गाउनमा भने उनी व्यस्त नै छिन्। ५९ वर्षीया कविताका 'डोला रे डोला', 'आज मै उपर', 'मेरा पिया घर आया', 'प्यार हुआ चुप्के'लगायतका बोलका दर्जनौँ गीत हिट छन्।





### अल्का याग्निक

अल्का याग्निकको आवाज अचेल फिल्ममा निकै कम सुनिन्छ। एक समय उनी पनि निकै चल्तीकी गायिका थिइन्। पार्श्वगायनमा उनलाई निकै खोजिन्थ्यो। सन् २०१६ मा उनले जम्मा तीनवटा फिल्ममा गीत गाइन्– 'सवाल सात सौ करोडका', 'चक एन्ड डस्टर' र 'मजाज ए गुलामे दिल'। तर, ती फिल्म बक्स अफिसमा सफल भएनन्। अहिलेसम्म झन्डै २५ सय गीत रेकर्ड गराइसकेकी ५१ वर्षीया अल्काका 'मेरे अगनेमा तुम्हारा क्या काम है', 'तुम्से बडकर दुनियाँ', 'वादा रहा सनम', 'राह मे उनसे मुलाकात हो गई', 'कुछ कुछ होता है'लगायतका थुप्रै गीत हिट छन्।



### बाबुल सुप्रिया

पार्श्व तथा आधुनिक गायनमा बाबुल सुप्रिया चर्चित नाम हो। गायनका साथै अभिनय तथा राजनीतिमा समेत सक्रिय बाबुलले अन्तिमपटक सन् २००६ मा 'विवाह' फिल्मका लागि स्वर दिएका थिए। त्यसपछि उनले केही आधुनिक गीतका साथै बंगाली फिल्मका गीत पनि गाए। ४६ वर्षीय बाबुलका 'दिल ने दिलको पुकारा', 'चोरी चोरी चुप्के चुप्के', 'ओ प्रिया ओ प्रिया'लगायतका बोलका थुप्रै गीत चर्चित छन्।



# आधा लभको प्रिमियर




काठमाडौँ/ अभिनेत्री ऋचा शर्माले निर्माण गरेको फिल्म 'आधा लभ'को बुधबार राजधानीमा प्रिमियर गरियो।

प्रेमकथानक सो फिल्म अभिनेता अर्पण थापाले निर्देशन गरेका हुन्। प्रिमियरमा आधा लभले मिश्रित प्रतिक्रिया पाएको छ। ऋचा शर्मा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा ऋचा र अर्पणका साथमा टीका पहारी, मिथिला शर्मा, रेमनदास श्रेष्ठ, रोजिशा शाहीलगायतले अभिनय गरेका छन्।

प्रिमियरमा ऋचाले आफूहरूले निकै मिहिनेत गरेर आधा लभ निर्माण गरेको बताउँदै दर्शकले मन पराउने विश्वास व्यक्त गरिन्। ऋचाले यसअघि विनय श्रेष्ठ र सिजी इन्टरटेन्मेन्टसँग मिलेर 'भिसा गर्ल' नामक फिल्म निर्माण गरेकी थिइन्। फिल्म शुक्रबार अर्थात् २६ जेठमा प्रदर्शन हुनेछ।

# लक्ष्यले ल्याए बिएफ जिएफ

काठमाडौँ/ गायक लक्ष्य खत्रीले आफ्नै शब्द र संगीत रहेको 'बिएफ जिएफ' बोलको गीतको भिडियो दर्शकमाझ ल्याएका छन्।

मुम्बईमा बस्दै आएका लक्ष्यको सो गीतको भिडियोमा उनी स्वयं र गडवाली फिल्मकी अभिनेत्री सुप्रिया शुक्लाले मोडलिङ गरेका छन्। भिडियो राजु सागरले निर्देशन गरेका हुन्। कृष्ण रावले खिचेको भिडियोको सम्पादन पनि गायक लक्ष्य आफैँले गरेका हुन्। भिडियोले दर्शकको मन जित्दै गएकोमा उनी दंग परेका छन्।



## यस्तो पनि



# किन खोजिन् नौ वर्षीयाले पोर्नोग्राफी ?

टेक्सासको एउटा प्राथमिक विद्यालयका शिक्षकले नौ वर्षीया बच्चीले आइप्याडमा पोर्नोग्राफी सर्च गरेको फेला पारे। जब शिक्षकले बच्चीलाई यसको कारण सोधे। बच्चीको जवाफले ठूलो रहस्योद्घाटन हुन पुग्यो।

आफूलाई छिमेकीले के गर्ने गरेका हुन् भनेर जान्नका लागि ती बच्चीले पोर्नोग्राफी सर्च गरेको बताइन्। उनलाई आफ्नै घरमा भाडामा बस्ने ३१ वर्षीय एन्थोनी गेरेले दुई वर्षअघिदेखि त्यस्तो गर्दै आएको रहेछ। सोधपुछका क्रममा बच्चीले एन्थोनीले आफूलाई मात्र नभएर बहिनीलाई समेत त्यस्तो गर्ने गरेको र खासमा त्यो के गरेको हो भनेर जान्नका लागि सर्च गरेको खुलाइन्। त्यसपछि स्कुलले पुलिसलाई खबर गऱ्यो। एन्थोनी हाल बालयौन दुराचार मुद्दामा जेल परेका छन्।

१२ आउँदो मौद्रिक नीतिसँग जोडिएका आठ सवाल

अर्थविद् केशव आचार्य भन्छन्

वित्तीय संस्थाले जोखिमयुक्त लगानी गरिरहेका हुन्छन् । संसारमा कहीँ पनि नभएको सिसिडी रेसियो हाम्रोमा छ । अन्यत्र सबै सिडी रेसियो गणना हुन्छ, त्यो गलत हो । यसरी खुकुलो बनाउँदा वित्तीय स्थायित्वमा संकट आयो । हामी २३ वर्षपछि उच्च वृद्धि गर्दै छौँ, हाम्रै छिमेकी देशले पछिल्लो दशकयता दोहोरो अंकसम्मको वृद्धिको लक्ष्य भेटिसकेको छ ।




# नयाँ आर्थिक

बिहीबार २५ जेठ ०७४, www.enayapatrika.com







■ सहरीकरण र आयरल्यान्डको भविष्य : पृष्ठ १२ ■ सेयरबजारमा करेक्सन : पृष्ठ १३ ■ डिजिटल नेपाल निर्माणमा एनसेलको प्रतिबद्धता : पृष्ठ १४ ■ हुवावे विश्वकै ८८ औँ मूल्यवान् ब्रान्ड : पृष्ठ १४ ■ गोदरेज माइक्रोवेभ ओभन बजारमा : पृष्ठ १४ ■ साझेदारीका उत्कृष्ट नमुना बन्न चाहन्छौँ : पृष्ठ १४

# ब्रिटानिया अब नेपालमै उत्पादन हुने

## भारतीय चर्चित ब्रान्ड ब्रिटानियाले १ अर्ब रुपैयाँभन्दा बढी लगानीमा नेपालमा उद्योग खोल्दै

कृष्ण रिजाल/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

भारतको चर्चित बिस्कुट तथा बेकरी ब्रान्ड ब्रिटानिया अब नेपालमै उत्पादन हुने भएको छ । यसका लागि ब्रिटानियाले उद्योग विभागबाट स्वीकृति लिएको छ ।

ब्रिटानियाले बारा जिल्लामा उद्योग स्थापना गरी विभिन्न बिस्कुट र बेकरी उत्पादन गर्ने गरी विभागमा उद्योग दर्ता गराएको छ । यसका लागि कम्पनीले विभागबाट १ अर्ब ११ करोड रुपैयाँ लगानी गर्ने गरी विदेशी लगानीको स्वीकृति लिएको विभागका महानिर्देशक शंकर अर्यालले जानकारी दिए । 'ब्रिटानिया इन्डिया कम्पनीकै प्रतिनिधि आई विभागसँग आवश्यक परामर्शसमेत लिएर उद्योग दर्ता गराएका हुन्,' उनले भने, 'लगानी स्वीकृति लिएर उनीहरूले उद्योग स्थापनाको प्रक्रियासमेत अघि बढाइसकेका छन् ।' ब्रिटानीयाजस्तो सफल र ठूलो कम्पनीले नेपालमा लगानी गर्नु सकारात्मक भएको महानिर्देशकले बताए ।

### १ अर्ब लगानी, ३ सय ४५ लाई रोजगारी

उद्योगले सुरुमा १ अर्ब रुपैयाँ लगानी गर्नेछ । ठूलो उद्योगका रूपमा स्थापना हुने ब्रिटानियाले ३ सय ४५ जनालाई प्रत्यक्ष रोजगारी दिनेछ । ब्रिटानियाले वार्षिक १४ हजार मेट्रिकटन बिस्कुट तथा बेकरी उत्पादन गर्नेछ । कम्पनीले लगानी तथा उत्पादन क्षमतालाई बजारको मागअनुसार वृद्धि गर्दै लैजानेसमेत जनाएको उनले बताए ।




### कस्तो हो ब्रिटानिया उद्योग ?

भारतीय व्यावसायिक समूह दी वाडिया ग्रुपको सिस्टर कम्पनी ब्रिटानिया इन्डस्ट्रिज लिमिटेड भारतको पब्लिक कम्पनी हो । कम्पनीको ब्रान्ड ब्रिटानिया भारत तथा दक्षिण एसियाली मुलुकमा चर्चित छ । अहिले ब्रिटानिया भारतीय खाद्यान्न बजारको लिडर बनिसकेको छ । कम्पनीले वार्षिक ८५ अर्ब भारु आम्दानी गर्दै आएको जनाएको छ । कम्पनी विभिन्न ५ प्रकारका उत्पादन ४२ लाख रिटेल आउटलेटबाट बिक्री गर्दै आएको छ । १८९२ मा २ सय ९५ भारुमा स्थापना भएको ब्रिटानियाको बजार अहिले झन्डै १ खर्ब भारुबराबरको भइसकेको कम्पनीले जनाएको छ । ब्रिटानियाले सन् २०१२ मा एसिया प्यासिफिक क्वालिटी अर्गनाइजेसनबाट 'ग्लोबल परफर्मेन्स एक्सिलेन्स अवार्ड' प्राप्त गरेको थियो ।

### डेढ वर्षमै उत्पादन थाल्ने

कम्पनीले ब्रिटानिया नेपाल प्रालिको नाममा उद्योग दर्ता गराएको हो । ब्रिटानियाले उद्योग विभागको विदेशी लगानी शाखामा आगामी डेढ वर्षभित्रै उत्पादन थाल्ने कार्ययोजना पेस गरेको छ । कम्पनीले एक वर्षभित्र उद्योग स्थापना गरी त्यसको ६ महिनाभित्र उत्पादन नै गर्ने योजना पेस गरेको विभागको प्रवक्ता दुर्गाप्रसाद भुसालले जानकारी दिए । 'लगानी स्वीकृति तथा उद्योग दर्तापछि उनीहरूले जग्गा खरिद, मेसिनरी आयात र जडानको प्रक्रिया सुरु गर्ने जनाएका छन्,' उनले भने, 'नेपालमा ब्रिटानियाको बजार राम्रो रहेकाले उनीहरू पनि उत्साहित छन् ।

### यस्ता छन् ब्रिटानियाका उत्पादन

ब्रिटानियाले खासगरी बिस्कुट, ब्रेड, डेरी र केकका आइटम उत्पादन गर्दै आएको छ । ब्रिटानियाका गुड डे, क्र्याकर, म्यारी गोल्ड, टाइगर, नाइस टाइम, प्योर म्याजिक, लिटल हर्ट, न्युट्री च्वाइसलगायत बिस्कुट भारतीय तथा नेपाली बजारमा चर्चित छन् । त्यस्तै, ब्रिटानियाले होल वेट ब्रेड, ह्वाइट स्यान्डबिच ब्रेड, ब्रेड एसोर्टमेन्ट र डेल्ली ब्रेड गरी चार प्रकारका ब्रेड उत्पादन गर्दै आएको छ । कम्पनी डेरी प्रडक्टमा चिज, फ्रेस डेरीलगायत उत्पादन गर्दै आएको छ । ब्रिटानियाको बार केक्स, भेज केक, चुन्क केक, मफिल्स, बिस्कोट्टीलगायत केक पनि चर्चित छन् ।

### आयत विस्थापन

नेपालमै उत्पादन भएपछि भारतीय बजारबाट ब्रिटानियाका बिस्कुट तथा बेकरी नेपालमा आयात हुने छैनन् । अहिले नेपालका सहरी क्षेत्रमा खपत हुने बिस्कुटको ठूलो हिस्सा ब्रिटानियाले ओगेको छ । यद्यपि, ब्रिटानियाका बिस्कुट कति परिमाणमा आयात हुन्छन् भन्ने यकिन तथ्यांक छैन । कम्पनीले अहिले चलिरहेका ब्रान्डकै बिस्कुट तथा बेकरी नेपालमा उत्पादन थाल्नेछ । त्यसपछि भारतबाट ब्रिटानियाका उत्पादनको आयात विस्थापन हुने विभागले जनाएको छ ।

# ज्ञानेन्द्रबहादुर कार्की नयाँ अर्थमन्त्री

## दुई पूर्ववर्तीजस्तै कार्की पनि अर्थशास्त्रको सैद्धान्तिक ज्ञानविनाकै अर्थमन्त्री

सविन मिश्र/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

ज्ञानेन्द्रबहादुर कार्कीलाई नयाँ सरकारमा अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाका विश्वासपात्र कार्की राजनीतिशास्त्रमा स्नातकोत्तर हुन् । कार्की आफ्नो जीवनकालमा दोस्रोपटक मन्त्रीका रूपमा सिंहदरबार प्रवेश गरेका हुन् । यसअघि उनी एकैपटक जलस्रोत राज्यमन्त्री हुँदै मन्त्री बनेका थिए ।

आफ्ना दुई पूर्ववर्तीजस्तै कार्की पनि अर्थशास्त्रको सैद्धान्तिक ज्ञान नभएका व्यक्ति हुन् । यसअघिका दुई सरकारले जस्तै देउवाले पनि गैरअर्थशास्त्रीलाई अर्थमन्त्रीको जिम्मेवारी दिएका छन् । अघिल्ला दुई अर्थमन्त्रीहरू कृष्णबहादुर महरा र विष्णु पौडेल पनि अर्थशास्त्रको सैद्धान्तिक ज्ञानविहीन थिए । त्यसअघि वर्षमान पुन र सुरेन्द्र पाण्डेसमेत अर्थशास्त्रको सैद्धान्तिक ज्ञानविना नै अर्थमन्त्री बनेका थिए । नेपाली कांग्रेसबाट भने पहिलोपटक कार्की अर्थशास्त्र नपढेका अर्थमन्त्री बनेका हुन् ।

बुधबार कार्यभार सम्हाल्दै मन्त्री कार्कीले अर्थतन्त्रको सुधार भएको अनुभूति जनतालाई दिन नसकेसम्म जस्तै आर्थिक वृद्धि हासिल भए पनि त्यसको अर्थ नहुने बताए । 'छिटोभन्दा छिटो मुलुकलाई प्रगतिको दिशामा अघि बढाउनुपर्ने चुनौती हामीसमक्ष छ,' उनले भने, 'अर्थतन्त्रलाई नजिकबाट नियाल्नेछु ।' सरकारले आर्थिक समृद्धिलाई केन्द्रमा राखेर काम गर्ने पनि उनले बताए ।



अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की (बीचमा) लाई स्वागत गर्दै अर्थसचिव शान्तराज सुवेदी (दायाँबाट दोस्रो) लगायत । तस्बिर : अमुल थापा/नयाँ पत्रिका

### बजेट कार्यान्वयनः चुनौती

निवर्तमान अर्थमन्त्री महराजस्तै कार्कीसमक्ष पनि अर्कोले ल्याएको बजेट कार्यान्वयन गर्नुपर्ने दायित्व छ । आउँदो वर्षका लागि १५ जेठमा संसद्मा प्रस्तुत गरिएको बजेटमा नयाँ कार्यक्रम समावेश गरिएको छैन । चालू आर्थिक वर्षको अब करिब २५ दिन बाँकी रहँदा अहिलेसम्म पुँजीगत खर्च जम्मा ३६ प्रतिशत भएको छ । सरकारले यो वर्ष ८० प्रतिशतभन्दा धेरै खर्च गर्ने लक्ष्य राखेको थियो । सरकारको यो लक्ष्य कार्यान्वयन नहुने अवस्थामा पुग्न लागेको छ ।

### 'जलस्रोतमन्त्री हुँदा मेगावाट थाहा थिएन'

मन्त्री कार्कीले आफ्ना लागि अर्थमन्त्रीको जिम्मेवारी नौलो भएको भन्दै सफल मन्त्रालयका रूपमा अर्थलाई प्रस्तुत गर्ने बताए । 'मेरा लागि यो जिम्मेवारी नौलो भए पनि यसलाई सफल मन्त्रालयका रूपमा देखाउनेछु,' उनले भने, 'पहिले जलस्रोतमन्त्री हुँदा पनि मलाई किलोवाट, मेगावाट थाहा थिएन, तर मेरै पालामा धेरै गति दिने काम गरेँ, यहाँ पनि राम्रो गर्छु ।' उनले सुशासन र पारदर्शिता आफ्नो मुख्य एजेन्डा भएकाले त्यसैअनुसार काम गर्ने पनि उल्लेख गरे ।

### 'सुदृढ अर्थतन्त्र हस्तान्तरण'

नयाँ अर्थमन्त्रीलाई स्वागत गर्दै अर्थसचिव डा. शान्तराज सुवेदीले सुदृढ र समुन्नत अर्थतन्त्रको नेतृत्व गर्ने अवसर कार्कीले पाएको बताए । अर्थतन्त्रका अधिकांश परिसूचक बलियो अवस्थामा रहेको भन्दै सुवेदीले व्यापार घाटा न्यूनीकरण मात्रै अहिलेको चुनौती भएको बताए । 'व्यापार घाटा घटाउन अनेकौँ कोसिस भयो, तर सफलता मिलेको छैन,' उनले भने । राजस्वसचिव राजन खनालले अन्तरसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी कानुन तर्जुमा भइरहेको भन्दै त्यसलाई तत्काल संसद्मा लगेर पास गर्नुपर्ने बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले चालू आर्थिक वर्षका पहिलो १० महिनामा व्यापार घाटा सात खर्ब ४७ अर्ब पुगेको भन्दै यो चुनौतीपूर्ण भएको उल्लेख गरे । उनले चालू आर्थिक वर्षको ६.९ प्रतिशतको आर्थिक वृद्धिलाई स्थायित्व दिने चुनौती पनि नयाँ मन्त्रीसमक्ष रहेको बताए ।

### अनुदान स्वीकार गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने

मन्त्री कार्कीले पदभार ग्रहण गर्दै जापान सरकारसँग अनुदान लिने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने निर्णयमा हस्ताक्षर गरेका छन् । जापान सरकारबाट जेडिए छात्रवृत्तिका लागि २६ करोड ५९ लाख रुपैयाँ (२८ करोड २० लाख जापानी येन) अनुदान स्वीकार गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने अर्थ मन्त्रालयको निर्णयमा उनले हस्ताक्षर गरेका हुन् ।

## संक्षेपमा अर्थ



### कृषिमन्त्री र राज्यमन्त्रीको बिदाइ

काठमाडौं/ कृषि विकास मन्त्रालयले कृषिमन्त्री गौरीशंकर चौधरी र राज्यमन्त्री राधिका तामाङको बिदाइ गरेको छ । बुधबार बिहान एक कार्यक्रम गरी दुवै मन्त्रीको बिदाइ गरेको सहप्रवक्ता शंकर सापकोटाले जानकारी दिए ।

कार्यक्रममा मन्त्री चौधरीले १० वर्ष कार्यकालमा कृषि क्षेत्रमा राम्रा काम गर्न सकेको दाबी गरेका थिए । उनले किसान आयोग गठन, दीर्घकालीन कृषि विकास रणनीतिले पहिलो वर्षका लागि लिएको लक्ष्यको प्रगति र चौधौँ राष्ट्रिय योजनाअन्तर्गतको पहिलो वर्षको लक्ष्य सफल पार्न सकेको बताएका थिए । चालू आर्थिक वर्ष ०७३/७४ देखि सुरु गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पहिलो वर्षका कामहरू सन्तोषजनक रूपमा अघि बढाइएको उनले बताएका थिए । दुवै मन्त्री युवा उमेरका भएकाले द्रुत गतिमा काम गर्ने इच्छा देखाएको उनले बताएका थिए । कार्यकाल अवधिभर कर्मचारीले सबै योजना कार्यान्वयन गर्न सफल भएको भन्दै उनले धन्यवाद ज्ञापन गरेका थिए ।

### ■ धितोपत्र बोर्डको २५ वर्ष




नेपाल धितोपत्र बोर्डको रजतजयन्तीको अवसरमा बुधबार प्रभातफेरी कार्यक्रममा सहभागी । धितोपत्र बोर्डसम्बन्धी सूचनामूलक प्लेकार्डसहित धितोपत्रसम्बन्धी विभिन्न निकायका पदाधिकारी एवं कर्मचारीको सहभागिता रहेको यो कार्यक्रम भद्रकालीदेखि रत्नपार्क हुँदै भृकुटीमण्डपमा समापन भएको थियो । तस्बिर : अमुल थापा/नयाँ पत्रिका

### ■ नेतृत्व सक्षम भएको नेप्सेको दाबी

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले संस्थाको नेतृत्व सक्षम भएको दाबी गरेको छ । बुधबार प्रेस विज्ञप्ति जारी गर्दै संस्थाको नेतृत्वलाई लिएर विद्युतीय तथा छापा सञ्चारमा भएका टिप्पणीप्रति नेप्सेको ध्यानाकर्षण भएको उल्लेख गरेको छ । सो टीकाटिप्पणीले संस्थाको छविमा आँच पुगेको र नेतृत्वको व्यक्तिगत मानमर्दन भएकाले सोको खण्डन गरेको बताएको छ ।

विगत चार वर्षमा बजार सुधारका लागि विभिन्न कार्य थालिएको नेप्सेले विज्ञप्तिमा उल्लेख गरेको छ । ती कार्यहरू सुनियोजित रूपमा रोक्ने अनि नेप्सेले काम गरेन, नेतृत्व असक्षम भयो भन्ने प्रचार गरेको आरोप लगाएको छ । दोस्रो बजारमा अन्तर्राष्ट्रिय आधुनिक अनलाइन स्वचालित कारोबार प्रणाली भित्र्याउने कार्यमा लागिरहेको र बाह्य हस्तक्षेप नभएको भए हालसम्म लगानीकर्ताले नेपालमै उच्चस्तरको कारोबार प्रणालीमा सरिक हुने अवसर पाइसक्ने विज्ञप्तिमा उल्लेख छ । सूचीकृत कम्पनीको धितोपत्रको बजारमूल्यमा प्रभाव पर्ने सूचना नेप्सेकै वेबसाइटमार्फत सार्वजनिक गर्ने विषयमा कठिनाइ भएको विज्ञप्तिमा उल्लेख छ । छिटोभन्दा छिटो लगानीकर्तालाई सूचना उपलब्ध गराउनेजस्तो आधारभूत विषयमा असहयोग भएकोमा नेप्सेले गुनासो गरेको छ ।

### ■ श्रममन्त्री फरमुल्लाह मन्सुरद्वारा पद बहाली

काठमाडौं/ श्रम तथा रोजगार मन्त्रालयले विदेशबाट फर्किएका नेपाली कामदारको अभिलेख राख्न सफ्टवेयर बनाउने निर्णय गरेको छ । नवनियुक्त श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मन्सुरले बुधबार पदबहाली गर्दै उक्त निर्णयमा हस्ताक्षर गरेका हुन् । श्रम तथा रोजगार मन्त्रालयले गृह मन्त्रालयसँगको समन्वयमा विदेशबाट फिर्ता भएका कामदारको समेत अभिलेख राख्ने निर्णय गरेको हो ।

अहिले नेपालबाट श्रम स्वीकृति लिई विदेश जाने नागरिकको मात्र तथ्यांक सरकारसँग छ । तर, हरेक वर्ष कति नागरिक फिर्ता हुन्छन् भन्ने तथ्यांक भने छैन । सोहीकारण अहिले कति नागरिक विदेशमा कार्यरत छन् भन्ने यकिन तथ्यांक सरकारसँगै छैन । पदभार ग्रहण गर्दै मन्त्री मन्सुरले खाडी मुलुकको रोजगारीमा देखिएका समस्या समाधान गर्नु आफ्नो प्राथमिकता रहने बताए ।

# हुलाकी राजमार्ग उत्साहजनक प्रगतितर्फ

## पहिलो चरणको ६७ किलोमिटर सम्पन्न, ४ सय ५८ किलोमिटरको ठेक्का लाग्यो

जीवन बस्नेत/नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

तराई–मधेसको 'लाइफ लाइन' मानिएको हुलाकी राजमार्गको प्रगति पछिल्लो अवधिमा उत्साहजनक देखिएको छ । विगत ७० वर्षदेखि निर्माण हुने प्रक्रियामा थन्किएर बसेको यस आयोजनाले पछिल्लो वर्षदिनमा गति लिन सुरु गरेको हो । यो अवधिमा पहिलो चरणमा निर्माण हुनुपर्ने ५ सय १८ किलोमिटरमध्ये ४ सय ५८ किलोमिटरको ठेक्का सम्झौता भएको हुलाकी राजमार्ग आयोजना निर्देशक बलराम मिश्रले जानकारी दिए । ६० किलोमिटरको वीरगन्ज ठोरी सडकबाहेक सबै सडकको भने ठेक्का लाग्न बाँकी छ ।

यसअघि नै पहिलो चरणमा लम्की टीकापुर खक्रौला र सती भजनी सडक (६७ किलोमिटर) सम्पन्न भइसकेको छ । पहिलो चरणमा सम्पन्न गर्नुपर्ने कुल सडक लम्बाइ ५ सय ८५ किलोमिटर रहेको छ ।

त्यस्तै, दोस्रो चरणमा निर्माण गर्नुपर्ने सडकको पनि विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको छ । दोस्रो चरणमा अहिले १ हजार १ सय ५२ किलोमिटर सडक रहेको छ । 'सबै सडक खण्डहरूको निर्माण पूर्वतयारी करिब सम्पन्न भइसकेकाले अब निर्माणले अझ गति लिनेछ,' आयोजना निर्देशक मिश्रले भने । त्यसबाहेक भौतिक उपलब्धिका रूपमा ३० किलोमिटर सडक 'सब बेस' गर्ने चरणमा पुगेको छ भने ५ वटा पुल निर्माण सम्पन्न भएका छन् । तिनमा खाडो, माहुली, नहरक्रसिङ, मोर्निया नाला र तेलार पुल रहेका छन् ।




हुलाकी राजमार्गको लम्बाइ पूर्व–पश्चिमतर्फ ९ सय ७५ किलोमिटर रहेको छ भने सहायक राजमार्ग (तराईका जिल्ला सदरमुकामदेखि पूर्व–पश्चिम राजमार्ग जोड्ने उत्तर–दक्षिण)तर्फ ८ सय १७ किलोमिटर रहेको छ । पहिलो र दोस्रो चरणमा निर्माण हुने हुलाकी राजमार्गका सडकबाहेक करिब ५५ किलोमिटर सडक भने अन्य निकायले पनि निर्माण गरिरहेका छन् । नेपाल र भारत सरकारको अनुदान सहयोगमा निर्माण हुँदै गरेको आयोजना पछिल्लोपटक सन् २०१० देखि निर्माण थालेर २०१५ मा सम्पन्न गर्ने योजना थियो । तर, यो अवधिमा ६७ किलोमिटर मात्र निर्माण भएको थियो । ६ वटा खण्डमा विभाजन गरेर भारतीय निर्माण व्यवसायीले जिम्मा लिएको भए पनि निर्माण अवधिमा कुनै काम नगरी बसेका थिए । त्यसपछि सन् २०१६ देखि भारतीय कम्पनीसँगको सम्झौता रद्द गरिएको थियो । अहिले अधिकांश ठेक्का नेपाली निर्माण व्यवसायीले लिएका छन् । तर, संयुक्त उपक्रम (जेभी)मा भारतीय कम्पनीहरू पनि रहे पनि निर्माण कार्यको सहयोगीका रूपमा मात्र रहेको आयोजना निर्देशक मिश्रको भनाइ छ ।

### ५० करोड थप बजेट माग

हुलाकी राजमार्ग आयोजनाले अर्थ मन्त्रालयसँग थप ५० करोड रुपैयाँ माग प्रक्रिया थालेको छ । चालू आर्थिक वर्षमा यस आयोजनालाई ४ अर्ब १७ करोड ५६ लाख रुपैयाँ बजेट छ । त्यसमध्ये १ अर्ब ७७ करोड ५९ लाख भारत सरकारको अनुदान रकम रहेको छ । 'भारतीय अनुदानको रकम निकासा प्रक्रिया लामो भएकाले थप रकम माग गरिएको हो,' आयोजना निर्देशक मिश्रले भने । विनियोजित बजेट समयभित्रै खर्च गरिने उनको भनाइ छ ।

### ५ वर्षमा सम्पन्न गरिने

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आर्थिक वर्ष ०७७/७८ सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्य राखेको छ । उक्त लक्ष्य गत वर्ष सार्वजनिक गरिएको हो । मन्त्रालयले राखेको लक्ष्य पूरा गर्न आयोजनाका लागि आवश्यक पर्ने बजेट समयमै उपलब्ध गराउनुपर्ने आयोजना कार्यालयको भनाइ छ । आगामी आर्थिक वर्षका लागि कुल ४ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरिएको छ । 'यो रकम आगामी वर्षका लागि धेरै कम हुने देखिएको छ,' आयोजना निर्देशक मिश्रले भने । अन्यथा, सो अवधिमा आयोजना पूरा हुनेछैन । दोस्रो चरणअन्तर्गत हुने कामका लागि पनि भारतसँग सहयोग माग्ने तयारी भइरहेको बुझिएको छ । सरकारले ०७४/७५ को बजेट वक्तव्यमा हुलाकी राजमार्गको पहिलो खण्डको काम २ वर्षभित्र सम्पन्न गर्ने उल्लेख गरेको छ ।

### हुलाकी राजमार्गले जोड्ने २० जिल्ला

हुलाकी राजमार्ग आयोजनाले पूर्वमा झापा केचनादेखि पश्चिममा कञ्चनपुर दोधारा चाँदनीसम्मको भूभाग ओगटेको छ । यो राजमार्ग निम्न जिल्ला भएर जान्छ– झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ।

# 'पुनर्निर्माणमा सरकार–निजी क्षेत्र सँगै अघि बढ्नुपर्छ'

## ब्रसेल्समा आयोजित विश्व पुनर्निर्माण सम्मेलनमा महासंघ उपाध्यक्ष ढकालको सम्बोधन

नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति चन्द्रप्रसाद ढकालले पुनर्निर्माणमा सरकार–निजी क्षेत्र सँगसँगै अघि बढ्नुपर्ने बताएका छन् । बेल्जियममा आयोजित तेस्रो विश्व पुनर्निर्माण सम्मेलनलाई सम्बोधन गर्दै मंगलबार उनले यस्तो बताएका हुन् ।

सम्मेलनमा नेपालमा विनाशकारी भूकम्पपश्चात्को कार्यसम्पादन विषयक सत्रलाई सम्बोधन गर्दै ढकालले नेपाली निजी क्षेत्रको धारणा राखेका हुन् । २३ जेठदेखि बेल्जियमको ब्रसेल्समा आयोजित उक्त सम्मेलन बिहीबारसम्म चल्नेछ । उक्त सम्मेलनमा उपाध्यक्ष ढकालका साथमा महासंघको कार्यकारिणी समितिका सदस्य एवं रोजगारदाता परिषद्का उपसभापति भरतराज आचार्य पनि सहभागी छन् ।




नेपालमा दुई वर्षअघि गएको विनाशकारी भूकम्पपछिको उद्धार तथा राहतमा नेपालको निजी क्षेत्रले महत्त्वपूर्ण योगदान दिएको जानकारी दिँदै उनले पुनर्निर्माणमा समेत सरकारसँगै अघि बढ्ने बताए । विशेष रूपमा नेपालकै लागि राखिएको उक्त सत्रमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले भूकम्पपछिको पुनर्निर्माणका विषयमा विशेष प्रस्तुति गरेका थिए । सत्रमा नेपालस्थित युरोपियन युनियन, विश्व बैंक, संयुक्त राष्ट्रसंघ, जापान सहयोग नियोग जाइकाका पदाधिकारी र नागरिक प्रतिनिधि सहभागी थिए ।

सम्मेलन युरोपियन युनियनको मुख्य आयोजना र युरोपियन कमिसन, विश्व बैंकको ग्लोबल फ्यासलिटी फर डिजास्टर रिडक्सन एन्ड रिकभरी– जिएफडिआरआर र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलगायतका विश्व संस्थाहरूको सहआयोजनामा भएको हो । सम्मेलनमा विभिन्न देशका सरकार, अन्तर्राष्ट्रिय संघ–संस्था, निजी क्षेत्र, सरोकारवाला निकायका प्रतिनिधि, विषयगत विज्ञ, गैरसरकारी संघ–संस्थाका गरी ५ सयजनाको सहभागिता रहेको छ ।

# मासु काट्ने बधशाला फोहोर

काठमाडौं/ अनुगमनकारी निकाय आपूर्ति व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण विभागको नेतृत्वमा बुधबार भक्तपुर क्षेत्रका मासु पसल र बधशालामा अनुगमन भएको छ । उपभोक्ताले भान्सामा मीठो मानेर उपभोग गर्ने मासु पसल र बधशालामा कसरी काटिन्छ भनेर अनुगमन गरिएको अनुगमन टोलीका प्रमुख रमेशकाजी श्रेष्ठले जानकारी दिए ।

बिहान भक्तपुर चारदोबाटोस्थित काठमाडौं कोल्ड स्टोरमा अनुगमन गर्दा मरेका कुखुरा बधशालास्थलमा भेटिएका थिए । त्यस्तै, सडेगलेका मासुसमेत फेला पारेको श्रेष्ठले जानकारी दिए । उनका अनुसार सो पसलमा फेला परेको सडेगलेको कुखुराको मासु ९ किलो, खसीको मासु १० किलो र माछा ५ किलो उपभोगहीन पाएपछि नष्ट गरिएको छ । 'ढुवानीका क्रममा मरेका कुखुरालाई पनि नष्ट गरियो,' उनले भने । टोलीले सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिएको छ ।

त्यस्तै, भोलाछेस्थित महाकाली कोल्ड स्टोर तुलनात्मक रूपमा सफा र व्यवस्थित भेटिएको थियो । तर, सौगात इम्पेक्स ब्रान्ड उल्लेख भएर कोलकातामा उत्पादन भएको फ्रोजन माछाको लेबल उल्लेख नभएको पाएको टोलीले जानकारी दिएको छ ।टोलीले न्यू महेश्वरी हाइजेनिक मिट सप नामक बधशालाको पनि अनुगमन गरेको छ । त्यहाँ भुइँमा काठको फोहोर फल्याक राखेर पाडा/पाडीको मासु बिक्री गरिरहेको अवस्थामा फेला परेको थियो । वरपर प्रशस्त झिँगा भन्किएका थिए । टोलीले ब्याँसीमा रहेको बाराही अजिमा कोल्ड स्टोरमा १९ किलो सडेको कुखुराको मासु फेला पारेपछि नष्ट गरेको छ ।

# आउँदो मौद्रिक नीतिसँग जोडिएका आठ सवाल

दृष्टिकोण

आगामी आर्थिक वर्ष ०७४/७५ को बजेट सार्वजनिक भएसँगै नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको तयारी थालेको छ। राष्ट्र बैंकले मौद्रिक नीति लेखन समूह बनाएर अध्ययनको काम थालिसकेको छ। अर्थतन्त्रका अन्य सूचक सकारात्मक हुँदाहुँदै पनि उच्च व्यापार घाटा देशको ठूलो चुनौती बनेको छ। अर्कोतर्फ वित्तीय स्थायित्वका लागि केन्द्रीय बैंकले चाल्ने सम्भावित कदमलाई पनि चासोका साथ हेरिएको छ। आगामी आर्थिक वर्षको मौद्रिक नीतिले उठाउनुपर्ने विषयबारे वरिष्ठ अर्थविद् केशव आचार्यले यसरी धारणा व्यक्त गरे :



**केशव आचार्य**
अर्थविद्

### संविधान कार्यान्वयनको आधार बनाउनु आवश्यक

संविधानले समाजवादउन्मुख अर्थतन्त्रको जग बसाल्ने भनेको छ। अर्कोतर्फ संविधानमा तीनखम्बे आर्थिक नीतिको कुरा गरिएको छ। त्यसका आधार सार्वजनिक, निजी र सहकारी रहेका छन्। त्यसमा तीनवटा क्षेत्रलाई ओदानका रूपमा हेरिएको छ। समाजवादउन्मुख जग बसाल्न अहिलेको नीति सही छ त ? त्यो गम्भीरतापूर्वक हेर्नुपर्छ। संविधानले नै सहकारीलाई एउटा खम्बा मानेपछि त्यो क्षेत्रको विकासका लागि पनि सोच्नुपर्छ। मौद्रिक नीतिले यो क्षेत्रलाई पहिलो दृष्टि राखेर हेर्नुपर्छ।

### पुरानो नीतिको समीक्षा आवश्यक

आर्थिक उदारीकरणपछि विकासको काम सरकारले र विकासका लागि आर्थिक स्थायित्वमार्फत सहज वातावरण बनाउने काम राष्ट्र बैंकलाई दिइँदै आएको छ। तर, राष्ट्र बैंकले स्थायित्व र सरकारले विकास मात्रै हेर्दा न स्थायित्व भयो, न चाहेकोजति विकास नै। स्थायित्व किन भएन भने वेला–वेलामा तरलता समस्या आउँछ। वित्तीय संस्थाले जोखिमयुक्त लगानी गरिरहेका हुन्छन्। संसारमा कहीँ पनि नभएको सिसिडी रेसियो हाम्रोमा छ। अन्यत्र सबै सिडी रेसियो गणना हुन्छ, त्यो गलत हो। यसरी खुकुलो बनाउँदा वित्तीय स्थायित्वमा संकट आयो। हामी २३ वर्षपछि उच्च वृद्धि गर्दै छौँ, हाम्रै छिमेकी देशले पछिल्लो दशकयता दोहोरो अंकसम्मको वृद्धिको लक्ष्य भेटिसकेको छ। पछिल्ला केही वर्षमा भारत संसारकै उदीयमान अर्थतन्त्रमा पहिलो नम्बरमा छ। सरकारले र केन्द्रीय बैंकले पनि अब यो बाँडफाँडले काम गर्‍यो कि गरेन भनेर समीक्षा गर्ने वेला भएको छ।

### संरचनागत परिवर्तन आवश्यक

अहिले मुलुकले संघीय प्रणाली अवलम्बन गरेको छ। यसैअनुसार अब राष्ट्र बैंकले संगठनात्मक उपस्थिति बढाउनुपर्छ। जहाँ–जहाँ आर्थिक क्रियाकलाप छ, त्यहाँ–त्यहाँ मात्रै राष्ट्र बैंक पुग्यो। अब राष्ट्र बैंकले जहाँ–जहाँ प्रदेशको सदरमुकाम हुन्छ, आफू त्यहाँ पुग्नुपर्छ। अहिलेको संविधानले स्थानीय तहलाई ऋण उठाउने अधिकार दिएको छ। अहिले केन्द्रबाट मात्रै भइरहेको छ। यो कामलाई नियन्त्रण गर्नुपर्छ। राष्ट्र बैंकले छाडा छाड्यो भने अस्थिरता त्यहाँबाट सुरु हुन्छ। चुनावपछि धेरै मेयर–उपमेयर वृद्धभत्ता बढाउनतिर लागेका छन्। उत्पादनमूलक काममा जनप्रतिनिधिको ध्यान गएको छैन। यो दृष्टान्त किन ल्याएको भने अब राष्ट्र बैंकलाई ऋण व्यवस्थापन ठूलो चुनौतीका रूपमा आउँछ। त्यसमा चनाखो हुनुपर्छ। अहिले राष्ट्र बैंकले बैंकहरूलाई स्थानीय तहमा शाखा विस्तार गर भनेर सहुलियत दिन्छु पनि भनेको छ। स्थानीय सरकारको वित्त व्यवस्थापनमा पनि अब केन्द्रीय बैंकले हेर्नुपर्छ।

### राष्ट्र बैंकको 'ग्रिप' बढेको छ

समग्र मौद्रिक नीतिमा राष्ट्र बैंक स्वायत्त छैन। मौद्रिक नीतिको एउटा अंश मुद्रास्फिति यति कायम राख्छौँ भन्ने हुन्छ। तर, स्थिर विनिमय दर भएको अवस्थामा खटन हुँदैन। अहिले एक डलरको विनियम दर १ सय ३ रुपैयाँ छ। पर्यटकले सय डलर ल्यायो भने साटेर १० हजार ३ सय लिन्छ। सय भारु लिएर कोही आयो भने १ सय ६० पाउँछ। यसको अर्थ मुद्राप्रदाय हाम्रो अधीनमा रहेन। कि त हामीले पर्यटकलाई नआऊ भन्नुपर्‍यो कि त आयात घटाउनुपर्‍यो। त्यसकारण मौद्रिक नीति स्वायत्त छैन। अहिले हामीसँग १० खर्बभन्दा धेरै विदेशी मुद्रा सञ्चिति छ। खुला विनियम दर भएको भए अहिले अमेरिकी डलरको सटही दर ८० रुपैयाँमा हुन्थ्यो होला। विदेशी मुद्रा सञ्चिति घटेर एक अर्बमा आएको भए विनिमय दर बढेर एक सय १० पुग्थ्यो होला। मुद्राप्रदायको नियन्त्रण त्यहाँबाट हुन सक्थ्यो। मुद्राप्रदायमाथिको राम्रो खटन हामीसँग भएन। भारतीय प्रधानमन्त्रीले नोटबन्दी गरिदिएका कारण समानान्तर रूपमा रहेको भारुको बिगबिगी रोकिएको छ। यसले नेपाल राष्ट्र बैंकको प्रभावकारिता बढेको छ। अब नगद प्रतिस्थापन पनि हुन सक्ने थियो। भारतीय मुद्रा कति छ भन्ने हामीलाई थाहै भएन। बैंकिङ प्रणालीमा नरहेका कारण हामीले त्यो कति छ भन्न सकिएन। भारतले विमौद्रिकीकरण गर्‍यो भने हामीलाई के चासो ? हामीलाई उनीहरूको मुद्राको के चासो ? हामीले त हाम्रो मुद्राको चासो लिने हो। त्यसकारण मौद्रिक नीतिको कुरा गर्ने हो भने नेपाल राष्ट्र बैंकको 'ग्रिप' अहिले बढेको छ। १९९२ मा हामीले भारु र डलरको विनिमय दर तोक्यौँ। डलरको विनिमय दर ४९ रुपैयाँ तोकिएको थियो, अहिले एक सय तीन छ। डलरमा सामान आयात गर्नेको मूल्य त दोब्बर बढ्यो। तर, भारु अहिलेसम्म स्थिर छ। भारतसँग दुईतिहाइ व्यापार कायम रहनु भनेको त हामीले पनि 'इन्करेज' गरेको हो नि। यसले पनि भारतसँग व्यापार केन्द्रीकरण भइरहेको छ। हामी तत्काल खुला विनिमय दरमा जान नसकौँला, तर 'पेग' दर त हेर्न सकिन्छ।

> वित्तीय संस्थाले जोखिमयुक्त लगानी गरिरहेका हुन्छन्। संसारमा कहीँ पनि नभएको सिसिडी रेसियो हाम्रोमा छ। अन्यत्र सबै सिडी रेसियो गणना हुन्छ, त्यो गलत हो। यसरी खुकुलो बनाउँदा वित्तीय स्थायित्वमा संकट आयो। हामी २३ वर्षपछि उच्च वृद्धि गर्दै छौँ, हाम्रै छिमेकी देशले पछिल्लो दशकयता दोहोरो अंकसम्मको वृद्धिको लक्ष्य भेटिसकेको छ। पछिल्ला केही वर्षमा भारत संसारकै उदीयमान अर्थतन्त्रमा पहिलो नम्बरमा छ। सरकारले र केन्द्रीय बैंकले पनि अब यो बाँडफाँडले काम गर्‍यो कि गरेन भनेर समीक्षा गर्ने वेला भएको छ।




### नेपाली बैंक बाहिर जाने वातावरण बनाउनुपर्छ

हाम्रो देशमा विभिन्न देशका बैंक तथा वित्तीय संस्थाले कारोबार गरिरहेका छन्। तर, हाम्रा संस्था बाहिर गएका छैनन्। नेपालमा जति वैधानिक बाटोबाट विप्रेषण आएको छ, त्यो खाडी मुलुक र मलेसियाबाट धेरै छ। भारतबाट त्यति नै अनुपातमा पैसा आउँछ, तर बैंकिङ माध्यमबाट आउँदैन। त्यो हिसाब हाम्रो राष्ट्रिय लेखामा प्रतिबिम्बित भएको छैन। राष्ट्र बैंकले सीधै वा परराष्ट्र मन्त्रालयमार्फत हुन्छ, त्यो काम अघि बढाउनुपर्‍यो। भारतमा पनि हाम्रो बैंक भयो भने त्यसले रेमिट्यान्सका साथै अन्य कारोबार पनि बढाउन सक्थ्यो। त्यसलाई अब बलियो रूपमा उठाउनुपर्छ।

### लघुवित्तको लाभांशमा अंकुश लगाउनुपर्छ

नेपालमा राष्ट्र बैंकले नै लघुवित्तको सुरुवात गरेको हो। लघुवित्तमार्फत राम्रो काम भएको छ। केही अपवादबाहेक धेरैले राम्रो काम गरेका छन्। राष्ट्र बैंकले सहयोग गरेर गाउँ–गाउँमा लघुवित्त पुगेको छ। अहिले विपन्न वर्गलाई दिने कर्जा आफैँ लगानी गर भनेर बैंकलाई भनिएको छ, तर लघुवित्तको लाइसेन्स थपिएको थपियै छ। गाउँ–गाउँमा जहाँ गए पनि पाउने व्यवस्था लघुवित्तका लागि गरिएको छ। लघुवित्तलाई ब्याजमा कडाइ गर्नु ठिकै हो। आइएमएफ र वर्ल्ड बैंकले पनि हामीलाई यस्ता कर्जामा दबाब दिएको अवस्थामा सत्येन्द्रप्यारा श्रेष्ठको पालामा यसलाई बढाइएको थियो। अब सरकारले राजस्वको एक प्रतिशत लघुवित्तका लागि भनेर छुट्याओस्। १०औँ योजनादेखि अहिलेसम्म आइपुग्दा सरकारको बजेटको लक्ष्य गरिबी निवारण रहेको छ। गरिबी निवारण मन्त्रालय, कोष र सामाजिक सुरक्षाबाहेक अन्य कार्यक्रम छैन। गरिबी निवारणका लागि गाउँमा पुगेर त लघुवित्तले काम गरिरहेको छ। विपन्न वर्ग कर्जा घटाउँदै जान सरकारले राजस्वको एक प्रतिशत रकम छुट्याउने र राष्ट्र बैंकले आफ्नो नाफाको केही अंश छुट्याउने गरे प्रभावकारी काम हुन सक्छ। केही लघुवित्तले बेइमानी गरेका होलान्। लाभांश धेरै बाँड्ने र धितोपत्र बजारमा सेयर मूल्य बढ्ने पनि भएको छ। त्यसलाई रोक्न लाभांशमा अंकुश लगाउन सकिन्छ। धेरै लाभांश दिन नपाउने व्यवस्था गर्दा लघुवित्तको पुँजी बढ्छ र उनीहरूको दायरा पनि बढ्दै जान्छ।

### व्यापार घाटा कम गर्ने चुनौती

अहिले विदेशी मुद्रा प्रशस्त मात्रामा आएको छ। रेमिट्यान्स पहिलो स्रोत बनेको छ। हाम्रो अर्थतन्त्रले धान्नै नसक्ने गरी व्यापार घाटा बढेको छ। व्यापार घाटालाई सम्बोधन गर्ने नीति ल्याउनुपर्छ। उपभोग्य वस्तुको आयात कम गर्ने उपाय सोच्नुपर्छ। नेपालमा उत्पादित वस्तु आयात गर्दा 'काउन्टरभेलिङ ड्युटी' लगाइएको छ। यद्यपि, ती वस्तुको आयात कम भएको छैन। त्यसकारण यो विषयमा सोच्नुपर्छ। राष्ट्र बैंकले प्राथमिकताप्राप्त क्षेत्रको लगानी बढाउन सक्छ। तर, यसमा एउटा कुरा छ। सिमेन्ट उद्योग, हवाईजहाज कम्पनी, निर्माण सामग्री आएर व्यापार घाटा बढ्यो भनेर चिन्ता लिनुपर्दैन। तर, खानेकुरा आयात बढ्नु गलत हो। पोल्ट्रीमा हामी आत्मनिर्भर भयौँ भन्छौँ, तर कुखुराको दाना सबै बाहिरबाट ल्याउनुपर्छ। अहिले कतार समस्यामा परेको छ। कतारमा भोलि युद्ध नै भयो भने पाँच लाख नेपाली फर्कन्छन्। त्यसको असर ठूलो पर्छ। व्यापार घाटा कम गर्न रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा कसरी लगाउने भनेर सोच्न आवश्यक छ। २०६६ मा पहिलोपटक रेमिटर्स बन्ड ७ अर्बबाट सुरु गरियो, तर एक अर्बको पनि बिकेन। अहिले नागरिक बचतपत्रमा भन्दा रेमिट्यान्स बन्डमा ब्याज धेरै दिँदा पनि बिकेको छैन। हामीले यसलाई प्रचार गर्न सकेनौँ।

विश्व अर्थ

# सहरीकरण र आयरल्यान्डको भविष्य



**कोनोर स्केहान**

> बसोवासका लागि आफूलाई उपयुक्त स्थान र जीवनशैली छनोट गर्ने नागरिक अधिकारको राज्यले सम्मान गर्नुपर्छ। जनताले चाहेको क्षेत्रमा बसोवास गर्ने स्थान उपलब्ध गराउनु राज्यको दायित्वभित्रै पर्छ। सिद्धान्तका कुरा गर्ने र नीतिवादी विचारकले सुझाएको स्थानमा नै बस्नुपर्छ भनेर सरकारले दबाब दिन मिल्दैन। तर, बढ्दो सहरीकरण न्यूनीकरण गर्न हामीले सक्रियतापूर्वक र इमानदार भएर ग्रामीण क्षेत्रका लागि योजना तर्जुमा गर्नुपर्ने देखिन्छ। सहरी क्षेत्रमा बसाइँ-सराइँ गर्ने प्रवृत्तिलाई नीतिगत रूपमै सम्बोधन गर्नुपर्छ।



आयरल्यान्डको केन्द्रीय तथ्यांक विभाग 'सेन्ट्रल स्टाटिस्टिक अफिस' (सिएसओ)ले सार्वजनिक गरेको तथ्यांकले वर्तमान अवस्थाको तीतो यथार्थ प्रस्तुत गरेको देखिन्छ। हामीलाई यथार्थता तीतो लाग्छ किनभने यथार्थ अप्रिय हुन्छ र कहिलेकाहीँ पीडा पनि दिने गर्छ। वास्तविकताले हामीलाई कहिलेकाहीँ चिन्तित बनाउँछ, भय जगाउँछ, कहिलेकाहीँ कतिपय मानिसले त संवेदना पनि गुमाउन सक्छन्। वास्तविकता सधैँ सोचेजस्तै हुँदैन। तर, ढिलो–चाँडो जे–जस्तो भए पनि वास्तविकतालाई हामीले स्वीकार गर्नैपर्छ। यसै साता सार्वजनिक गरिएको सिएसओको तथ्यांकले आयरल्यान्डको पूर्वी क्षेत्र 'इस्टर्न आयरल्यान्ड'मा सहरीकरण वृद्धि हुँदै गएको देखिन्छ। आयरल्यान्डको वास्तविकता यही हो।

पहिलो वास्तविकता भनेको आयरल्यान्डमा बसोवास गर्ने समग्र जनसंख्याको ५४ प्रतिशत जनसंख्या इस्टर्न आयरल्यान्डमा बसोवास गर्छ। इस्टर्न आयरल्यान्डको जनसंख्याको वृद्धिदर पनि तीव्र (प्रतिवर्ष करिब १ प्रतिशत) छ। तर, देशका अन्य भू–भागको जनसंख्या वृद्धि रोकिएको अथवा शून्य छ। कतिपय स्थानको जनसंख्या त घट्दो क्रममा देखिएको छ। आयरल्यान्डको दोस्रो वास्तविकता झनै चाखलाग्दो छ। आयरल्यान्डभरका बहुसंख्यक जनता (करिब ६२ प्रतिशत) सहरी क्षेत्रमा बसोवास गर्छन्।

सहरीकरण आयरल्यान्डभर भइरहेकै छ। उदाहरणका लागि आयरल्यान्डको उत्तर–पश्चिमी क्षेत्र सिग्लो काउन्टीका पनि करिब ४० प्रतिशत जनसंख्या बसोवास गर्ने क्षेत्र सहरीकरण भएको छ। केही क्षेत्रमा सहरीकरण भइरहे पनि जनसंख्या भने घट्दो क्रममा छ। आयरल्यान्डको पश्चिमी सहर लेटरकेनी वा इनिसको जनसंख्या वृद्धि भइरहेको छ भने दक्षिणी सहर ट्राली र वेक्सफोर्डको जनसंख्या स्थिर छ। आयरल्यान्डको वास्तविकता हामी कतिपयको चाहनाअनुसार नहुन पनि सक्छ।

आगामी जुन महिनामा आयरल्यान्डमा ६० हजारभन्दा बढी विद्यार्थीको माध्यमिक तह उत्तीर्ण परीक्षा सुरु हुँदै छ। तिनीहरूका लागि अर्को जनगणना हुने वर्ष सन् २०२१ धेरै टाढा लागेको हुन सक्छ। तर, तिनीहरूका १ लाख २० हजार अभिभावकलाई समय कति चाँडो बित्छ भन्ने कुरा राम्ररी थाहा छ। आयरल्यान्डको बहुसंख्यक बालबालिका बढ्दो उमेरका छन्, तिनीहरू पढ्दै जान्छन्, रोजगारी गर्छन् अनि सहरी क्षेत्रको वकालत गर्छन् वा सहरतिर बसाइँ सर्छन्। अहिलेको अवस्था हेर्दा पूर्वी लेइन्सटरको अवस्था ठीक यस्तै छ।

आगामी जुन महिनामा हुने निर्वाचनमार्फत आयरल्यान्डको प्रमुख दल फाइन ग्यालले पार्टीको नयाँ नेता चुन्नेछ। त्यसपछि सरकार प्रमुख (स्थानीय भाषामा ताओइसिच)को पनि परिवर्तन हुनेछ। सम्भवतः सन् २०१८ मा नयाँ सरकार निर्माण हुन सक्छ। सन् २०२१ मा सो सरकारले कार्यभार सम्हालेको करिब ४ वर्ष पुग्नेछ। जुन वर्ष आयरल्यान्डको जनगणना पनि हुँदै छ।

सरकार नयाँ आएसँगै सरकारले व्यवस्थापन गर्नुपर्ने समस्या पनि नयाँ आउँछन्। त्यस्ता समस्यासँग सरकारले जुध्न सक्नुपर्ने हुन्छ। त्यो समस्या भनेको बढ्दो सहरीकरणमा आकर्षित जनसंख्याको सफल व्यवस्थापन गर्नु हो। बढ्दो सहरीकरणका कारण सडकमा ट्राफिक समस्या तीव्र रूपमा बढेको छ। सडकमा अत्याधिक भिडभाड बढेको छ। ध्वनि र वायु प्रदूषण बढेको अवस्था छ। सन् २०२१ सम्म बढ्दो र अव्यवस्थित सहरीकरणले निम्त्याएका समस्या कारण ठूलो सहर हुनु गल्ती भयो भनी गुनासो गर्नेको संख्या बढ्नेछ। ट्राफिक, जलवायु र ध्वनि प्रदूषणका समस्या सहरीकरणले मात्र निम्त्याएका हुँदैनन् बरु यी त अव्यवस्थित सहरीकरणले निम्त्याएका सामान्य लक्षण मात्र हुन्।

सन् २०२१ सम्ममा पनि यो समस्या समाधान भएन भने सहरीकरणको योजना र सार्वजनिक यातायात व्यवस्थापनमा पर्याप्त खर्च नगरेको भन्दै सरकारको तीव्र आलोचना हुने देखिन्छ। सहरमा अव्यवस्थित भवन निर्माणको मुद्दा त अहिले नै आलोचित भइरहेको छ। पर्याप्त स्रोत साधन अभावले सहरीकरण अव्यवस्थित बन्न पुगेको होइन। यस्तो समस्याको कारण त सहर व्यवस्थापन गर्ने इच्छाशक्तिको अभाव मात्र हो।

योजना तर्जुमा गरी कार्यान्वयन गर्न र सहरीकरणका लागि साझा धारणा विकास गर्न नसक्नाले अव्यवस्थित सामाजिक हाउजिङ, हरियाली वातावरणको अभाव, परम्परागत सेवासुविधा, सामाजिक असमानता र अपराध नियन्त्रण गर्न नसक्नुजस्ता धेरै समस्या देखिएको भन्ने प्रमाण हुन् भन्न सकिन्छ। यस्ता खालका समस्या जनताले भोग्दै आएका छन्।

बढ्दो सहरीकरण र अन्तरसम्बन्धित अन्तर्राष्ट्रिय व्यापारमा आयरल्यान्डले अझ धेरै काम गर्न बाँकी नै छ। अन्तर्राष्ट्रिय व्यापारिक वस्तु तथा सेवाको हिस्सा आयरल्यान्डको आन्तरिक आम्दानी र करभन्दा करिब ४ देखि ५ गुणा बढी छ। यहाँका आदिवासीहरू परम्परागत खाद्यान्न र कृषिसँग सम्बन्धित व्यापारमा सीमित छन्। जसको योगदान २० प्रतिशतभन्दा कम छ। तर, यो अनुपात निरन्तर घट्दो क्रममा छ।

आर्थिक समृद्धिलाई टेवा दिने गतिविधि नियाल्दा पूर्वी आयरल्यान्डको सहरी क्षेत्र सफल बन्ने देखिन्छ। प्रतिस्पर्धात्मक आर्थिक वृद्धि प्राप्त गर्न सन् २०२१ सम्म सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ। सरकारले पूर्वाधार विकास र मानव संशाधन, गुणस्तरीयता तथा अनौपचारिकतामा पनि जोड दिनुपर्ने देखिन्छ। सो समयसम्म सरकारले पूर्वी सहरी क्षेत्रको अर्थतन्त्रलाई सुधारउन्मुख तथा दिगो विकास गर्नेखालको नीति लिनुपर्ने देखिएको छ। साथै सरकारले सहरी विकासका मुद्दामा नेतृत्व प्रदान गर्नेखालका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

माथि उल्लेख गरिएका कुरा वास्तविक यथार्थ हुन्, यस्तै होला भनेर गरिएको भविष्यवाणीजस्तो मात्र होइन। अहिले संसारभर नै सहरीकरणको क्षेत्र विस्तार हुँदै आएको छ। सहरीकरण बढेसँगै निम्तिने समस्याले राजनीतिक स्थान पाउने देखिन्छ। अतः सहरी समस्या चाँडो सम्बोधन गर्ने राजनीतिक दल नै चुनावमा विजयी हुने देखिन्छ। हालैका तथ्यांकले के देखाएको छ भने आयरल्यान्डको पूर्वी क्षेत्रमा जनसंख्या र सहरीकरण तीव्र गतिमा वृद्धि भइरहेको छ।

हामीले सजिलै तथ्यांकलाई या त लुकाउँछौँ या त बेवास्ता गर्छौं। या त सानो मुद्दा बनाउँछौँ या ती वास्तविकतालाई स्वीकार गर्दैनौँ। थोरैले मात्र वास्तविक तथ्यांकलाई स्वीकार गरी समस्याको सामना गर्ने गरेका छौँ। यसको अर्थ के हो भने कृषि पेसा परिवर्तन गरी अन्य पेसामा संलग्न हुने दर बढेकाले कतिपय ग्रामीण क्षेत्र खाली भएका छन्। यसो हुनुमा कृषि क्षेत्रलाई बेवास्ता गरिएको वा नीति नै विफल भएको भन्ने कुरा स्वीकार गर्न कोही पनि तयार छैनन्। यसर्थ बढ्दो सहरीकरण न्यूनीकरण गर्न हामीले सक्रियतापूर्वक र इमानदार भएर ग्रामीण क्षेत्रका लागि योजना तर्जुमा गर्नुपर्ने देखिन्छ। सहरी क्षेत्रमा बसाइँ–सराइँ गर्ने प्रवृत्तिलाई नीतिगत रूपमा सम्बोधन गर्नुपर्छ। अनावश्यक ऊर्जा खपत बन्द गरी यी अवश्यम्भावी परिवर्तन रोक्नका लागि नीतिनियम तर्जुमा गरी योजनबद्ध विकास गर्नुपर्छ।

आयरल्यान्डका जनता सहरतर्फ आकर्षित भएका छन् भन्ने कुरा सबैले बुझ्न जरुरी छ। यस्तो किन हुन्छ भने सहरी क्षेत्रमा नै अवसर र सेवा बढी हुन्छ। बालबालिका र युवाका लागि त झन् बढी अवसर सहरी क्षेत्रमा नै उपलब्ध छन्। काभा, लङफोर्ड, तुआम, स्लिगो, बालिना, बालिनासोलजस्ता सहरी क्षेत्रमा आयरल्यान्डका जनता बढी आकर्षित भएका छन्। ग्रामीण क्षेत्रबाट बसाइँ सर्नु भनेको विदेश जानु वा डब्लिनमा नै जानु हो भन्न पनि मिल्दैन। नागरिकले बसोवासका लागि आफूलाई उपयुक्त स्थान र जीवनशैली छनोट गर्ने अधिकारको सम्मान गर्नुपर्छ। जनताले चाहेको क्षेत्रमा बसोवास गर्ने स्थान उपलब्ध गराउनु राज्यकै दायित्वभित्र पर्छ। सिद्धान्तका कुरा गर्ने र नीतिवादी विचारकले सुझाएको स्थानमा नै बस्नुपर्छ भनेर सरकारले दबाब दिन मिल्दैन। सहरीकरणका कारण भएका परिवर्तनको राजनीतिक प्रभाव पनि उत्तिकै हुन्छ।

यी सबै कुरा विचार गर्दा के बुझ्नु र स्वीकार्नुपर्छ भने देशको समृद्धि र सफलता पूर्वी आयरल्यान्डको सफलतासँग जोडिएको छ। तसर्थ समग्र राज्य दिगो विकास र वृद्धिका लागि यो क्षेत्रलाई विशेष प्राथमिकतामा पारिनु उपयुक्त हुन्छ। यसका लागि व्यवस्थापन गर्नुपर्ने विषय धेरै छन्। शासनप्रणालीमा व्यवस्थापन गर्नुपर्ने विषय त झन् धेरै छन्। विशेषगरी ग्रामीण क्षेत्रका जनता सरकारको सेवामा बढी आश्रित हुन्छन्। तसर्थ सन्तुलित विकास पनि उत्तिकै आवश्यक हुन्छ। धेरैजसो ग्रामीण क्षेत्रलाई केन्द्रीय सरकारको निरन्तर सहयोग र स्वायत्तता दुवैको महत्त्व बढी हुन्छ। सहरीकरण बढेसँगै आयरल्यान्ड परिवर्तनको सँघारमा देखिन्छ। सहरी क्षेत्र, पूर्वी–पश्चिमी, उत्तरी–दक्षिणी सबै प्रदेशमा आएको परिवर्तनलाई सही दिशानिर्देश गर्न राजनीतिक नेतृत्व कुशल हुन आवश्यक छ।

*कोनोर स्केहान डब्लिन स्कुल अफ टेक्नोलोजीमा 'स्पासियल प्लानिङ एन्ड ट्रान्सपोर्ट इन्जिनियरिङ' विषयका लेक्चरर हुन्।*

स्रोत : द इन्डिपेन्डेन्ट

नेप्से : १६२३.१३ ▼ १४.२४ (०.८७%) | डाउजोन्स : २११३६.२३ ▼ ४७.८१ (०.२३%) | निकेई २२५ : १९९८४.६२ ▲ ४.७२ (०.०२) | बिएसई सेन्सेक्सः ३१२७१.२८ ▲ ८०.७२ (०.२६%) | हाङ्सेङ : २५९७४.१६ ▼ २२.९८ (०.०९%) | स्पट गोल्डः १२९१.७१ ▼ २.६८ (०.२१% | ब्रेन्ट क्रुडः ४९.५२ ▼ ०.६० (१.२०%)

## सूचकांक

सुन प्रतितोला रू. हजारमा




मंगलबार सुनको मूल्य प्रतितोला ५५ हजार ३ सय रहेकोमा बुधबार ३ सयले बढेर ५५ हजार ६ सयमा कारोबार भयो।

डलर




नेपाली रुपैयाँसँग अमेरिकी डलरको विनिमय दर मंगलबार १०३.२१ रुपैयाँ रहेकोमा बुधबार सामान्य बढेर १०३.३८ रुपैयाँमा कारोबार भएको छ।

नेप्से *७ जुन २०१७*



मंगलबार ३४.७२ अंकले बढेर १६३७.३७ अंकमा पुगेको नेप्से परिसूचक चौथो दिन बुधबार १४.२४ अंकले घटेर १६२३.१३ अंकमा पुगेको छ।

# सेयरबजारमा करेक्सन

## लगानीकर्ता प्रफिट बुकिङतर्फ लाग्दा परिसूचक १४.२४ अंक घट्यो

नयाँ पत्रिका
काठमाडौं, २४ जेठ

बुधबार नेप्से परिसूचकमा करेक्सन देखा परेको छ। देशले नयाँ नेतृत्व पाएको खुसियालीमा ३४ दशमलव ७२ अंक बढेको परिसूचक यस दिन १४ दशमलव २४ अंक घटेको छ। बजार खुलेसँगै बढेको परिसूचक केही समयपछि नै ओरालो लागेको थियो। मध्याह्नमा केही सुधारिन खोजे पनि अन्तिम समयसम्म परिसूचक शून्य दशमलव ८७ प्रतिशत घटेर १ हजार ६ सय २३ दशमलव १३ बिन्दुमा बन्द भएको छ। कारोबारमा आएका उत्पादनमूलक समूहबाहेक अरू सबै समूहको परिसूचक घटेपछि नेप्से घट्न पुगेको हो। बजार बढेको मौका छोपेर लगानीकर्ता प्रफिट बुकिङ गर्नतर्फ लागेपछि त्यसको प्रभाव बजारमा परेको हो। बजार खुलेको केही समयमा नै बिक्रीकर्ताको चाप बढ्न थालेपछि परिसूचक ओरालो लागेको एक ब्रोकरले बताए।

२ सय प्रतिशत हकप्रद सेयर निष्कासन गर्न धितोपत्र बोर्डमा आवेदन दिएको आरएसडिसीको सेयरमूल्य यस दिन १० प्रतिशत बढेको छ। त्यसैगरी, वर्ल्ड मर्चेन्ट बैंकिङको सेयरमूल्य ९ प्रतिशतभन्दा बढी महँगिएको छ। विजय लघुवित्त र सगरमाथा इन्स्योरेन्सको सेयरमूल्य भने यस दिन ५ प्रतिशतभन्दा धेरै सस्तिएको छ। यस दिन स्ट्यान्डर्ड चार्टर्ड बैंकको सेयर सबैभन्दा धेरै कारोबार भएको छ। बुधबार सो बैंकको रू. ९ करोड ४१ लाखबराबरको सेयर खरिद–बिक्री भएको छ। यस दिन १९ कम्पनीको सेयरमूल्य बढेको छ भने १ सय १८ कम्पनीको सेयरमूल्य घटेको छ। बाँकी १२ कम्पनीको सेयरमूल्य भने यस दिन स्थिर रहेको छ।

यस दिन 'क' वर्गको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स २ दशमलव ८८ अंक घटेर ३ सय ४४ दशमलव ९१ बिन्दुमा पुगेको छ। नेप्सेको १४ दिने आरएसआई यस दिन यस दिन ५० दशमलव ४० स्केल (न्युट्रल जोन) मा रहेको छ। यसले बजारमा सेयर खरिद–बिक्री चाप सन्तुलनमा रहेको संकेत गर्दछ। यस दिन १ सय ४९ कम्पनीको ८ हजार ३८ पटकको कारोबारमा रू. ७६ करोड ४७ लाखबराबरको १२ लाख ७९ हजार कित्ता सेयर खरिद–बिक्री भएको छ। यस दिन कुल बजार पुँजीकरण रू. १८ खर्ब ९८ अर्ब पुगेको छ।

बोटलर्स नेपाल (तराई) को सेयरमूल्य रू. १ सय २५ बढेपछि उत्पादनमूलक समूहको परिसूचक शून्य दशमलव ४ प्रतिशत बढेर २ हजार ४ सय ५१ दशमलव ४७ बिन्दुमा पुगेको छ। कारोबारमा आएका तीनवटै होटेल कम्पनीको सेयरमूल्य सस्तिएपछि होटेल समूहको परिसूचक १ दशमलव ७६ प्रतिशत घटेको छ। अधिकांश बिमा कम्पनीको सेयरमूल्य घटेपछि बिमा समूहको परिसूचक १ दशमलव ३३ प्रतिशत घटेको छ। यस दिन जलविद्युत् समूहको परिसूचक शून्य दशमलव ९३ प्रतिशत, विकास बैंक समूहको शून्य दशमलव ९२ प्रतिशत र बैंकिङ समूहको परिसूचक शून्य दशमलव ८८ प्रतिशत घटेको छ। त्यसैगरी, वित्त समूहको शून्य दशमलव २५ प्रतिशत र 'अन्य' समूहको शून्य दशमलव शून्य ४ प्रतिशत घटेको छ।

## विदेशी विनिमय दर

०७४ साल २५ जेठ, नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | खरिददर (रु.मा) | बिक्रीदर (रु.मा) |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ | १०२।६१ | १०३।२१ |
| युरो | १ | ११५।७० | ११६।३७ |
| पाउन्ड स्टर्लिङ | १ | १३२।५२ | १३३।३० |
| स्विस फ्रैन्क | १ | १०६।६० | १०७।२३ |
| अस्ट्रेलियन डलर | १ | ७७।५४ | ७८।०० |
| क्यानेडियन डलर | १ | ७६।३९ | ७६।८४ |
| सिंगापुर डलर | १ | ७४।३७ | ७४।८१ |
| जापानी येन | १० | ९।३९ | ९।४५ |
| चिनियाँ युआन | १ | १५।१० | १५।१९ |
| साउदी अरब रियाल | १ | २७।३६ | २७।५२ |
| कतारी रियाल | १ | २८।१२ | २८।२८ |
| थाई भाट | १ | ३।०२ | ३।०३ |
| संयुक्त अरब इमिरेट दिराम | १ | २७।९४ | २८।१० |
| मलेसियन रिंगिट | १ | २४।०७ | २४।२१ |
| दक्षिण कोरियन वन | १०० | ९।१४ | ९।१९ |
| स्विडिस क्रोनर | १ | ११।८१ | ११।८८ |
| डेनिस क्रोनर | १ | १५।५५ | १५।६४ |
| हङकङ डलर | १ | १३।१७ | १३।२४ |
| कुवेती दिनार | १ | ३३८।४९ | ३४०।४७ |
| बहराइन दिनार | १ | २७१।९६ | २७३।५५ |

नोट: वर्तमान व्यवस्थाअन्तर्गत वाणिज्य बैंकहरूले तोकेको खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ।

## प्रस्तावित बोनस सेयर तथा नगद लाभांश

| कम्पनीको नाम | बोनस सेयर | नगद लाभांश | कैफियत |
|---|---|---|---|
| वेस्टर्न डेभलपमेन्ट बैंक लिमिटेड | रू.३१३९२००० | रू.१६५२२१०.५३ | १३ चैतमा सञ्चालक समितिको निर्णय |
| गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ८ प्रतिशत | ०.४२१ प्रतिशत | १७ चैतमा सञ्चालक समितिको निर्णय |
| साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड | २० प्रतिशत | ५ प्रतिशत | १८ माघमा नेप्सेमा सूचना |
| युनाइटेड इन्स्योरेन्स कं (नेपाल) | १० प्रतिशत | रू. १५९१५७८.९५ | ८ वैशाखमा सञ्चालक समितिको निर्णय |
| सूर्या लाइफ इन्स्योरेन्स | १० प्रतिशत | रू. ३४,५३,९४७ | १३ वैशाखमा सञ्चालक समितिको निर्णय |

### ■ डिप्रोक्सको बोनस सेयर

डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडले ३५ प्रतिशत बोनस सेयर वितरण गर्न हितग्राही खाताको माग गरेको छ। बुक क्लोज मितिसम्म भौतिक सेयर धारण गरेका सेयरधनीलाई सेयर अभौतिकीकरण गराई हितग्राही खाता उपलब्ध गराउन बैंकले सूचना जारी गरेको छ। २०७३ फागुन २३ गते सम्पन्न बैंकको वार्षिक साधारणसभाले सो बोनस सेयरको प्रस्ताव पारित गरेको थियो। बैंकको सेयर रजिस्ट्रार एस क्यापिटल लिमिटेड रहेको छ।

### ■ हकप्रदको रकम जम्मा गर्न गुडविलको आह्वान

गुडविल फाइनान्स लिमिटेडले १० बराबर ६ अनुपातमा हकप्रद सेयर निष्कासन गर्ने भएको छ। सो प्रयोजनका लागि कम्पनीले सञ्चालकलगायत आधारभूत सेयरधनीलाई आफ्नो हक–हिस्सामा पर्न आउने हकप्रद सेयरबापतको रकम जम्मा गर्न आह्वान गरेको छ। सेयरधनीले जेठ २८ गतेभित्र रकम जम्मा गर्नुपर्नेछ। २०७३ असोज २० गते सम्पन्न वार्षिक साधारणसभाले सो अनुपातमा हकप्रद सेयर निष्कासन गर्ने प्रस्ताव पारित गरेको थियो। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड रहेको छ।

### ■ कामनाको १०:३ हकप्रद

कामना विकास बैंक लिमिटेडले असार ११ गतेदेखि १० बराबर ३ अनुपातमा हकप्रद सेयर निष्कासन तथा बिक्री खुला गर्ने भएको छ। बैंकले प्रतिकित्ता रू. एक सय अंकित मूल्यका २४ लाख १३ हजार १ सय ३७ दशमलव ६० कित्ता हकप्रद सेयर निष्कासन गर्न लागेको हो। सो हकप्रद सेयरमा साउन १५ गतेसम्म आवेदन दिन सकिनेछ।
बैंकको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड रहेको छ। सेयरधनीले एनआइबिएल क्यापिटल, कामना विकास बैंकका सम्पूर्ण शाखा कार्यालय र नेपाल इन्भेष्टमेन्ट बैंकका विराटनगर, वीरगन्ज, बुटवल, नेपालगन्ज र धनगढी शाखाबाट आवेदन दिन सक्नेछन्।
हाल बैंकको चुक्ता पुँजी रू. ८० करोड ४३ लाख ७९ हजार २ सय दशमलव ७३ रहेको छ। हकप्रद निष्कासन तथा बाँडफाँडपश्चात् बैंकको चुक्ता पुँजी रू. १ अर्ब ४ करोड ५६ लाख ९२ हजार ९ सय ६० दशमलव ९५ पुग्नेछ। मंसिर १० गतेसम्म नेप्सेमा कारोबार भई कायम साबिक सेयरधनीले यस हकप्रदका लागि आवेदन दिन सक्नेछन्।

### ■ वेस्टर्नको हकप्रद हितग्राही खातामा

वेस्टर्न डेभलपमेन्ट बैंक लिमिटेडले १ बराबर १ अनुपातमा निष्कासन गरेको हकप्रद सेयर २०७३ कात्तिक १ गतेसम्म अभौतिकीकरण गराइसकेका सेयरधनीको हितग्राही खातामा जम्मा गरेको छ। अन्य सेयरधनीले जेठ २४ गतेदेखि बैंकको सेयर रजिस्ट्रारमा प्रमाणपत्र संकलन गर्न सक्नेछन्। बैंकको सेयर रजिस्ट्रार प्रभु क्यापिटल लिमिटेड रहेको छ।

### ■ नेकोको अवितरित हकप्रद बाँडफाँड

नेको इन्स्योरेन्सले जेठ २१ गते ९२ हजार ८ सय ९३ दशमलव ३२ कित्ता अवितरित हकप्रद सेयर बाँडफाँड गरेको छ। सोमध्ये सर्वसाधारण समूहतर्फको ८६ हजार ७ सय २९ दशमलव ५३ कित्ता र संस्थापक समूहतर्फको ६ हजार १ सय ६३ दशमलव ७९ कित्ता रहेको छ। बाँडफाँडमा नपरेको सेयरबापतको रकम फिर्ता भुक्तानी जेठ २६ गतेदेखि गरिनेछ। कम्पनीको सेयर बिक्री प्रबन्धक एनएमबी क्यापिटल लिमिटेड रहेको छ।

## हकप्रद सेयर बोलकबोल

| कम्पनीको नाम | संस्थापक सेयर | सर्वसाधारण सेयर | बोलपत्र पेस गर्ने सुरु मिति | बोलपत्र पेस गर्ने अन्तिम मिति | बिक्री प्रबन्धक |
|---|---|---|---|---|---|
| नागबेली लघुवित्त विकास बैंक लि. | २१,८८९ | | १९ जेठ | २६ जेठ | एनएमबी क्यापिटल मार्केट |
| भार्गव विकास बैंक | ३२,४६६ | ५२,७६५ | २६ जेठ | २ असार | एनएमबी क्यापिटल मार्केट |
| देवः विकास बैंक | ३,५६,२९७.३८ | | २८ जेठ | १ असार | एनआइबिएल क्यापिटल मार्केट्स |
| प्रभु इन्स्योरेन्स लि. | ५,३३४.४९ | ४२,७८८.३२ | ३१ जेठ | ७ असार | प्रभु क्यापिटल |

## साधारणसभा

| कम्पनी नाम | किसिम | स्थान | मिति | समय | प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | विशेष | होटेल निर्वाणको सभाहल, रुपन्देही | स्थगित | | ५० प्रतिशत हकप्रद सेयर निष्कासन गर्ने | ६ वैशाख मात्र |
| सेवा विकास बैंक लि. | विशेष | आम्रपाली कटेज एन्ड रेस्टुरेन्ट, बुटवल | २५ जेठ | ९:०० | कामना विकास बैंकसँग मर्ज, १:१ स्वाप रेसियो | |
| कामना विकास बैंक | विशेष | होटेल पोखरा ग्रान्ड, पोखरा | २५ जेठ | ९:०० | सेवा विकास बैंकसँग मर्ज, कामना सेवा विकास बैंकको नामबाट कारोबार गर्ने | |
| सेन्ट्रल फाइनान्स लि. | विशेष | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | २ असार | १:०० | ५० प्रतिशत हकप्रद सेयर, मर्जर/एक्विजिसन | १४ जेठ |
| गर्जाङ उपत्यका हाइड्रोपावर लि. | तेस्रो | कम्पनीको रजिस्ट्राई कार्यालय, बिजुलीबजार | ३ असार | ११:०० | लेखापरीक्षकको नियुक्ति | |
